# नेपालको संविधान (१): क्रान्ति होइन क्रमिक विकास

एसिया रिपोर्ट नं. २३३ — २७ अगस्ट २०१२

International Crisis Group
WORKING TO PREVENT
CONFLICT WORLDWIDE

# सम्पादकीय टिप्पणी

यो इन्टरन्यासनल क्राइसिस ग्रुपद्वारा प्रकाशित रिपोर्टको नेपाली अनुवाद हो। यसको आधिकारिक संस्करण अङ्ग्रेजीमा प्रकाशित छ। क्राइसिस ग्रुपका नेपालसम्बन्धी सबै रिपोर्टहरू वेबसाइट (www.crisisgroup.org) बाट डाउनलोड गर्न सकिन्छ। नयाँ रिपोर्टका प्रकाशित प्रति प्राप्त गर्न निम्न ठेगानामा सम्पर्क राख्नुहोलाः

nepal@crisisgroup.org

# विषयसूची

**सारसङ्क्षेप** ........ i
**१. परिचय** ........ १
**२. भिरमा खुट्टा** ........ ३
क. सङ्घीयताबाट निराश ........ ३
१. पेचिला बुँदाहरू ........ ३
२. हाउगुजी ........ ५
३. लक्षण थिएन ........ ६
४. संविधानसभाका अन्तिम केही हप्ता ........ ९
५. काठमाडौंबाहिरको मनोदशा ........ ११
ख. मे २७ का दिन के भयो ........ १२
१. वार्ताहरू ........ १३
२. विफलता ........ १४
३. सङ्कटकाल ........ १६
४. निर्वाचन ........ १७
**३. अर्को कदम** ........ १७
क. संविधानसभाको पुनःस्थापना ........ १९
ख. निर्वाचनको विकल्प ........ १९
१. चुनाव लोकतान्त्रिक र (सापेक्षिक रूपमा) वैध हुन्छ ........ २०
२. चुनाव हिंसात्मक हुनेछ र त्यसले परिवर्तन ल्याउँदैन ........ २१
३. निर्वाचनका चुनौतीहरू ........ २२
ग. सम्झौतावार्तालाई राम्रो बनाउने ........ २२
१. संविधानसभाका कार्यहरूको रक्षा ........ २३
२. बृहत्तर सम्झौतावार्तालाई सुधार्ने ........ २४
घ. थाती रहेका मुद्दाहरू ........ २४
ङ. जसका कारण खेल बदलिन सक्छ ........ २५
**४. अन्तर्राष्ट्रिय समुदाय** ........ २८
क. भारत र चीन ........ २८
ख. अन्य अन्तर्राष्ट्रिय खेलाडीहरू ........ २९
**५. निष्कर्ष** ........ ३२

अनुसूचीहरू
क) नेपालको नक्सा ........ ३३
ख) इन्टरन्यासनल क्राइसिस ग्रुपको परिचय ........ ३४
ग) इन्टरन्यासनल क्राइसिस ग्रुपले सन् २००९ देखि तयार पारेका एसियासम्बन्धी प्रतिवेदन र जानकारीहरू ........ ३५
घ) इन्टरन्यासनल क्राइसिस ग्रुपका कार्यकारी बोर्डका सदस्यहरू ........ ३७

International Crisis Group
WORKING TO PREVENT CONFLICT WORLDWIDE

एसिया रिपोर्ट नं. २३३ | २७ अगस्ट २०१२

# नेपालको संविधान (१): क्रान्ति होइन क्रमिक विकास

## सारसङ्क्षेप र सुझाउहरू

नेपालको शान्ति प्रक्रिया नयाँ संविधानसँगै टुङ्गिनुपर्ने थियो। तर चार वर्षको रगडा र विलम्बपछि पनि मुलुकका मुख्य राजनीतिक पार्टीहरू सङ्घीयताबारे सहमत हुन सकेनन्। सङ्घीयता ठूलो जमातको मुख्य माग रहँदै आएको छ। २७ मे २०१२ का दिन संसदको समेत भूमिका खेल्दै आएको संविधानसभाको म्याद नयाँ सविधान नआउँदै सकियो। पार्टीहरूले अब नयाँ संविधानसभाको चुनाव गर्ने हो वा पुरानै संविधानसभालाई बिउँताउने हो त्यसको निधो गर्नुपर्छ। तर यो काम त्यति सजिलो छैन। सङ्घीयताउपरको अलचिलो अडान, सहमतीय सरकारउपरको खिचातानी, बदलिँदो राजनीतिक परिदृश्य र साम्प्रदायिक ध्रुवीकरणका कारण अब गरिने छलफल र वार्ताहरू जटिल हुनेछन्, खासगरी विधायिका नभएको अहिलेको खतरनाक अवस्थामा। पार्टीहरूको चुक कहाँ भयो भनेर हिसाबकिताब गर्नैपर्छ र छलफल तथा सम्झौतावार्ताका आधार एवं शैलीलाई पनि फेर्नुपर्छ। त्यसो नगरेमा राजनीतिक वृत्तमा अन्य पक्षको अडान कठोर बन्दै जानेछ। वार्ता र निर्णय प्रक्रिया पारदर्शी तथा समावेशी हुनुपर्छ अनि नेताहरू झनै बढी जवाफदेही हुनुपर्छ। जनतालाई पूर्ण सुसूचित राखिनुपर्छ। यी सबै काम हुन सकेको अवस्थामा पनि अहिले उत्पन्न गहिरो सामाजिक खाडल पुरिन नसक्ला, तर त्यसबाट अतिवादी र उत्तेजना फैल्याउनेहरूको ठाउँ भने पक्कै कम हुनेछ।

नयाँ संविधान नबनेसम्म नेपाल सन् २००७ को अन्तरिम संविधान तथा सन् २००६ को विस्तृत शान्ति सम्झौताबाटै निर्देशित रहनेछ। ती दुई दस्तावेजमा जरो गाडेर बसेको असमानता (जो बहुधा पहिचानमा आधारित भेदभावका कारण उत्पन्न हुने गर्छ) लाई हटाउनका लागि राज्यको पुनर्संरचना गरिनुपर्नेमा जोड दिइएको छ। तर सङ्घीयता भनेको कोटा र अधिकारको हस्तान्तरण मात्र होइन। आफ्नो संस्कृति, इतिहास वा भाषालाई राज्य पोषित एकात्मक नेपाली पहिचानले पाखा लगाएको महसुस गर्ने समूहहरूका लागि सङ्घीयता उनीहरूको आत्मसम्मान र मान्यताको कुरा पनि हो। उच्च वर्ग र पहाडे माथ्लो जातका मानिसहरू तथा ऐतिहासिक रूपमा तिरस्कृत भनेर चिनिएका जातीय समुदायहरू एकअर्काप्रति आँखा तर्ने अवस्था सृजना भएको छ।

यो विभाजन पार्टीगत राजनीतिमा स्पष्ट देखिन्छ। नेपालका परम्परागत पार्टीहरूमा नेपाली काङ्ग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) वा एमाले हुन्, जसले सन् २००८ मा सम्पन्न संविधानसभाको चुनावमा क्रमशः दोस्रो र तेस्रो ठूला पार्टीको स्थान ओगटेका थिए। अहिले यी दुवै पार्टी प्रतिपक्षमा छन् र सङ्घीय संरचनामा पहिचानको अवधारणालाई स्वीकार्न मानिरहेका छैनन्। नयाँ सङ्घीयता र पहिचानको राजनीति विरोधी उच्च जात तथा वर्गको समर्थनबाट उनीहरू प्रोत्साहित भइरहेका छन्। गठबन्धन सरकारमा रहेका माओवादी पार्टी र तराईका मधेसी जनसङ्ख्यालाई प्रतिनिधित्व गर्ने विभिन्न पार्टीहरू मिलेर बनेको मधेसी मोर्चा संविधानसभाको चुनावबाट सबभन्दा ठूलो र चौथो पार्टीका रूपमा चुनिएका थिए। उनीहरूले अन्तरपार्टी जनजाति सभासदहरूको समूहसित मिलेर अनि सामाजिक आन्दोलनसित पनि जोडिएर सङ्घीयताको पक्षमा बलियो गठबन्धन बनाएका थिए। उनीहरूको भनाइमा कार्यसूची बहुमतले तय गर्दछ र उनीहरूसित त्यो बहुमत छ।

सार्वजनिक छलफल “जातीय राज्यहरू” स्थापना गर्नु हुन्छ हुँदैन भन्नेबारे केन्द्रित भएका छन्। सङ्घीयताप्रति शङ्काभाव राख्नेहरू जातीय आधारमा बन्ने राज्यलाई 'एकल जातीय एकाइ÷ भन्ने गर्छन् र त्यस्तो एकाइमा बहुसङ्ख्यामा रहेका बाहेक अन्य समूहको कुनै हैसियत नरहने तर्क अघि सार्छन्। तर संविधानसभामा भएका छलफलहरूबाट कुनै पनि राज्यमा कुनै एउटा समूहको पूर्ण बहुमत नहुने प्रस्ट भइसकेको छ। नेपालको विशिष्ट जातीय विविधताका कारण यस्तो हुनु सम्भव नै छैन। जनजातिको बाहुल्य रहेका राज्यहरूमा उनीहरूको राजनीतिक अग्राधिकार हुनुपर्छ भन्ने माग दुई वर्षअघि नै हराइसकेको छ। तैपनि मधेसी, जनजाति र माओवादीहरू राज्यको सङ्ख्या तोक्दा र तिनका नामाङ्कन र सीमाङ्कन गर्दा जनसाङ्ख्यिक हिसाबले र चुनावकै दृष्टिले पनि आफूलाई फाइदा होस् भन्ने चाहना राख्छन्। मधेसी पार्टीहरू भने राज्यका निकायहरूलाई समावेशी बनाउनुपर्नेमा पनि जोड दिइरहेछन्।

संविधानसभाको अवसान नयाँ र पुराना सबै पार्टीका नेताहरूले गुपचुप तरिकाले माथ्लो तहमा निर्णय लिने काम गरेबाट भयो। उनीहरूले आफ्नै पार्टीका सदस्यहरूको पनि वास्ता गरेनन् र विवादको विषय के हो त्यसलाई सार्वजनिक तवरमा बुझाउने प्रयास पनि गरेनन्। त्यसको साटो अतिवादी कुरा गरेर त्रास बढाउने काम मात्रै गरे। शान्ति प्रक्रियाको पूरै अवधिमा संविधान वा माओवादी सेना जस्ता गाँठी विषयहरू सरकार

बनाउन गरिने सौदाबाजीका सिकार बन्न गए, मूल मुद्दाहरूलाई सत्ता बाँडफाँडका विषयसित मिसमास पार्ने काम भयो।

शान्ति प्रक्रिया धेरै हदसम्म पार्टीहरूबीच सहमति कायम रहनुपर्छ भन्ने थाकिसकेको विचारमा आधारित थियो। संविधान नबनेसम्म बृहत्तर समर्थन सुनिश्चित गर्नलाई सबै ठूला निर्णयमा ठूला पार्टीहरूको सहमति हुनुपर्ने थियो। यसले गर्दा कहिलेकाहीं स्थिति हातबाहिर जानबाट रोकिएको छ, तर यसबाट लोकतान्त्रिक सहभागिताको अवमूल्यन पनि हुन पुगेको छ। महत्त्वपूर्ण विषयहरूउपर संविधानसभामा छलफल नचलाई टाउके नेताहरूले आपस्तमा बसेर शान्ति प्रक्रिया जोगाउने नाउमा आफ्ना निजी भविष्यलाई दृष्टिगत गरेर वा सरकारमा भाग पाउने हिसाबले अपूर्ण र अव्यावहारिक लेनदेन गरेका छन्। पार्टीभित्रको गहिरो असन्तुष्टिलाई पनि छोपछाप पारियो। यस प्रकारको प्रवृत्तिलाई दातृ निकायका गतिविधिबाट पनि नजानिदो किसिमले सहयोग पुग्न गएको छ।

सन् २००८ को चुनावमा कुनै एक पार्टीले पूर्ण बहुमत ल्याउन नसकेको हुनाले अस्थिर गठबन्धनको राजनीतिले प्रश्रय पायो र पार्टीहरूले सरकार गठनको कार्यलाई मात्र नभई संवैधानिक मुद्दाहरूलाई पनि किचलोमा पारे। सङ्घीयताबारे चर्को ध्रुवीकरण भएकाले गर्दा २७ मे २०१२ का दिन जुनसुकै खालको संविधान आएको भए तापनि त्यसले हिंसात्मक प्रतिवाद निम्त्याउन सक्ने थियो। अहिले स्थिति शान्त छ, तर निहुँ बाँकी नै छ। अगाडि कसरी बढ्ने त्यसबारे सहमति हुन सकेको छैन र सङ्घीयता सम्बन्धमा न्यूनतम साझा समझदारीको पनि अभाव छ।

संविधानसभाको म्याद सकिनासाथ नेपालले विधायिका पनि गुमायो। निर्वाचित संसद नहुनु र त्यसमाथि सरकार र प्रतिपक्षी पार्टीहरूमा विश्वासको सङ्कट रहनु स्थिरताका लागि राम्रो कुरा होइन। सबै पार्टीहरूका लागि संविधान लेखन कार्यको पुनराम्भ कसरी गर्ने भन्ने कुरा गठबन्धन सरकार र चुनावको जोडघटाउसित अविभाज्य तवरले गाँसिएको छ। हुन पनि संविधानसभाको अन्त्य भएपछि पार्टीहरूमाझ भएका छलफलहरू सरकार किन, कहिले र कसरी फेरिने हो भन्ने विषयको वरिपरि नै घुमिरहेका छन्। सरकारलाई चुनौती दिनका लागि प्रतिपक्षले आलङ्कारिक पदका राष्ट्रपतिको टेको खोजेको खण्डमा संवैधानिक सङ्कट आउन सक्छ। अहिले राजनीतिक सन्दर्भ बदलिरहेको छ; पार्टीहरू नयाँ कार्यसूची तथा गठबन्धनको खोजीमा छन् र नयाँनयाँ पात्रहरू देखा परिरहेका छन्। पार्टीहरूमा चर्को मतभिन्नता विद्यमान छ (माओवादीहरू त फुटि नै सके) र गठबन्धनहरूमा पनि अन्तरविरोध बढिरहेको छ।

पहिचानमा आधारित तर मलुवा खालको चाहनालाई समेत पूरा नगर्ने हो भने ध्रुवीकरणले झनै उग्र रूप लिनेछ र मर्कामा पर्ने डर भएका समूहहरूको त्रास निवारण नगर्ने हो भने पनि नतिजा त्यही हुनेछ। विवाद के कुरामा परेको हो त्यो बुझाउनाले त्यसबारे प्रस्टता त आउँछ, तर समस्याको समाधान भने भइहाल्दैन। चुनावमा जाने वा संविधानसभालाई नै बिउँताउने जे निर्णय गरे पनि पार्टीहरूले सबैलाई मान्य हुने मार्गचित्र प्रस्तुत गर्न सक्नुपर्छ। त्यसका लागि उनीहरूले पहिले गरिसकेका कामको सुरलाई समातेर नै अघि बढ्नुपर्ने हुन्छ। सत्ता साझेदारीबारे उनीहरूले आपस्तमा ग्यारेन्टीका साथ कुरा मिलाउनुपर्ने हुन्छ। चुनावले अहिलेको गाँठालाई फुकाल्न सघाउँछ, तर चुनाव यथार्थमा सङ्घीयताउपरको जनमत सङ्ग्रहसरह हुनेछ र हिंसाको सम्भावना पनि टड्कारो छ। कम्तीमा अहिले नेपाली राजनीतिमा राजनीतिक मुद्दाले महत्त्व पाएको छ। मूलधारका पार्टीहरूले मुलुकको जातीय जटिलताप्रति राम्रोसित विचार पुऱ्याउनुपर्ने अवस्था छ । किनभने राजनीतिक र सामाजिक शक्तिसन्तुलनको अवस्था पनि कुनै एउटा पार्टीले एउटा पूरै समूहको भोट पाउन सक्ने खालको छैन।

## सुझाउहरू

*सामाजिक ध्रुवीकरण र लोकतन्त्रको नोक्सानीलाई घटाउन र त्यसलाई सम्बोधन गर्न निर्णय प्रक्रियामा परिवर्तन ल्याउनुपर्छ र त्यसलाई पूरै पारदर्शी बनाउनुपर्छ।*

### तीन ठूला पार्टीहरू माओवादी पार्टी, नेपाली काङ्ग्रेस, नेकपा (एमाले) साथसाथै मधेसी मोर्चाका लागिः

१. नयाँ संविधानसभाको निर्वाचन गर्ने वा पुरानो संविधानसभालाई बिउँताउने र बिउँताउने हो भने कहिले बिउँताउने हो सोबारे ससाना पार्टीहरूसित समेत सल्लाह गरी सकेसम्म छिटो निर्णय गर्ने।

२. विस्तृत शान्ति सम्झौताप्रति पुनः प्रतिबद्धता प्रकट गर्ने र राजनीतिक परिदृश्यमा आएको परिवर्तनलाई स्वीकार्दै थारू, दलित, मुस्लिम र महिलाका सङ्गठनहरूसाथै उच्च जात तथा राजतन्त्रवादी हिन्दूहरू जस्ता अहिले सामुन्ने आएका, वास्ता नगरिएका वा जागृत हुँदै गरेका समूहहरूलाई छलफलमा समावेश गर्ने।

३. विधायिका नभएको शून्यताको स्थिति चलिरहनाले खतरनाक परिणाम आउन सक्छ भन्ने तथ्यलाई स्वीकार्दै सरकारको गठन तथा सञ्चालनलाई संविधान लेखन कार्यबाट निम्न कार्य गरेर छुट्याउनेः

   (क) चालू आर्थिक वर्षका लागि अहिलेको आंशिक बजेटभन्दा पर्तिर गएर पूर्ण बजेट ल्याउन सहमत हुने;

   (ख) चुनाव वा संविधानसम्बन्धी निर्णय गर्न बनाइएको अपरिवर्तनीय समयतालिकामा सहमत हुने;

   (ग) सरकार गठन, चुनाव र सङ्घीयतासम्बन्धी सम्झौता (जसका लागि सबै पार्टीहरूले आफ्ना केही अडान छाड्नुपर्ने हुन्छ) कुन क्रममा राख्ने हो त्यसको ठेगान गर्ने र यसका लागि सम्भव भएमा मन्त्रिमण्डल वा प्रधानमन्त्री पालैपालो बनाउने गरी सर्वदलीय सरकारको ढाँचा तयार पार्ने, र

   (घ) विरोध प्रदर्शन र त्यसउपरको सरकारी प्रतिवादबारे आचारसंहिता बनाई त्यसको पालना गर्ने।

४. नयाँ चुनाव भएको खण्डमा निम्न कार्य गरेर हिंसाको खतरालाई घटाउनेः

   (क) विद्वेषपूर्ण भाषण दिन बन्द गर्ने र सञ्चारमाध्यममा लम्बेतान फलाको गर्नुको साटो आपस्तमा प्रत्यक्ष छलफल गर्नेबारेको आचारसंहितामा हस्ताक्षर गर्ने;

(ख) चुनाव प्रचार सुरु हुनुअघि मस्यौदा प्रक्रियामा पहिले संलग्न भएका सभासद, प्राज्ञिक व्यक्तिहरु र वकिलहरू सामेल गराएर सङ्घीयताबारे सार्वजनिक जानकारी र परामर्श कार्यक्रम सञ्चालन गर्ने;

(ग) अन्य पक्ष र तिनका स्थानीय प्रतिनिधि तथा कार्यकर्ताहरूसित सम्पर्कमा बस्ने र पार्टीका सार्वजनिक कार्यक्रमहरूलाई एकअर्कासित बाझिन नदिने;

५. नयाँ वा बिउँताइएको संविधानसभाको कार्यसञ्चालन सुचालू राख्नका लागि पूर्ण सदनमा छलफल चलाउनेबारे, कार्यविधिलाई लागू गर्नेबारे, समयतालिकाबारे, गयल हुनेहरूलाई निष्कासनको हदसम्म दण्डसजाय दिनेबारे, उपसमितिका सभापतिहरू छान्नेबारे तथा पार्टी ह्वीप जारी गर्न नपाउनेबारे समुचित योजना बनाउने।

६. निम्न कार्य गरेर सम्झौतावार्ता र निर्णय प्रक्रियामा सुधार ल्याउनेः

(क) राज्य पुनर्संरचना आयोगको प्रतिवेदनको भूमिका र सरकार तथा विभिन्न आन्दोलनकारी समूहहरूबीच भएका सहमतिहरूका हैसियतबारे सकेसम्म छिटो सहमति खोज्ने;

(ख) सम्झौतावार्तालाई सार्वजनिक जानकारीमा ल्याउने, आवश्यक परे टेलिभिजनबाट समेत प्रसार गर्ने;

(ग) जनगणनाका नयाँ तथ्याङ्कहरूलाई ध्यानमा राख्ने;

(घ) प्राविधिक र प्राज्ञिक सहयोगबाट फाइदा पुग्ने भए त्यस्तो सहयोग लिने;

(ङ) "विशेषज्ञ समिति" वा आयोगहरूको राजनीतिकरण हुने भएको र उनीहरू आम जनताबाट पनि टाढा रहन सक्ने हुनाले निर्णय लिने कामलाई उनीहरूका भरमा नछाड्ने।

७. समूहहरूको वर्गीकरण, कोटाका लागि पूरा गर्नुपर्ने सर्तहरू तथा सङ्घीयता र समावेशीकरणबीचको सम्बन्ध लगायत समावेशीकरणबारे नीतिगत छलफलका लागि परामर्श थाल्ने।

८. आफूमाझको असन्तुष्टि र गुटबन्दीलाई सम्बोधन गर्ने।

### नेपाली काङ्ग्रेस र एमालेका लागिः

९. वर्तमान सङ्कटको शीघ्र समाधाननिम्ति निम्न कार्य गरेर योगदान दिनेः

(क) सङ्घीयता र समावेशीकरणबारे आफ्ना गुदी कुरालाई प्रस्ट्याउने;

(ख) पार्टीका जिल्ला सङ्गठनहरूसित झन् बढी लोकतान्त्रिक तरिकाले संवाद गर्ने; र

(ग) आवश्यक परे अध्यादेशहरूको विरोध पनि गर्ने तर सरकार चलाउन नभई नहुने अध्यादेशहरू आउन दिने।

### मूल माओवादी पार्टीका लागिः

१०. नयाँ पार्टीसित देशभरि रहेका सम्पत्तिबारे छलफल गर्न तयार भएर तथा स्थानीय तहका कार्यकर्ताहरूसितको संवाद खुला राखेर द्वन्द्व कम गर्ने।

### नयाँ माओवादी पार्टीका लागिः

११. अहिलेको गतिरोध सम्बन्धमा पार्टीको धारणा र कार्यक्रम विलम्ब नगरी प्रस्ट पार्ने।

१२. मूल पार्टीसित देशभरि रहेका सम्पत्तिको बाँडफाँड सम्बन्धमा कुरा गर्न राजी हुने।

### राजतन्त्रवादी अथवा हिन्दूवादीहरूका लागिः

१३. विभाजनकारी कट्टरपन्थी धार्मिक कार्यसूचीको प्रयोग नगर्ने।

### नेपाल सरकारका लागिः

१४. विश्वासलाई कायम राख्दै निम्न कार्यहरू गरेर निर्णयका लागि उपयुक्त वातावरण सृजना गर्नेः

(क) प्रतिपक्षसित निरन्तर, खुला र लचिलो संवाद कायम राख्ने;

(ख) विरोध प्रदर्शनउपरको प्रतिवादलाई सन्तुलित र संयमित राख्ने; र

(ग) शासकीय कार्यमा ध्यान दिने, तर विधायिका नभएको अवस्थामा जवाफदेहीबारे उठ्ने चासोप्रति सजग रहने।

### नेपालका राष्ट्रपतिका लागिः

१५. आफ्नो पदअनुरूप हरेक प्रकारका स्वार्थका कुरा सुन्न तत्पर रहेको विश्वास दिलाउने र आफ्नो आलङ्कारिक पदलाई सरकार वा प्रतिपक्षको विरोधमा उपयोग गराउने दबाबलाई थेग्ने।

### न्यायपालिकाका लागिः

१६. राजनीतिक प्रक्रियामा संलग्न हुनबाट जोगिने र न्यायिक संयम उपयोग गर्ने।

### नेपाली सेनाका लागिः

१७. कुनै पनि पात्रलाई समर्थन गर्ने वा सरकारहरूको वैधानिकताबारे बोल्न चाहनेलाई काबुमा राख्ने।

### भारत र चीनका लागिः

१८. स्वार्थी समूहहरूको दबाबमा नपर्ने, बरु सबै पार्टीहरूबीच संवाद गराउन प्रोत्साहित गर्ने।

१९. संवैधानिक मामिलमा आफैंले निर्णय लिन सक्ने गरी नेपाली पात्रहरूलाई ठाउँ दिने।

### बेलायत, संरा अमेरिका र युरोपेली सङ्घ, दाताहरू तथा संयुक्त राष्ट्रका लागिः

२०. विस्तृत शान्ति सम्झौताको परिधि र शान्ति तथा विकास रणनीतिको ढाँचाभित्र रही अझ बढी पारदर्शी भई कार्य गर्ने। त्यसका लागिः

(क) कार्यक्रम सञ्चालनका लागि आवश्यक जातीयता, सामाजिक सेवाहरूमा पहुँच र गरिबीको दरबीचको अन्तरसम्बन्धबारेको विश्लेषणलाई नलुकाउने;

(ख) दाताहरू विस्तृत शान्ति सम्झौतासित असङ्गत परिणाम चाहन्थे भन्ने चिन्ता चासोलाई सम्बोधन गर्ने;

(ग) नेपाली साझेदार सङ्गठनहरूलाई विश्वासमा लिने, तर उनीहरूबाट विस्तृत शान्ति सम्झौताका प्रतिबद्धता र अन्तर्राष्ट्रिय कानुन विपरीत कार्य गर्न दबाब आएमा सहयोग रोक्का गर्ने; अनि

(घ) सम्झौतावार्ता वा विश्वास जगाउने उपक्रमहरू भए पनि ती पारदर्शी नभएमा वा ठूला पार्टीका केही नेताहरूबाट मात्रै परिचालित भएमा त्यस्ता कार्यलाई सहयोग नदिने।

**काठमाडौं/ब्रसेल्स,** २७ अगस्ट २०१२

International Crisis Group
WORKING TO PREVENT CONFLICT WORLDWIDE

एसिया रिपोर्ट नं. २३३ | २७ अगस्ट २०१२

# नेपालको संविधान (१): क्रान्ति होइन क्रमिक विकास

## १. परिचय

संविधानसभाको २७ मे २०१२ मा भएको अवसानले दुईओटा बडो महत्त्वपूर्ण मुद्दातर्फ ध्यान खिचेको छ। एउटा त मुख्य राजनीतिक पार्टीहरूका बलमिचाइ र अहमत्याइँको विध्वंसात्मक शक्ति। अर्कोचाहिँ सङ्घीयता र समावेशीकरणका सन्दर्भमा नेपालले बेहोर्नु परेको चुनौतीहरूको जटिलता। सैद्धान्तिक हिसाबले प्रायः सबै नै आफूहरू न्यायपूर्ण र समतामूलक समाजको पक्षमा रहेको दाबी गर्छन्। व्यवहारमा भने त्यस्तो अवस्था सृजना हुनाका लागि जुन राजनीतिक, सामाजिक र व्यक्तिगत परिवर्तन हुनु आवश्यक छ त्यो धेरैलाई पचाउन गाह्रो पर्नेछ।[१]

सङ्घीयतालाई एकैसाथ शक्ति हस्तान्तरण हुने र नेपालका धेरै जातीय समूहहरूका इतिहास र संस्कृतिलाई मान्यता दिने उपायका रूपमा हेरिएको छ। यी जातीय समूहहरूको भनाइमा नेपालमा प्रभुत्वशाली रहेको वृतान्तले पहाडे उच्च जातका उच्च वर्गका ऐतिहासिक अनुभवलाई आदर्शका रूपमा स्थापित गरेको छ र सामाजिक समूहहरूबीच असमानता खडा गर्ने संरचनागत कारणहरूलाई बेवास्ता गर्ने गरेको छ। यस मतमतान्तरमा "समावेशी" को अर्थ राज्यका निकायहरूमा अत्यन्त थोरै प्रतिनिधित्व भएका वा जानाजान समावेश नगरिएका[२] जनजाति, मधेसी, दलित र अन्य समूहहरूको अझ बढी र उल्लेखनीय प्रतिनिधित्व हो। माओवादी, मधेसी पार्टीहरू तथा मूलधारका पार्टीहरूभित्र र ती पार्टीहरूभन्दा बाहिर देखा परेका प्रभावशाली पात्रहरू "पहिचानमा आधारित सङ्घीयता" प्रबल पक्षधर रहिआएका छन् अथवा उनीहरू नीतिगत उपायहरूद्वारा सङ्घीयताउपरको आफ्ना चिन्ता-चासोलाई सम्बोधन गरियोस् भन्ने चाहन्छन्।

नेपालका परम्परागत नेपाली काङ्ग्रेस र एमाले प्रजातान्त्रिक पार्टीहरू पहिचानलाई सङ्घीयता र समावेशीकरणसम्बन्धी विवादको केन्द्रमा राख्ने कुराप्रति शङ्कालु छन्। उनीहरूको भनाइमा त्यसो गर्नाले नेपाली समाजमा विभाजन आउने खतरा छ र त्यसले राज्यलाई कमजोर तुल्याउँछ। यी दुई पार्टी तथा सङ्घीयताको विरोध गर्नेहरूका तर्कमा पहिचानले नभई गरिबीले कोही बहिष्कृत हो होइन भन्ने कुराको निर्धारण गर्दछ। उनीहरू सङ्घीयतालाई प्राथमिक तवरमा शक्तिको हस्तान्तरणसित सम्बन्धित प्रशासनिक बन्दोबस्तका रूपमा हेर्दछन्। कुनै व्यक्तिको राजनीतिक प्राथमिकता र सङ्घीयताप्रति उसका धारणा ऊ कुन सामाजिक समूहको सदस्य हो भन्ने कुराबाट निर्धारण हुँदैन। तर प्रस्ट धार देखिएअनुसार नेका र एमालेले उच्च वर्ग र उच्च जातको स्वार्थलाई प्रतिनिधित्व गरिरहेका पाइन्छन् र अन्य पार्टीहरूले भने बढी प्रगतिशील एजेन्डा बोकेका देखिन्छन्। यस्तो बिल्ला भिराउनु हचुवा जस्तो देखिन्छ, तर पनि यसबाट नेपाली समाजमा कति गहिरो विभाजन हुन सक्छ भन्ने कुरा प्रकट हुन्छ।

संविधान लेखन प्रक्रिया फेरि कसरी सुरु हुन्छ त्यो अहिले प्रस्ट छैन। संविधानसम्बन्धी सम्झौतावार्ता कसरी थाल्ने सो कुराको निर्णय सरकार परिवर्तनको निर्णयसित गुजुल्टिएर जोडिएको छ। २७ मे २०१२ मा

[१] शान्ति प्रक्रिया, संविधान लेखन, सङ्घीयतासम्बन्धी छलफल र माओवादी पार्टीका बारेमा क्राइसिस ग्रुपका यसअघिका रिपोर्टहरूका लागि हेर्नुहोस् क्राइसिस ग्रुप एसिया रिपोर्ट नं. १२८, *नेपालको संवैधानिक प्रक्रिया,* २६ फेब्रुअरी २००७; नं. १३२, *नेपालका माओवादीहरूः विशुद्धतावादी कि व्यवहारवादी,* १८ मे २००७; नं. १५६, *नेपालको नयाँ राजनीतिक परिदृश्य,* ३ जुलाई २००८; नं. १९९, *नेपालः पहिचानको राजनीति र सङ्घीयता,* १३ जनवरी २०११; नं. २११, *नेपालः दुइटा सेनाबाट एउटा,* १८ अगस्ट २०११; र क्राइसिस ग्रुप एसिया ब्रिफिङहरू नं. १२०, *नेपालको लागछोड शान्ति प्रक्रिया,* ७ अप्रिल २०११ र नं. १३१, *नेपालको शान्ति प्रक्रियाः टुङ्गिने छाँट देखिएको छ,* १३ डिसेम्बर २०११।सन् २००७ देखि यताका यी सबै आलेखहरूको नेपाली अनुवादको पूर्ण पाठ www.crisisgroup.org/nepali मा उपलब्ध छन्। विस्तृत शान्ति सम्झौता www.un.org.np/node/10498 मा र नेपालको अन्तरिम संविधान, २०६३ http://ccd.org.np/new/index.php?action=resources मा उपलब्ध छ।

[२] यस प्रतिवेदनको प्रयोजनका लागि "जनजाति" शब्दले समग्रमा धेरै सङ्ख्यामा रहेको विशेषतः पहाडका जातीय समूहलाई जनाउँछ, जो आफूलाई हिन्दू वर्ण व्यवस्थाभन्दा बाहिरको ठान्दछन् र आफ्नै भाषा, संस्कृति र कतिपय अवस्थामा ऐतिहासिक भूमि समेत भएको दाबी गर्दछन्। सन् १९९० को दशकदेखि "जनजाति"को परिभाषामा उनीहरू नेपालका आदिवासी भएको दाबी पनि समेटिँदै आएको छ। "मधेसी" शब्दले समग्रमा तराई क्षेत्रमा बसोबास गर्ने हिन्दू जातका जनसङ्ख्यालाई बुझाउँछ। उनीहरू मैदानका भाषा बोल्छन् र उनीहरूका आर्थिक, सामाजिक र पारिवारिक सम्बन्ध सिमानापारि उत्तर भारतमा बस्ने मानिसहरूसँग छ। "थारू" तराई मैदानका आदिवासी समुदाय हुन्। यस रिपोर्टमा प्रयोग भएका अन्य शब्दावलीमा "दलित" पर्दछ, जो उच्च जातकाले "अछुत" मान्ने हिन्दू समूहभित्र पर्दछन्। उनीहरू पहाड र तराई दुवै ठाउँमा पाइन्छन् तैपनि धेरै मात्रामा तराईमा बस्दछन्। "उपल्ला जात" भन्नाले पहाडे मूलका हिन्दू उच्च जातका बाहुन र छेत्रीहरूलाई जनाउँछ। त्यसै गरी मधेसको हिन्दू जनसङ्ख्यामा पनि उपल्ला जातहरू छन् तर पहाडे उपल्लो जातको झैं प्रभुत्वशाली संस्कृतिसित उनीहरू जोडिएका छैनन्। पहिचानको राजनीतिका बारेमा थप जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालः पहिचानको राजनीति र सङ्घीयता,* माथि उल्लेखित।

संविधानसभाको म्याद सकिँदा नेपालले संसद पनि गुमायो। किनभने एउटै निकायबाट दुवै काम सम्पन्न भइरहेको थियो। अहिले माओवादी-मधेसी गठबन्धनले काम चलाउ सरकार चलाइरहेछ र नेका तथा एमाले प्रतिपक्षको नेतृत्व गरिरहेछन्। प्रधानमन्त्री बाबुराम भट्टराईले नोभेम्बर २०१२ मा चुनाव गर्ने भनेर गरेको घोषणा औपचारिक तवरमा रद्द हुनुपर्नेछ, किनभने पार्टीहरूमा अहिलेसम्म मतैक्यता हुन सकेको छैन र निर्वाचन आयोगलाई पनि तयारी गर्न र कानुनी प्रावधान पूरा गर्न समय चाहिने छ। चुनाव हुन सक्ने अर्को समय भनेको सन् २०१३ को मार्च र मे महिनाको बीचमा हो। केही नेताहरू पार्टीहरूको सहमतिमा संविधानसभालाई पुनर्जीवित गरिनुपर्छ भन्छन्। उनीहरूको भनाइमा कुनै चुनाव हुनुअघि त्यस्तो सहमति हुन सम्भव छ र नयाँ संविधान पुनःस्थापित संविधानसभाबाट जारी गर्न सकिन्छ। त्यसो भएको खण्डमा अर्को चुनाव नयाँ संसदका लागि हुनेछ।

तर यो लडाइँ सङ्घीयताका पक्षधर र सङ्घीयता विरोधी गठबन्धनबीचको मात्र होइन। सत्ताधारी गठबन्धन र प्रतिपक्ष पार्टीहरूबीच पनि गहिरो विभाजन विद्यमान छ। सत्तामा रहेको माओवादी पार्टी र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा अथवा मधेसी मोर्चा सत्तामा मात्र नभई सङ्घीयताको सवालमा पनि एक साथ उभिएका छन्। त्यसका साथै उनीहरूलाई साथ दिन सक्ने जनजाति मित्रशक्तिहरू नेका र एमालेभित्र पनि छन्। फुटेर बनेको माओवादी पार्टी र बृहत् मधेसी मोर्चा दुवै थरी सङ्घीयताको पक्षमा छन् र यस मामिलामा सत्ताधारी माओवादी र मधेसी मोर्चाभन्दा आफूलाई सच्चा र पक्का भएको देखाउँछन्। तर उनीहरूको प्राथमिकता भनेको अहिलेको सरकार ढाल्नु हो, त्यस अर्थमा उनीहरू नेका र एमालेको लडाइँमा काँध हालिरहेका छन्। पार्टीहरूभित्रै पनि यस्तै किसिमका अन्तरविरोधहरू छन्।

यस आलेखमा संविधान लेखन प्रक्रिया पुनरारम्भ गर्नका लागि के के विकल्पहरू उपलब्ध छन् तिनबारे चर्चा गरिएको छ। यसमा पहिले सङ्घीयता तथा समावेशीकरणउपरको मतमतान्तरका प्रक्रिया तथा सारबारे छलफल गरिएको छ र विवादित मुद्दा तथा पार्टीहरूका व्यवहार र उनीहरूबाट भएका गल्तीहरूको पनि विश्लेषण गरिएको छ जसका कारण प्रक्रियामा व्यवधान पुग्न गएको हो। त्यसपछि यस रिपोर्टले चुनावको विकल्प रोज्दाखेरिका समस्या र सम्भावनाहरूसाथै संविधानसभालाई पुनर्जीवित गर्दाखेरिको अवस्थालाई पनि विश्लेषण गरेको छ। पार्टीहरूले दुईमध्ये जुनै बाटो रोजे पनि उनीहरूले झेल्नुपर्ने चुनौतीहरूलाई पनि यसमा देखाइएको छ र यस खेललाई बदल्न सक्ने सम्भावित खेलाडीहरूको भूमिकातर्फ पनि इङ्गित गरिएको छ।

यो रिपोर्ट सँगसँगै निस्केको *नेपालको संविधान (२): विस्तार हुँदै गएको राजनैतिक गणित* शीर्षकको अर्को रिपोर्टले चाहिँ स्थापित पार्टीहरूको फुट, नयाँ राजनीतिक शक्तिहरूको उदय तथा सङ्घीयताको पक्ष र विपक्षमा विभिन्न पात्रहरूद्वारा गठबन्धनको प्रयास भइरहेबाट बदलिरहेको राजनीतिक परिदृश्यलाई पर्गेलेको छ। धेरैलाई कार्यसूची फेला पार्न नै हम्मे परिरहेको छ अथवा उनीहरूलाई आफ्ना प्रतिस्पर्धीहरूभन्दा आफूलाई छुट्टै देखाउन गाह्रो भइरहेको छ। यी प्रयासहरूको प्रभाव सङ्घीयताको बहसमा पनि परिरहेको छ। पार्टीहरू, तिनका गुट उपगुटहरू तथा व्यक्तिगत तवरमा नेताहरू चुनावी गणितको जोडघटाउप्रति जति चिन्तित छन् त्यति नै राजनीतिक विचारधाराप्रति पनि। तर उनीहरूले आखिरमा गएर जुन अडान लिनेछन् त्यो विचारधाराभन्दा अरू थोकबाटै निर्देशित हुनेछ। उनीहरूका क्रियाकलापलाई व्यक्तित्वको द्वन्द्व र गुटबन्दीले पनि असर पार्नेछ। यी दुवै रिपोर्टहरूमा विभिन्न मुद्दाहरूको अन्योन्याश्रित सम्बन्ध, राजनीतिक व्यवहार र पात्रहरूको निरन्तर परिवर्तनशील सन्तुलनबारे पनि विवरण दिइएको छ। आखिर यिनै कुराहरूबाट नेपालले संविधान पाउँछ पाउँदैन, पाए कहिले पाउँछ र कस्तो खालको पाउँछ भन्ने ठेगान हुनेछ।

यस प्रतिवेदनमा परेका नीतिगत सुझाउहरू कतिपय विषयमा सम्झौतावार्ता सम्बन्धी आधारभूत निर्देशिका र संविधानसभाका नियमावलीहरूका पुनरावृत्ति हुन्। तिनको कार्यान्वयन गर्नलाई कुनै पनि पात्रहरूले कुनै खास विकल्प रोजिरहन पर्दैन, केवल सम्झौतावार्तामा बढी प्रस्ट र समावेशी भए पुग्छ। यो अपेक्षाकृत किफायती उपाय हो। तर तिनका लागि होइन जसको प्राथमिक उद्देश्य नै काम बिथोल्ने हुन्छ। पार्टीहरूका हकमा तत्कालका लागि प्राथमिकताहरू प्रस्ट छन्ः विभिन्न स्वार्थ बोकेका समूहहरू र आम जनतालाई स्वीकार्य हुने पत्यारिलो मार्गचित्र तयार पार्ने र खतरनाक रूपले एकाङ्गी तथा अपरिवर्तनीय विकल्प सार्नेहरूका सामु भरपर्दो विकल्प पस्किने।

यस रिपोर्टका लागि अनुसन्धान कार्य सन् २०१२ को मे र अगस्ट महिनामा काठमाडौंमा गरिएको थियो। यस सिलसिलामा विभिन्न तहका राजनीतिक पात्रहरू लगायत वरिष्ठ नेताहरू, कार्यकर्ता र सङ्गठनकर्ताहरू साथै पत्रकार र अन्तर्राष्ट्रिय समुदायका सदस्यहरूसित पनि अन्तर्वार्ता गरिएको थियो।

## २. भिरमा खुट्टा

पहिले पहिलेझैं नेपालका राजनीतिज्ञहरूले गाह्रा-अपठ्यारा विषयहरूलाई अन्तिम समयसम्मै त्यसै छाडिदिए। वर्षौंको ढिलाइपछि सङ्घीयताबारे संविधानसभाले म्याद सकिनु केही महिनाअघि मात्र छलफल गर्न थाल्यो। त्यसभन्दा अगाडि संविधानसम्बन्धी छलफल माओवादी लडाकूहरूको भविष्यसित मात्रै जोडिएका हुन्थे र माओवादी लडाकूहरू सन् २०१२ को अप्रिलसम्मै पार्टीको कमान्डअन्तर्गत थिए।[३] लडाकूहरूको मुद्दा किनारा लागेपछि सङ्घीयताउपरको छलफल अपरिहार्य बन्यो। चार पटक म्याद थपिएको संविधानसभाको चार वर्षे कार्यकालको अन्त्यतिर पार्टीहरूमाथि संविधान पूरा गर्न विभिन्न स्वार्थ बोकेका समूहहरू र आम जनताको दबाब बढ्न थाल्यो। सङ्घीयताको पक्ष र विपक्षमा पार्टीहरूभित्र रहेका तथा विभिन्न खेमा र समूहका पात्रहरूले भविष्यको बाटो बदल्ने मौका छोपे। यो लचकता देखाउने अवसर हुन सक्थ्यो, तर अडानहरूमा कठोरता बढ्न गयो। पहिलेका वचनबद्धताहरू फेरिए र नयाँ गठबन्धनहरू देखा परे।

आखिरमा संविधानसभाको अन्त्य भयो, किनभने दुवै पक्षलाई के लाग्यो भने अझ ठाउँ छाड्नाले संविधान अर्थहीन हुन जानेछ र एउटा पक्षलाई के पनि लाग्यो भने अर्को पक्ष संविधानसभा बलियो भएकाले अन्तिम समयमा कुनै न कुनै सम्झौता हुनेछ। "माओवादीहरूले कुनै पनि हालतमा संविधानसभा जोगाउने छन् भन्ने हामीलाई लागेको थियो", एमालेका एक जना वरिष्ठ वार्ताकारले बताए। उनको यस भावनाप्रति नेकाका केही नेताहरूले पनि समर्थन जनाए।[४]

### क. सङ्घीयताबाट निराश

#### १. पेचिला बुँदाहरू

माओवादी, मधेसी र जनजाति समूहहरूमा धेरैजसोले केही गाँठी कुरा उठाइका छन्।[५] उनीहरूले राज्यका सिमानाको रेखाङ्कन गरिँदा सीमान्तीकृत समूहहरूलाई जनसाङ्ख्यिक र सके चुनावी फाइदा समेत पुग्ने हिसाबले गरिनुपर्छ भन्ने माग राखेका छन्। यसको अर्थ उच्च जातका बाहुन र छेत्रीहरूभन्दा आफ्नो हात केही माथि परोस् भन्ने हो। अहिलेका धेरै प्रशासनिक एकाइहरूमा बाहुन र छेत्रीहरूको वर्चश्व रहेको छ। नयाँ राज्यहरू बनेपछि जिल्लाहरू पनि विभाजित हुनेछन्। नेपालीबाहेक अन्य भाषा बोल्नेहरूले आफ्ना राज्यमा आफ्नै मातृभाषामा सरकारी कामकाज गर्न पाउनेछन्। यसबाट नेपालका अन्य भाषाहरूलाई विकसित हुने मौका मिल्नेछ। सीमान्तीकृत समूहहरूका लागि सङ्घीयताको प्रश्न मान्यता र आत्मसम्मानसित पनि गाँसिएको छ। यी उपायहरूबाट बीसौं शताब्दीको मध्यमा राजतन्त्रात्मक शासनपद्धतिले तय गरेको एकात्मक हिन्दू उच्च जातको नेपाली पहिचानलाई बदल्न सघाउ पुग्दछ।[६]

जनसाङ्ख्यिक समूहहरूलाई दिइएको कोटा र समानुपातिक प्रतिनिधित्वका कारण संविधानसभा नेपालको इतिहासमा सबैभन्दा प्रतिनिधिमूलक निकाय बन्न पुगेको थियो।[७] मधेसी तथा केही हदमा दलित[८] र मुस्लिम जस्ता

---

[३] १० अप्रिलमा माओवादी लडाकूहरू, हातहतियार र शिविरहरूको कमाण्ड नेपाली सेनालाई सुम्पने निर्णय भएपछि संविधानबारे वार्ताहरू आरम्भ भए। फणीन्द्र दाहाल, "Army takes charge of PLA fighters, weapons", *The Kathmandu Post*, ११ अप्रिल २०१२; "Why the cantonments imploded", *Republica*, ११ अपिल २०१२। थप जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको एसिया रिपोर्ट नं. २३४, *नेपालको संविधान (दुई): विस्तार हुँदै गएको राजनैतिक गणित,* २७ अगस्ट २०१२।

[४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, मे २०१२।

[५] यस प्रतिवेदनको प्रयोजनका लागि "मधेसी" शब्दले समग्रमा तराईमा बसोबास गर्ने हिन्दू समुदायको जनसङ्ख्यालाई बुझाउँछ, उनीहरू आफ्नै भाषा बोल्छन् अनि उनीहरूको आर्थिक, सामाजिक र पारिवारिक सम्बन्ध उत्तरी भारतीय सिमानामा बस्नेहरूसँग हुन्छ। "जनजाति" शब्दले समग्रमा धेरै सङ्ख्यामा रहेको विशेषतः पहाडका जातीय समूहलाई जनाउँछ, जो आफूलाई हिन्दू वर्ण व्यवस्थाभन्दा बाहिरको ठान्दछन् र आफ्नै भाषा, संस्कृति र कतिपय अवस्थामा ऐतिहासिक भूमि समेत भएको दाबी गर्दछन्। सन् १९९० को दशकदेखि "जनजाति" को परिभाषामा उनीहरू नेपालका आदिवासी भएको दाबी पनि समेटिँदै आएको छ। पहिचानको राजनीतिका सम्बन्धमा हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपाल: पहिचानको राजनीति र सङ्घीयता,* माथि उल्लेखित। सन् २०१२ मा माओवादी पार्टी फुट्यो। यस आलेखमा फुट्नुअघिको पार्टीलाई "माओवादी" भनिएको छ। संविधानसभापछिको सन्दर्भमा मूल पार्टीलाई "माओवादी" भनेर तथा फुटेर बनेको पार्टीलाई "नयाँ माओवादी पार्टी" भनेर उल्लेख गरिएको छ।

[६] सत्तामा रहेको बहुदलीय सरकारलाई हटाएर त्यसको ठाउँमा सन् १९६० मा आफ्नो प्रत्यक्ष शासन लागू गरेपछि राजा महेन्द्रले नेपाली पहाडे मूलका उपल्ला जातका भाषा, इतिहास, रीतिरिवाज र भेषभूषा नै नेपाली राष्ट्रिय पहिचान हो भन्ने सङ्कीर्ण परिभाषा थोपरे। त्यस्तो सामेलीकरणमा पूरै सहभागी भएका जनजाति र अन्य अल्पसङ्ख्यक समूहका सदस्यहरूका लागि धेरै अवसर प्राप्त भए। राष्ट्रवादको यो सिद्धान्त मूलतः भारत विरोधी थियो र यसले समकालीन नेपाली राजनीतिमा भएको भारत विरोधी धारलाई पनि शक्ति प्रदान गरेको छ।

[७] सन् २००८ को निर्वाचनमा मतदाताले दुईओटा बाकसमा मत खसाले। एउटा आफ्नै निर्वाचन क्षेत्रको प्रतिनिधि छान्न र अर्कोचाहिँ आफूलाई मन परेको पार्टी छान्न। धेरै भोट पाउनेले जित्ने प्रणालीअन्तर्गत २४० जना त्यति नै सङ्ख्याको निर्वाचन क्षेत्रबाट चुनिएर आएका थिए। यस प्रणालीअन्तर्गत सबभन्दा बढी भोट पाउने एक जना उम्मेदवार एउटा निर्वाचन क्षेत्रबाट चुनिन्छ। यसका लागि झन्डै ४,००० उम्मेदवारहरू चुनावी मैदानमा उत्रेका थिए। दलको समानुपातिक प्रतिनिधित्वको आधारमा हुने दलीय सूचीअन्तर्गत सिङ्गो देशबाट ३३५ सदस्यहरू निर्वाचित भएका थिए। हरेक दलको सूचीमा कम्तीमा ३४ उम्मेदवारहरू हुनु जरुरी थियो तर समानुपातिक प्रतिनिधित्वको स्थानका लागि करिब ६,००० उम्मेवारहरू थिए। चुनावको परिणामपश्चात् संविधानसभाका लागि जातीय जनसङ्ख्याको आधारमा कोटा पुऱ्याउनुपर्ने सम्बन्धी निर्वाचन ऐन २००७ र अन्तरिम संविधानमा भएको प्रावधान बमोजिम त्यो सूचीबाट पार्टीले अन्तिम छनौट गर्न सक्थ्यो। तर पनि, त्यसमा दुइटा सर्त थिए: ती कोटा पूरा गर्नका लागि निर्वाचन ऐनले पार्टीहरूलाई १० प्रतिशतको सङ्ख्यामा दायाँबायाँ गर्न सक्ने छुट दिएकाले पार्टीहरूले प्रत्येक समूहबाट धेरथोर सदस्य सङ्ख्या छनौट गरे। निर्वाचन ऐनमा १०० ओटाभन्दा थोरै समानुपातिक प्रतिनिधित्वका लागि उम्मेदवारी दिनेलाई सूचीबाट हटाउने प्रावधान थियो, तर महिलाको हकमा त्यसो गरिएन। क्रममा नपरे पनि सूचीको जुनसुकै ठाउँबाट सदस्य छान्न सकिन्थ्यो। यसको अर्थ के हो भने मतदातालाई उनको पार्टीको त्यति धेरै उम्मेदवारहरू भएको सूचीबाट कसलाई संविधानसभामा पठाइन्छ भन्ने कुरा थाहा हुँदैन। Nils A.

पहिचानमा आधारित आन्दोलनहरूका लागि राजनीतिक सहभागिता, सत्ता र राजकीय संस्थाहरूमा प्रतिनिधित्व बढ्नु भनेको मान्यता प्राप्त गर्ने दिशामा महत्त्वपूर्ण पाइला हो। जातीय समूहहरूले उनीहरूले सुरुमा राखेका उच्चतम मागहरू छाडेका छन्। उनीहरूले सुरुमा राजनीतिक अग्राधिकारको माग राखेका थिए, जसअनुसार अन्य कुराका अतिरिक्त राज्यमा प्रभुत्वशाली रहेका समूहबाटै राज्यको मुख्यमन्त्री खास अवधिका लागि छानिनुपर्छ भन्ने थियो।[९] तर सन् २०१० को सुरुमा राज्यको नामकरणतर्फ ध्यान गएपछि यस मागबारे कुरै उठ्न छाडेको छ।

मधेसी समूहहरूले नेपालको दक्षिणी तराईको वारपार सिङ्गो मधेस हुनुपर्ने माग गरेका छन्। उनीहरूको भनाइमा ठूलो राज्य केन्द्रसितको सम्बन्धमा बलियो हुन्छ।[१०] अहिले आएर उनीहरू दुईओटा राज्य बनाउनेमा सहमत भएका छन् र पहाडे समूहले दाबी गरेका तराईका केही विवादित क्षेत्रबारे पनि लचिलो देखिएका छन्। थारू समूहका[११] नाममा तराई क्षेत्रको दोस्रो राज्य बन्नेछ। थारूहरूलाई तराईको आदिवासी मानिन्छ र नेपालको पश्चिम तराईमा उनीहरूको गतिलो उपस्थिति रहेको छ।

नेका, एमाले र अन्य पार्टीभित्रका सन्देहवादीहरू भने यी समूहहरूले खोजे जस्तो सङ्घीय संरचना आर्थिक रूपमा टिकाउ हुँदैनन् र त्यसबाट राष्ट्रिय अखण्डतामा आँच आउँछ भन्ने तर्क अघि सार्छन्। दक्षिण सिमाना नछुने पहाडी राज्यहरू मधेसी राज्यहरूप्रति बढ्तै निर्भर रहनुपर्ने हुन्छ। सरकारी सेवासुविधा लिनका लागि नागरिकहरूले जिल्ला सदरमुकामको सट्टा राज्यका पायक नपर्ने नयाँ राजधानी धाउनुपर्ने हुन सक्छ। अरू भाषाको प्रयोग गर्न दिनाले नेपालीभाषी मर्कामा पर्नेछन्। नेपाली काङ्ग्रेसको तर्कमा हालका जिल्लाहरूलाई नै नयाँ राज्यका आधार बनाइनुपर्छ र राज्यहरू उत्तर-दक्षिण सिमाना छुने अहिलेका विकास क्षेत्रहरूसित मिल्दाजुल्दा हुनुपर्छ। हरेक विकास क्षेत्रको भागमा नदीनाला, उच्च हिमाली खण्ड र मध्य पहाडी भागका साथै दक्षिणको समतल क्षेत्र पनि पर्दछ।[१२]

नेका र एमालेको तर्कमा जातीय पहिचानलाई मान्यता दिने हो भने यसले नेपाललाई विखण्डनको मार्गमा डोऱ्याउनेछ। उदाहरणका लागि, कुनै खास जातिलाई तोकेर राज्यको नाम राख्दा नाम नपर्ने अरू जातिका मानिसलाई चित्त बुझ्ने छैन। नेपालमा भएका अनेकौं जातिका सबै मानिसले आफ्नो छुट्टै राज्यको माग गर्न सक्छन्।[१३] नेकालाई विशेषगरी मधेसीको प्रभुत्व रहने मजबुत राज्यहरूको अवधारणाप्रति चिढ छ। तिनबाट राष्ट्रिय एकता धरापमा पर्नेछ र ती अलग्गिएर पनि जान सक्छन् भन्ने धारणा नेकाको छ।तराईका कैयन् ठाउँमा पहाडे मूलका बासिन्दाहरूको निकै महत्त्वपूर्ण उपस्थिति रहेको छ र नेकाको भनाइमा उनीहरू भेदभावको सिकार हुन सक्नेछन्। मधेसी नेताहरू नेपालीभन्दा भारतीय स्वार्थप्रति लहसिने गर्छन् भन्ने आम धारणा पनि छ। मधेसका मानिसहरूको सिमानापारिका भारतीयहरूसित निकट सांस्कृतिक, पारिवारिक र आर्थिक सम्बन्धको गाँठो कसिएको छ। यो तथ्य पहाडे मूलका धेरै नेताहरूका मनमा चिन्ता जगाउने कारण बनेको छ। "जातीय सङ्घीयता" ले "सशक्तीकरण"[१४] हुँदैन भनी तर्क गर्नेहरू पनि टन्नै छन्।

यीमध्ये केही चिन्ता र चासो जायज छन्। उदाहरणका लागि, नेपाललाई उत्तर र दक्षिण दुई भागमा बाँड्ने राजमार्ग हडतालका कारण बन्द हुँदा धेरै पटक देश नै ककरक्क परेको छ। त्यसकारण आवतजावतमा समस्या पर्न सक्ने चिन्तामा तुक छ।[१५] अरू चिन्ता भने आदतवश उब्जिएका हुन्। सङ्घीयताले फाइदा पनि दिन सक्छ। उदाहरणका लागि नयाँ

---

Butenschon and KåreVollan, "Electoral Quotas and the Challenges of Democratic Transition in Conflict-Ridden Societies", The Norwegian Resource Bank for Democracy and Human Rights, सेप्टेम्बर २०११। हेर्नुहोस् क्राइसिस ग्रुपको एसिया रिपोर्ट, नं. १४९, *नेपालको चुनाव र त्यसभन्दा पर्तिर*, २ अप्रिल २००८, भाग ३. क।

[८] नेपालका सबैभन्दा अपहेलित तर उपेक्षित समुदाय "दलित" हिन्दू समुदायभित्र पर्छन् र उनीहरूलाई पहिला पहिला उपल्ला जातका मानिसले "अछुत" मान्थे।

[९] अग्राधिकारबारेको बहस र त्यो मूलप्रवाहबाट कसरी खस्कियो भन्नेबारे थप जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, नेपालः *पहिचानको राजनीति र सङ्घीयता,* माथि उल्लेखित, भाग ४. ङ।

[१०] लामो समयसम्म मधेस आन्दोलनको नारा "एक मधेस, एक प्रदेश" थियो। यो सन्दर्भमा "मधेस" र "तराई" शब्दावली एउटाको साटो अर्को बराबर किसिमले प्रयोग हुन्छ जसरी मधेसी अभियानकर्ताहरू सिङ्गो तराई मैदान दाबा गरिरहेका छन्।

[११] "थारू" ले तराईका आदिवासी समुदायलाई जनाउँछ।

[१२] अप्रिल २०१२ मा काङ्ग्रेसले राज्य पुनर्संरचनाका लागि "पहिचान र सामर्थ्य" का आधारमा सातओटा राज्यहरूको नक्सा प्रस्तुत गऱ्यो। त्यसमा तराई मात्र समेटिएका दुईओटा राज्यहरू र पाँचओटा पहाडी तथा हिमाली राज्यमध्ये चार राज्यले दक्षिणी सिमाना छोएका थिए। यस प्रकार तराई छओटा राज्यमा विभक्त गरिएको थियो। त्यस मोडेलमा हालका ७५ ओटा जिल्लालाई यथावत् राखिएको थियो र अधिकांश प्रदेशको नाम नदीका नामबाट राखिएका थिए, जस्तो अहिलेको अधिकांश अञ्चलका नामहरू छन्। माओवादी र मधेसी नेताहरूले यस प्रस्तावको तुरुन्तै विरोध गरे। कमलदेव भट्ट, "Cong comes up with 7-state model", *The Kathmandu Post*, २८ अप्रिल २०१२।

[१३] सन् २००१ को जनगणनाअनुसार नेपालमा १०३ जातजातिहरू छन्। "राष्ट्रिय जनगणना, २०५८ (जात/जातिको जनसङ्ख्या)" केन्द्रीय तथ्याङ्क विभाग, २०५८।

[१४] उदाहरणका लागि, पहिलेका दुई परराष्ट्र सचिवहरूले के तर्क राखे भने सङ्घीय संरचनामा अल्पसङ्ख्यकहरूले थप राजनीतिक हैसियत प्राप्त गर्दैमा उनीहरूको पर्याप्त सशक्तीकरण हुँदैन र त्यसका लागि आर्थिक हिसाबले सुदृढ राज्य बनाउन सक्नुपर्छ। "Put it to a vote", *Republica*, १६ जून २०१२। यस तर्कका हिमायतीहरू विभिन्न समूहका लागि दिइने कोटा प्रणालीको पनि विरोध गर्दछन् र असमानता घटाउने सबैभन्दा राम्रो उपाय आर्थिक वृद्धि हो भन्ने गर्छन्। हेर्नुहोस् "चार प्रदेश नै उपयुक्त", *कान्तिपुर*, २० जनवरी २०१२।

[१५] उदाहरणका लागि, सन् २००९ मा थारू आन्दोलनकारीहरूले १३ दिनसम्म काठमाडौं र पूर्व-पश्चिम राजमार्गलाई ठप्प पार्दा पहाडी सदरमुकामहरूमा मूल्य वृद्धि भएको थियो।"Strike in the Tarai sends vegetable prices soaring", ekantipur.com, २८ अप्रिल २००९। मधेसीहरूको आन्दोलनका कारण पनि प्रायः राजमार्ग बन्द हुने गर्छ। सडक दुर्घटनामा मर्नेहरूको क्षतिपूर्ति माग्ने र अन्य कारणले पनि राजमार्गका सानासाना भाग बन्द हुन्छन्।

राज्यका राजधानीहरूलाई जोड्ने मध्य पहाडी सडकहरू बन्न सक्छन् वा विकेन्द्रीकरणले गर्दा उपक्षेत्रीय प्रशासन केन्द्रहरू खडा हुन सक्छन्। नेपाली भाषाको लगातार विस्तार भइरहेछ र यो भाषा बोल्नेलाई प्राप्त अवसरहरू अनि सरकार, प्रशासन, शिक्षा तथा वाणिज्यमा यस भाषाको दबदबालाई हेर्दा यो हराएर जानेवाला छैन। नेपालको एकदमै थोरै ठाउँमा मात्रै कुनै एक जातिको बहुमत छ र प्रस्तावित कुनै पनि राज्यमा कुनै एक जातिको बहुमत हुने छैन। खुबै भए "ठूलो अल्पसङ्ख्यक" समूह हुनेछ। त्यति हुँदाहुँदै पनि परम्परागत पार्टीहरूले जुन तर्क दिने गरेका छन् त्यसबाट सङ्घीयताका पक्षधर शक्तिलाई नेका र एमाले परिवर्तन विरोधी हुन् भनेर प्रहार गर्ने हतियार मिलेको छ। "माओवादीहरूले धेरै ठाउँ छाडेका छन्, नेका र एमालेले त्यस्तै भावना देखाउनु पर्थ्यो। तर उनीहरूले बखेडा गरे", धनुषाका एक मधेसी नेताले भने।[१६]

संविधानसभाभित्र र पछि पार्टीका वरिष्ठ नेताहरूमाझ भएका सम्झौतावार्ताहरूका कारण उच्चतम मागहरू मत्थर पर्न गए र सबै समूह तथा पार्टीहरू नेपालको पेचिलो जातीय सम्मिश्रण रहेको तथ्य स्वीकार्न राजी भए। राज्यहरू "पहिचान" र "सामर्थ्य" का आधारमा अर्थात् आर्थिक रूपमा उभिन सक्ने गरी निर्माण गरिने कुरा टुङ्गो लाग्यो। यद्यपि सामर्थ्यलाई कसरी आँक्ने त्यो भने प्रस्ट पारिएको थिएन।[१७] संविधानसभाको अन्तिम समयतिर जनजाति नेताहरू राज्यहरूको जातीय नामसित भौगोलिक वा सांस्कृतिक चरित्रको नाम जोड्न सहमत भए।[१८] मधेसी पात्रहरू भने तराईका भागहरूउपरको खिचलोमा सावधानीपूर्वक आफ्ना विकल्पहरूलाई खुला राखेर बसे। थारू समूहहरू आफ्ना क्षेत्रका विवादित इलाकाहरूबारे सम्झौतावार्ता निम्ति तयार थिए।[१९] २७ मे नजिकिंदै जाँदा मधेसी, थारू र जनजातिहरू एकअर्काका माग वा सम्झौतामा हस्तक्षेप नगर्ने कुरामा सहमत भएका थिए।

## २. हाउगुजी

यी सबै समझदारी र हरेक नेपाली देशको कुनै पनि ठाउँमा जान पाउने, बस्न र काम गर्न पाउने अनि सम्पत्ति खरिद गर्न पाउने भन्ने प्रस्ट सहमति हुँदाहुँदै पनि सबै पार्टी र तिनका कार्यकर्ताहरूले "जातीय सङ्घीयता" भन्न छाडेनन्। त्यसले जनमानसमा भय उत्पन्न गराउने, गलत धारणा बनाउने काम गऱ्यो र द्वेषपूर्ण भाषणको लहर चलायो।[२०] नेका र एमालेका समर्थकहरूले एक जातीय राज्यमा "नव अल्पसङ्ख्यकहरू" (अर्थात् पहाडे उच्च जातका मानिसहरू) को कुनै अधिकार हुँदैन भन्दै ठूलो होहल्ला मच्चाए। सङ्घीयताउपर विश्वास नगर्नेहरूले मानिसका मनमा भएको डरलाई बढाउन खोज्नु स्वाभाविक हो, उनीहरूले समुदायहरूको बास उठ्ठा हुने डरलाग्दो परिस्थितिको चित्रण गरे।[२१] जातीय नेता र कार्यकर्ताहरूले सङ्घीयता र समावेशीकरणको विवादबारे प्रस्ट पार्ने काममा पहल गर्न र यी चिन्ता-चासोलाई हटाउन सक्नु पर्थ्यो। तर आफ्नो अडान खुस्किन्छ भनेर होला उनीहरूले त्यसो गरेनन्। यसले उनीहरूलाई निकै नोक्सान पुऱ्यायो, खासगरी उनीहरूका केही कार्यकर्ताहरूबाट अति उत्तेजनात्मक र भड्काउने खालका शब्दावलीहरू प्रयोग भएको सन्दर्भमा हेर्दा। यसबाट पहिचानसम्बन्धी कुनै पनि विषयको उच्चारण गर्नु नै ध्रुवीकरणको खतरालाई निम्त्याउनु हो भन्ने धारणाले बल पायो।[२२]

साम्प्रदायिक तनाव बढेपछि सत्यको खास अर्थ रहँदैन र शान्तिपूर्ण संवादको ठाउँ आक्षेप तथा अफवाहले लिन्छ। नेपालमा धेरै तरिकाले सीमान्तीकृत अवस्थामा पुग्न सकिन्छ, गरिबीका कारणबाट पनि कोही सीमान्तीकृत हुन सक्छ। जनसाङ्ख्यिक बढत भएको दाबी त गर्न

---

[१६] क्राइसिस ग्रुपसँग फोन अन्तर्वार्ता, मधेसी नेता, धनुषा, मे २०१२।

[१७] अप्रिल २०१२ मा पार्टीहरू "पहिचान" का पाँचवटा आधारहरू हुनुपर्नेमा सहमत भए, ती हुन्: भूगोल, जातीयता, जनसङ्ख्या, भाषा र संस्कृति। "पहिचानका पाँच आधारमा साझा अन्तरवस्तु खोज्ने सहमति", *अन्नपूर्ण पोष्ट,* २० अप्रिल २०१२।

[१८] उदाहरणका लागि, ऐतिहासिकताका आधारमा सुदूरपूर्वका पहाडी राज्य "लिम्बूवान" हुनुपर्छ भनेर सङ्घीयताका पक्षधरहरूले भन्ने गरेकामा कोशी नदीको नामबाट लिम्बूवान-कोशी हुन सक्थ्यो ।

[१९] सुदूरपश्चिम तराईका केही भागको दाबी गर्ने एउटा बलियो र मूलतः पहाडे उपल्लो जातको आन्दोलन थालिएको छ। यस क्षेत्रमा पहाडे मूलका धेरै परिवार बसोबास गर्छन्, पहाड र तराईमा व्यापार गर्छन् र उनीहरूको दुवैतिर सम्पत्ति छ। केही वरिष्ठ राष्ट्रिय नेताहरू पहाडमा जन्मेहुर्केका हुन् तर उनीहरूलाई भोट हाल्ने मतदाताहरू तराईका बासिन्दा हुन्। झापा, मोरङ र सुनसरी जस्ता पूर्वी तराईका जिल्लाहरूले तराईका अन्य क्षेत्रहरू दाबी गर्नुका पछाडि राष्ट्रिय नेताहरूकै हात छ, किनभने उनीहरूलाई आफ्नो निर्वाचन क्षेत्र टुक्रिने त्रास छ। उनीहरू तराईमा रहने जनजाति लगायत पहाडी मूलका मानिसहरूको विस्थापित होइएला कि भन्ने डर उपर खेलिरहेछन्। मधेस आन्दोलनका कारण केही पहाडे परिवार मधेसबाट विस्थापित भएका थिए। तीमध्ये धेरै परिवार केही समयदेखि त्यहाँको स्थिति सामान्य हुन लागेपछि फिर्ता हुन थालेको सुनिएको छ। "मधेसमा मेलमिलाप", *कान्तिपुर,* १४ अप्रिल २०१२। हालसालको सरासंको प्रतिवेदनले सुझाएअनुसार भने तराईका मधेसी र पहाडे दुवै थरी मानिसहरू तराईका सहरी इलाकातर्फ बसाइँ सर्दै छन्, त्यसपछि सकेको खण्डमा राजमार्ग नजिकका ठाउँतिर र त्यसपछि काठमाडौंतिर लाग्छन्। "Migration patterns in the Central Tarai: Has an equilibrium been disrupted?", Field Bulletin, UN Resident and Humanitarian Coordinator's Office, जुलाई २०१२। मध्य तराईको जिल्ला चितवनलाई पनि नटुक्र्याउने प्रयत्न भइरहेको छ। माओवादी नेता पुष्पकमल दाहाल प्रचण्ड स्वयं चितवनका हुन् र उनले यस प्रयत्नलाई समर्थन गरेको बताइन्छ। पहाड र तराई भएर भारतीय सिमाना पुग्ने चौथो नाका पश्चिम तराईमा रहेको नवलपरासी जिल्लाबाट हुनुपर्ने सुझाउ गरिएको छ।

[२०] प्राज्ञ कृष्ण हाछेथुको तर्कमा संविधानसभाको राज्य पुनर्संरचना र राज्यशक्ति बाँडफाँड समिति र राज्य पुनर्संरचना आयोगका प्रस्तावहरूले जातीयतालाई जोड दिएका देखिए पनि ती वास्तवमा "गैरजातीय" छन्। यस तर्कबाट विद्यमान राज्य व्यवस्थाले प्रभुत्वशाली एकल संस्कृतिलाई काखी च्यापेको छ र पहिचानमा आधारित सङ्घीयतामा प्रस्तावित राज्यहरूमा त्यसो हुँदैन बरु यसले त नेपालको विविधतालाई मान्यता पो दिएको छ भन्ने बुझिन्छ। कृष्ण हाछेथु, "प्रस्तावित सङ्घीयताः रूपमा जातीय, सारमा गैरजातीय", *नेपाल समाचारपत्र,* ९ जून २०१२।

[२१] पहिचानमा आधारित सङ्घीयताले छेत्री र बाहुनको नामनिसान हराउने डर बढ्दै गयो। अखण्ड भण्डारी, "मेरो राज्य कहाँ पर्छ?" *कान्तिपुर,* १२ फेब्रुअरी २०१२; "जातीय राजनीतिको राप", *नयाँ पत्रिका,* ५ जून २०११।

[२२] जनवरी २०१२ मा यदि नयाँ संविधानले आदिवासीका मागको सम्बोधन नगरेमा जनजाति नेताहरूले "रगत बग्ने" धम्की दिए। "आदिवासीको पक्षमा संविधान नबने रक्तपात", *अन्नपूर्ण पोष्ट,* २२ जनवरी २०१२।

सकिन्छ, तर त्यसो हुँदैमा त्यसबाट सबै जातीय समूहहरूलाई एकताबद्ध पार्न सकिन्छ भन्ने छैन, किनभने उनीहरूबीचको सम्बन्धमा पनि उँचनीचको जटिलता रहेको छ। व्यक्तिगत पहिचानहरू आफैंमा बहुआयामिक छन् र समूहहरूबीचको सामाजिक साँध-सिमाना पनि निश्चित परिभाषाअनुसार कोरिएको हुँदैन, वास्तवमा ती अस्पष्ट हुने गर्छन्। यी कुराहरूलाई नीतिगत निर्णयहरू लिँदाखेरि विचार गर्नुपर्ने हुन्छ र वादविवादलाई मत्थर पार्नका लागि यी कुराहरूलाई उपयोग गर्न सकिन्छ। तर ऐतिहासिक तवरमा सीमान्तीकृत समूहहरूको समावेशीकरण अझ बढी हुनुपर्छ अथवा भनौं उनीहरूका पहिचान र इतिहासलाई सम्मानका साथ स्वीकार गरिनुपर्छ भन्ने मागलाई फासफुस पार्ने काममा यिनै तर्कहरू प्रयोग गरिन्छन्। वास्तवमा यिनको प्रयोग संवाद सुरु गर्नका लागि गरिनुपर्ने हो।

यो बहस संविधानसभाबाट बाहिर निस्केर बृहत्तर समाजमा पुगिसकेको छ, त्यसले गर्दा स्थानीय समुदाय र समूहहरूले आफ्ना मागहरूलाई अनेक तरिकाबाट प्रस्तुत गरिरहेका छन् र त्यसनिम्ति उनीहरूले अनेक प्रकारका पहिचान, क्षेत्र र जातलाई माध्यम बनाइरहेछन्। मधेसी, माओवादी र जनजातिहरूको अनपेक्षित गठबन्धनले "जातीयता" मात्र यसको कारकतत्त्व हो भन्ने कुरालाई गलत सावित गरिदिएको छ, किनभने त्यो गठबन्धन आफैंमा विविधतायुक्त छ। तर यस गठबन्धनले घुमाउरो पाराले ऐतिहासिक रूपमा प्रभुत्वशाली रहँदै आएका समूहहरूमाथि नै सम्झौता गर्ने जिम्मेवारी थोपरिदिएको छ।

पहिचानको विषयप्रति ऐतिहासिक तवरमै बेवास्ता हुँदै आएको छ। उदाहरणका लागि, सन् १९९० को संविधानको मस्यौदा गर्ने बेलामा आम जनताबाट सुझाउ मागिएको थियो। मस्यौदा आयोगका अध्यक्ष न्यायधीश विश्वनाथ उपाध्यायले अत्यधिक सङ्ख्यामा भाषिक, धार्मिक, जातीय र क्षेत्रीय मुद्दाहरूबारे सुझाउ प्राप्त भएकामा आफू छक्क परेको बताएका थिए र उनका विचारमा ती सबै "गौण" कुराहरू थिए। सङ्घीयताका पक्षपातीहरू अहिले पनि त्यही कुरा फेरि दोहोरिएको अनुभव गर्छन्।[२३]

## ३. लक्षण थिएन

सङ्घीयता र समावेशीकरण दुइटा बेग्लाबेग्लै विषय हुन्, तर अन्तरसम्बन्धित। विशेषगरी नेपाली राज्यलाई बढी प्रतिनिधिमूलक र समावेशी बनाउनका लागि नै राज्यको पुनर्संरचना प्रस्तावित गरिएको हो। यस सम्बन्धमा धेरै छलफल हुन सकेको छैन, प्रक्रियागत र मूलभूत समस्याहरू यथावत् छन्।

### *सङ्घीयताः प्रारम्भिक छलफल*

यसबारेको पहिलो चरणको छलफल संविधानसभा बन्नुअघि नै सुरु भएको थियो। सन् २००७ को मधेस आन्दोलन मधेसी सीमान्तीकरणको अन्त्य गर्न र राजकीय संस्थाहरूमा मधेसी संलग्नता बढाउनका लागि भएको थियो। त्यसलाई सम्बोधन गर्ने क्रममा अन्तरिम संविधानमा संशोधन गरेर सङ्घीयतालाई समावेश गरिएको थियो। त्यसै साल आदिवासी जनजाति महासङ्घ र अन्य जनजाति समूहहरूले गरेका आन्दोलनको प्रतिफलस्वरूप त्यस बेलाको अन्तरिम सरकारले आधिकारिक रूपमा मान्यताप्राप्त प्रत्येक जनजाति समुदायबाट कम्तीमा एक जना प्रतिनिधि संविधानसभामा पुऱ्याउने, राजकीय संस्थाहरूमा जनजातिहरूको संलग्नता बढाउने र राज्य पुनर्संरचना आयोग खडा गर्ने वचनबद्धतासहितको सम्झौतापत्रमा सही गऱ्यो।[२४]

विस्तृत शान्ति सम्झौतामा गरिएका प्रतिबद्धताहरूलाई बेवास्ता गरेका कारण सरकार अप्ठेरोमा परेपछि मात्र यस्ता सम्झौताहरू गर्नुपर्ने खण्ड आइपरेको थियो। यी सम्झौताहरू कुनै परामर्श नगरिकनै हतारमा र सङ्लो भावना नहुँदा हुँदै पनि दबाबमा परेर गरिएका थिए। त्यसै हुनाले मूलधारका धेरै पात्रहरूले ती कुराहरूप्रति सधैं नै मुन्टो बटार्दै आएका छन्। त्यसो गर्नेमा नेका र एमाले पनि पर्दछन् जो उस बेलाको अन्तरिम सरकार हाँक्नेहरू थिए। वाचा गर्ने अनि त्यसलाई तोड्ने, जोडतोडको आन्दोलनपछि हार मान्ने अनि फेरि थप वाचाहरू गर्ने, यो चक्र अहिले पनि निरन्तर चलिरहेकै छ।

### *संविधानसभाको सीमित योगदान*

यसको दोस्रो चरणमा संविधानसभाको राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिले गरेको काम पर्दछ, जुन समितिले जनवरी २०१० मा आफ्नो प्रतिवेदन तयार पारेको थियो। समितिका बहुमत सदस्यले "पहिचान र सामर्थ्य" का आधारमा चौधओटा राज्यहरू बनाउने तथा जातीय तवरमा नामाङ्कन र सीमाङ्कन गर्ने पक्षमा भोट हालेका थिए। अस्थायी आरक्षण लागू गरेर तोकिएका पदहरूमा बहुसङ्ख्यामा रहेका समूहका सदस्यहरूलाई राजनीतिक अग्राधिकार दिनुपर्ने कुरा पनि प्रस्ताव गरिएको थियो।[२५] एमालेका प्रतिनिधिहरूले

---

[२३] Michael Hutt, "Drafting the Nepal Constitution, 1990", Asian Survey, vol. 31, no. 11 (1991), पृ. १०२०-१०३९। अहिले चलिरहेको विवादमा पनि लागू हुने कुरा हटले सटिक रूपले लेखेका छन्: "यी गुनासाहरूलाई सम्बोधन गर्नुको साटो आयोग र अन्तरिम सरकारले तिनलाई राष्ट्रिय एकताप्रति खतराको रूपमा हेर र तिनलाई फासफुस पार्ने काम गरियो। त्यसैले न्यायाधीश उपाध्यायले अधिकांश सुझावहरू 'सेरोफेरो' का मुद्दाहरूका बारेमा आउनुलाई 'दुर्भाग्यपूर्ण' बताएर उनले सबै राजनीतिक पार्टीहरूलाई संविधानका मूलभूत विषयहरूमा जनतालाई शिक्षित गर्नका लागि आह्वान गरे।"

[२४] मे २००८ मा भएको अन्तरिम संविधानको चौथो संशोधन तराईमा उर्लेको विरोधको दुई लहरपछि सम्भव भएको थियो। आन्दोलनको पहिलो लहर २१ दिन चल्यो जसमा कम्तीमा २४ जनाको ज्यान गएको थियो। दोस्रो लहरचाहिँ एक वर्षपछि जनवरी-फेब्रुअरी २००८ मा आयो, त्यसमा ६ जना आन्दोलनकारी मारिए। आदिवासी-जनजाति महासङ्घसँग भएको सम्झौतावार्ता बमोजिम "राष्ट्रिय एकता, नेपालको अखण्डता र सार्वभौमिकतालाई केन्द्रमा राखेर जातीयता, भाषा, भौगोलिकता, आर्थिक सुचकाङ्क र सांस्कृतिक विशिष्टताका आधारमा सङ्घात्मक राज्य निर्माणका लागि राज्य पुनर्संरचना आयोगले संविधानसभामा सिफारिस गर्नुपर्ने थियो।" "सरकार र जनजातिबीच भएको सम्झौता", ७ अगस्ट २००७।

[२५] १४ प्रदेशको ढाँचा माओवादीको पहिलैदेखिको प्रस्ताव थियो। सम्बन्धित क्षेत्रसँग घनिष्ट ऐतिहासिक सम्बन्ध भएको दाबी गर्ने जातीय समूहको नामबाट ती राज्यहरूको नामकरण गरिएको थियो। जस्तो पूर्वको लिम्बूवान र काठमाडौं उपत्यकाको नेवा राज्यका प्रस्तावित नाम ऐतिहासिक रूपले मानिआएको भनेर बुझ्न सकिन्छ। अरूको त्यस्तै ऐतिहासिकता छैन, जस्तो पश्चिम पहाडको गुरुङ

आफ्ना पार्टीको आधिकारिक नीति विरुद्ध भोट गरे, जसले गर्दा त्यो प्रस्ताव साधारण बहुमतद्वारा पारित हुन सक्यो। एक जना काङ्ग्रेस नेताले उक्त प्रस्तावप्रति असहमति जनाउँदै झण्डै अहिलेकै विकास क्षेत्रको ढाँचामा उत्तर-दक्षिण तन्किएका छओटा राज्यको प्रस्ताव गरेका थिए। त्यही प्रस्ताव नै त्यस पार्टीको उठान बिन्दु बन्न गयो। दुवै प्रस्तावमा केन्द्रको तुलनामा राज्यहरूको अधिकार सीमित हुने कुरा परेका थिए।

उपर्युक्त प्रस्तावहरूलाई पूर्ण सदनमा छलफलका लागि ल्याउने प्रयास भएको हो, तर होहल्ला र हङ्गामाले गर्दा संविधानसभाको कार्यविधि अगाडि बढ्न सकेन। किनभने केही सदस्यलाई आफूहरूलाई बेवास्ता गरियो भन्ने लागेको थियो। त्यसैले त्यस प्रतिवेदनलाई संवैधानिक समितिमा पठाइयो र त्यस समितिले सङ्घीयतासम्बन्धी प्रस्तावलाई केवल "विवादास्पद विषयहरू" अन्तर्गतको लामो सूचीमा चढाउने काम गऱ्यो। हुन त संविधानसभाका नियमावलीअनुसार समितिहरूमा मत बाझिएका विषयहरूमा भोट हुनुपर्ने थियो। तर वरिष्ठ नेताहरूलाई सहमतिमा पुग्न अनुरोध गरियो र त्यस्ता सहमति उनीहरू प्रायः अनौपचारिक तवरमा र संविधानसभाभन्दा बाहिर रहेर गर्थे। सभासदहरूलाई कठिन विषयहरूउपर बहस र छलफल गरेर निष्कर्षमा पुगुन् भनेर नै चुनिएको थियो, तर उनीहरूलाई त्यसो गर्न दिनेतर्फ अरुचि देखियो र सभासदहरूले पनि आफूलाई त्यस प्रकार पन्छाइएको तथ्यलाई नीच मारेर स्वीकार गरिदिए। पूरै शान्ति प्रक्रियालाई यस रोगले गाँजेको थियो। पूर्ण सदनमा खुला छलफल हुन सकेको खण्डमा त्यसबाट सम्झौताका सीमा ठहर हुन सक्थ्यो वा सम्भवतः व्यावहारिक, रचनात्मक र लगभग सबैलाई स्वीकार्य हुन सक्ने सम्झौताका उपायहरू पनि पत्ता लाग्न सक्थे।

एमालेले सङ्घीयताको विषयले यति गम्भीर रूप लिन सक्ला भन्ने सोचेकै थिएन र आफ्ना जनजाति सदस्यहरूलाई पनि हल्का तवरले लिएको थियो। एमालेले राज्य पुनर्संरचना समितिमा जनजाति सदस्यहरूलाई मनोनीत गरेर पठाएको थियो। उसको सोचाइमा त्यो राष्ट्रिय विषय नभई "जनजातिहरूसित सम्बन्धित विषय" थियो र जनजाति सदस्यहरू आज्ञाकारी र केही माग नगर्ने अल्पमतका हुनेछन् भनी ठानेको थियो। तर वास्तविकता त्यस्तो थिएन र अहिले पनि छैन। वास्तवमा जनजाति नेताहरू आफ्नै पार्टीको नेतृत्वप्रति असन्तुष्ट छन्। "मेरो पार्टी नै आखिरमा जनजातिका मागहरूको सबभन्दा ठूलो विरोधी निस्क्यो", एक जना जनजाति नेताले भने।[२६]

*राज्य पुनर्संरचना आयोगः अर्को एउटा असफल प्रयास*

नोभेम्बर २०११ मा सङ्घीयताप्रति विश्वास नभएका नेपाली काङ्ग्रेस र एमालेले संवैधानिक हैसियत प्राप्त राज्य पुनर्संरचना आयोग गठन गर्नुपर्ने कुरा राखे। त्यसअघि उनीहरूले सङ्घीयताकै विरोध गरिराखेका हुनाले त्यसबारे आयोग बनाउने कुराको पनि विरोधी थिए। तर त्यतिखेर आएर यी दुवै पार्टीका केहीलाई प्राविधिक र विशेषज्ञ राखेर बनाइएको त्यस्तो आयोगले पहिचानमा आधारित सङ्घीयताको प्रतिकार गर्नेछ भन्ने लागेको थियो। पार्टीहरूले आयोगका पदहरूको पनि भागबन्डा गरे। आयोगमा मनोनीत भएर जाने केही सदस्यहरू वास्तवमै विशेषज्ञ र प्राज्ञिक व्यक्ति थिए, तर उनीहरूको सहानुभूति पार्टीप्रति पनि रहेको हुनाले उनीहरूले सङ्घीयतामा पहिचानको भूमिकाबारे कुनै विशिष्ट तर्क देखाउन सकेनन्। केहीले यो हुन सक्छ भने, केहीले यसबाट राष्ट्रिय अखण्डतामा खलल पुग्छ भने।[२७] आयोगले दश राज्यको प्रस्ताव अघि सारऱ्यो र तिनमा उल्लेखित राज्यका विशेषताहरू लगभग संसदीय समितिले सुझाउ गरेसरह नै थिए, सीमित अग्राधिकार र अति सीमान्तीकृत दलित समुदायका लागि "गैरभौगोलिक" राज्य थिए।[२८]

आयोग, समिति र सम्झौताहरूउपरको खिचातानीले नै पार्टीहरूको समय र ध्यान बारम्बार लिँदै आएको छ। तापनि उनीहरूले के काम फत्ते गरे त्यो प्रस्ट हुँदैन। उदाहरणका लागि, राज्य पुनर्संरचना आयोगले आफ्नो प्रतिवेदन मार्च २०१२ मा संविधानसभामा प्रस्तुत गर्दाखेरि त्यसलाई "सन्दर्भ सामग्री" भनियो।[२९] यस्ता निकायहरू फाल्तु क्रियाकलाप वा

बाहुल्य रहेको तमुवान। तीमध्ये धेरै राज्यका सीमाङ्कन यस्तो प्रकारको थियो जसले गर्दा उपल्ला जातका तुलनामा पहिले अल्पसङ्ख्यक रूपमा रहेका समुदायको बढत हुने थियो। प्रस्तावित राज्यमा प्रभुत्वशाली समूहहरू मात्र नभई सानाठूला सबै जातीय समूह परेका थिए। मधेसी पार्टीहरूले मधेसमा एउटाको सट्टा दुईवटा प्रदेशलाई स्वीकारे। अग्राधिकारको अर्थ गभर्नर पद ठूला जातीय समूहका लागि दुई कार्यकाल वा नयाँ व्यवस्था लागू भएको पहिलो १० वर्षका लागि सुरक्षित राखिनुपर्ने थियो। "अवधारणापत्र र प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन, २०६६", संविधानसभा राज्यको पुनर्संरचना र राज्यशक्ति बाँडफाँड समिति, २०१२। संविधानसभाको अन्य विषयगत समितिका प्रतिवेदनबारे थप जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालः पहिचानको राजनीति र सङ्घीयता,* माथि उल्लेखित, भाग ४।

[२६] क्राइसिस ग्रुपसँग फोन अन्तर्वार्ता, काठमाडौं, मे २०१२।

[२७] विस्तृत शान्ति सम्झौतामा पनि यस्तो आयोगको परिकल्पना गरिएको थियो। जातीय अभियानकर्ताहरूलाई सन् २००७ को बर्खामा त्यस्तो आयोग "चाँडै" गठन गरिने आश्वासन दिइयो, तर संविधानसभाको राज्य पुनर्संरचना समितिलाई नै त्यस कामको जिम्मा दिएर आयोग बनाउने कुरालाई बेवास्ता गरियो। आयोग र संविधानसभाउपर जनजाति र मधेसीहरूको चिन्ता-सरोकारका बारेमा थप जनकारी लिनाका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको ब्रिफिङ, *नेपालको शान्ति प्रक्रियाः टुङ्गिने छाँट देखिएको छ,* माथि उल्लेखित, भाग ४। आयोगमा पनि माओवादी र मधेसीका तर्फबाट मनोनीत सदस्यहरू एकातिर भए र एमाले तर्फबाट मनोनीत जनजाति सदस्यले पहिचानमा आधारित मोडेललाई बल पुऱ्याउन अन्तिम समयमा मात्र उनीहरूको साथ दिए।

[२८] काङ्ग्रेसले जिल्लाहरूका अहिलेकै जनसाङ्ख्यिक सन्तुलन कायम रहने गरी उत्तर-दक्षिण तन्किएका राज्य बनाउनुपर्ने आफ्नो प्रस्ताव अगाडि सारिरह्यो। त्यसो गर्दा ती जिल्लाहरूमा पहाडे उपल्ला जात समूह सबभन्दा ठूला समूह रहनेछन्। राजनीतिक अग्राधिकारको प्रावधान आयोगको प्रतिवेदनमा परेको थियो तर राज्यको मुख्य मन्त्रीको पदका लागि भने थिएन। त्यस्तो प्रावधान धेरै साना स्थानीय जनजाति समूहका लागि राज्यहरूभित्र बनाइने स्वायत्त र विशेष क्षेत्रका लागि थिए। "How majority, minority reports differ", *The Kathmandu Post*, २ फेब्रुअरी २०१२; "SRC submits report", *Republica*, १ फेब्रुअरी २०१२।

[२९] "SRC report only for reference: Lawmakers", *Republica*, २४ मार्च २०१२। अन्तरिम संविधानमा आयोगको प्रतिवेदन संविधानसभाको कार्य निर्देशक हुने उल्लेख गरिएको छ।

ध्यान हटाउने बहाना मात्रै बन्न गएका छन्, किनभने निर्णयकारी अधिकार भने सहमतिको खोजी गर्ने जिम्मा लिएका केही नेताहरूको हातमा केन्द्रित हुने गर्छ। एक जना संवैधानिक विशेषज्ञको भनाइमा "ठूला नेताहरूलाई (संविधानसभाको) विषयगत समितिहरूका प्रतिवेदनप्रति कहिल्यै चासो रहेन, उनीहरू सत्ताको राजनीतिमै रूमल्लिरहे"।[३०]

सङ्घीयतासम्बन्धी पहिलो प्रतिवेदनमा संविधानसभाको अनुमोदन रहेको थियो, यद्यपि यसउपर कहिल्यै छलफल गरिएन। दोस्रो प्रतिवेदन संवैधानिक हैसियत प्राप्त निकायद्वारा लेखिएको थियो। तर दुवै प्रतिवेदनलाई संविधानसभाको अन्तिम हसातिर पूरै बेवास्ता गरियो। त्यस बेला नेताहरू एकदमै नयाँ सम्झौता गर्नेतिर लागे। यस प्रकार नियम र बाचाबन्धनलाई कुनै सङ्कोच नमानी तोड्ने कामलाई रोक्ने उपाय नगर्ने हो भने भविष्यमा पनि यस्तै भइरहनेछ।

*संस्थागत प्रतिनिधित्वः बाटोको रोडा*

जनवरी र फेब्रुअरी २०१२ मा सरकारी अधिकारी र सरकारबीच समावेशी विधेयकउपर तानातानी चल्यो। त्यस विधेयकले सरकारी सेवामा सीमान्तीकृत समुदायहरूका लागि राखिएको कोटालाई ४५ प्रतिशतबाट बढाएर ४८ प्रतिशत पुऱ्याउने प्रस्ताव गरेको थियो।[३१] मन्त्रिमण्डलको विधेयक समितिले त्यस विधेयकलाई हप्तौंसम्म रोकेर राखेको बताइन्छ। त्यसको एउटा कारण के थियो भने त्यस विधेयकमा बाहुन, छेत्री र उनीहरूसित जोडिएका केही ससाना समूहलाई "अन्य" भनेर वर्गीकरण गरिएको थियो। समग्रमा बाहुनछेत्री र ती साना समूहको जनसङ्ख्या ३० प्रतिशतभन्दा बढी छ। यसरी "अन्य" को वर्गीकरणमा पर्नेहरू उपेक्षाको पात्र हुन्छन् भन्ने उनीहरूको आपत्ति थियो, अनि अरू समूहलाई दिइने कोटा तोकिन्छ भने सबैलाई दिएर बाँकी रहेको कोटा माथ्ला जातकाले नै पाउने गरी तोकिनुपर्छ भन्ने उनीहरूको जिकिर थियो।[३२] उच्च शिक्षा र सरकारी सेवामा कोटा तोकिएका छन्, तर सरकारी सेवामा गरिने नियुक्ति र पदोन्नतिबारे तीव्र विवाद छ अनि उच्च शिक्षाको भर्ना प्रक्रियाउपर सीमान्तीकृत समूहहरूको नै सिकायत रहँदै आएको छ।[३३]

यस प्रसङ्गले राजकीय संस्थाहरूको शक्तिलाई प्रकट गर्दछ। न्यायपालिकाझैं नेपालको कर्मचारीतन्त्रले पनि जनसङ्ख्याको स्वरूपलाई प्रतिनिधित्व गर्दैन, जुन जनसङ्ख्यालाई कर्मचारीतन्त्रले सेवा पुऱ्याउनुपर्ने हुन्छ। नेपालको कर्मचारीतन्त्रलाई परम्परागत पार्टीहरूको नजिक रहेको ठान्ने गरिन्छ र कर्मचारीतन्त्रको प्रभाव व्यापक छ।[३४] संस्थागत बफादारी पुरानो संस्थापनाप्रति रहन्छ, नयाँप्रति होइन। राजकीय संस्थाहरूबाट सृजना हुने बाधा, विरोध र अड्चन भविष्यमा पनि कायम रहने छाँट छ।[३५] पाँचओटा मधेसी पार्टीहरूको संयुक्त मोर्चाका एक सदस्यले यस्तो भने, "औपचारिक तवरमा शान्ति प्रक्रिया कायम रहेसम्म सम्भावित अड्चन न्यायपालिकाबाट आउन सक्छ (संविधानसभाको म्यादउपरको फैसला जस्तो शान्ति प्रक्रियासित सम्बन्धित विषयमा

---

[३०] पूर्णमान शाक्य, "संविधानसभाको चार वर्षको अवधिको समीक्षा र घोषित 'संविधानसभा निर्वाचन' को आकलन", Dr Harka Gurung Lecture Series, Kathmandu, १ जून २०१२।

[३१] आदिवासी जनजाति महासङ्घसित भएको सम्झौतापछि पहिलो पटक अगस्ट २००७ मा कोटा प्रणाली लागू गरिएको हो, त्यति बेला ऐतिहासिक रूपले सीमान्तकृत समूहहरूका लागि निजामती सेवाको ४५ प्रतिशत स्थान सुरक्षित राख्न लोक सेवा आयोगलाई निर्देशन दिइएको थियो। निजामती सेवामा नियुक्ति र विश्वविद्यालयहरूमा भर्ना तथा बढुवा गर्ने जस्ता धेरै नियमकानुनहरूको संशोधन यसै बमोजिम गरिए। तथापि, कोटासम्बन्धी सबैलाई समेट्ने स्पष्ट नियमकानुन नभएकाले त्यसैलाई सच्याउन भनेर सन् २०१२ को विधेयक ल्याइएको थियो। त्यस विधेयकमा महिला कोटाभित्र पर्ने सीमान्तकृत समुदायका सदस्यहरूका लागि थप कोटा पनि तोकिएको थियो र सुरक्षा बलहरूमा पनि सीमान्तकृत समूहहरूका निम्ति कोटा छुट्याइएको थियो। यस विधेयकलाई विशेषतः सेनामा मधेसीहरूको भर्नामा जोड दिन सरकारमा रहेका मधेसी मोर्चाद्वारा अगाडि सारिएको भन्ने हिसाबले हेरिएको थियो। "Bill on inclusion has Madhesi bias", *The Himalayan Times*, १५ फेब्रुअरी २०१२। यस विवादित विषयका बारेमा थप जानकारीका लागि हेर्नुहोस्, क्राइसिस ग्रुपको ब्रिफिङ, *नेपालको शान्ति प्रक्रियाः टुङ्गिने छाँट देखिएको छ,* माथि उल्लेखित, भाग ५।

[३२] "राष्ट्रिय जनगणना, २०५८ (जात/जातिको जनसङ्ख्या)" माथि उल्लेखित। "Inclusion bill mired in stiff opposition by secretaries", *Republica*, ६ जनवरी २०१२; "Brahmin, Chhetri listed as 'others'", *The Kathmandu Post*, ६ जनवरी २०१२। सरकारी कर्मचारीहरू असफल विधेयक कसरी रोक्न सक्छन् भन्नेबारेमा थाहा पाउन क्राइसिस ग्रुपले प्रयत्न गर्दा उनीहरूले मन्त्रिपरिषद्का प्रक्रियागत नियमहरू बाहिर ल्याउन नमिल्ने बताए। क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, काठमाडौं, जनवरी २०१२। लोकतान्त्रिक प्रणालीमा, निजामती कर्मचारीहरूले कानुन बनाउन रोक्न सक्छन् र मन्त्रिपरिषद् अथवा व्यवस्थापिका संचालन गर्ने नियमकानुनहरू पारदर्शी हुँदैनन् भन्ने दुवै कुराको कल्पना गर्न गाह्रो हुन्छ।

[३३] कोटासम्बन्धी सिकायतहरू अनेकौं छन् र तिनका अधिकांश सन्दर्भ उस्तै खालका छन्। नेपालमा उपल्ला जातका मान्छेहरूबाट धेरैजसो सुनिने गुनासो भनेको जनजाति र दलितमा पनि धनीमानी छन् र उपल्ला जातका मानिस पनि गरिब हुन्छन् भन्ने हो। सीमान्तकृत समूहहरूको गुनासोचाहिँ के भने उनीहरूका सबै उम्मेदवारहरूलाई प्रत्यक्ष प्रतिस्पर्धामा भाग लिन नदिई आरक्षित कोटामा रहन बाध्य पारिन्छ। उनीहरूको तर्कमा खुला प्रतिस्पर्धामा जान नसक्नेका लागि मात्र कोटा प्रणालीको प्रबन्ध हुनुपर्दछ। यस्तो भनाइको अर्थ के हो भने अल्पसङ्ख्यक समूहका सबै उम्मेदवारलाई प्रत्यक्ष प्रतिस्पर्धा गर्न लगाउनु सट्टा कोटामा राखिनाले अहिले खुला प्रतियोगिताका लागि राखिएको ५५ प्रतिशत उपल्ला जातका उम्मेदवारका लागि सुरक्षित कोटासरह हुन जान्छ।

[३४] सन् २००९ मा नेपालको कर्मचारीतन्त्रको ८३.९४ प्रतिशत स्थान उपल्ला जातका पहाडे हिन्दू समुदायका मुख्यतः बाहुन-छेत्रीहरूले ओगटेका थिए। सन् २००१ को जनगणनामा यी समूहको जनसङ्ख्या कुल जनसङ्ख्याको ३१ प्रतिशतभन्दा थोरै थियो। त्यसको तुलनामा कर्मचारीतन्त्रमा मधेसीको प्रतिनिधित्व ८.९३ प्रतिशत मात्र थियो (यद्यपि कुल जनसङ्ख्यामा उनीहरूको हिस्सा करिब ४० प्रतिशत छ) र दलितहरूको प्रतिनिधित्व सङ्ख्यात्मक हिसाबले उल्लेखनीय थिएन, यद्यपि उनीहरूले कुल जनसङ्ख्याको झन्डै १३ प्रतिशत भाग ओगटेका छन्। महेन्द्र लावती, "Ethnic Politics and the Building of an Inclusive State" in *Nepal in Transition: From People s War to Fragile Peace* (न्युयोर्क, २०१२), पृ. १४३। जनसङ्ख्याका सम्पूर्ण आँकडा "राष्ट्रिय जनगणना, २०५८ (जात/जातिको जनसङ्ख्या)", माथि उल्लेखित र "Dalits and Labour in Nepal: Discrimination and Forced Labour", International Labour Organization, २००५ बाट निकालिएका हुन्।

[३५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, जनवरी २०१२।

अनुदारवादी फैसला दिएर)। नयाँ संविधान आएपछि चाहिं त्यसको कार्यान्वयनमा कर्मचारीतन्त्रबाट अड्चन आउनेछ"।[३६]

ठूला नीतिगत चुनौतीहरूमा एउटा मुख्यचाहिं समूहहरूका व्यापक अनुभवप्रति संवेदनशील रहँदै उनीहरूलाई समेट्ने समावेशीकरणका रणनीति तयार गर्ने हो, केवल हचुवा तालको समानुपातिक उपायले काम चल्दैन। विभिन्न संस्था र निकायहरूमा सीमान्तीकृत समूहका सदस्यहरूको सङ्ख्या बढाउनु निःसन्देह जरुरी छ, तर सङ्ख्या मात्रैले समुचित प्रतिनिधित्व हुन्छ वा कुनै समुदायको भलाइ हुन्छ भन्ने होइन। केही कोटाहरू समाप्त हुने समयसीमाको प्रावधान पनि रहनुपर्छ, सबै खालका कोटाहरू स्थायी रूपमा रहनुपर्छ भन्ने छैन। समावेशीकरणका पक्षधर लगायत सबै सभासदहरूले सकारात्मक विभेद वा कोटा र सङ्घीयताबीचको सम्बन्धबारे विरलै छलफल गरेका छन्।[३७]

## ४. संविधानसभाका अन्तिम केही हप्ता

सङ्घीयता सम्बन्धमा माथ्ला तहका नेताहरूमाझ गम्भीरतासाथ छलफल मार्च २०१२ मा मात्रै सुरु भयो र अप्रिलमा त्यसले गति लियो। मध्य अप्रिलमा माओवादी पार्टीले आफ्ना लडाकूहरू, हातहतियार र शिविरहरू औपचारिक तवरमा नेपाली सेनालाई बुझाइदियो। यसबाट नेकाले पहिलेदेखि राख्दै आएको माग पूरा भयो। माओवादी तथा काङ्ग्रेसले सरकार परिवर्तन गर्ने र काङ्ग्रेसलाई सत्तामा आउन बाटो खोल्नेबारे फेरि छलफल थाले।

त्यस समय नयाँ संविधानमा सैद्धान्तिक प्रतिबध्दता मात्र देखाएर सङ्घीयतालाई पछिका लागि थाती राख्ने गाइँगुइँ पनि चलेको थियो। तर मधेसी, जनजाति र थारू समूहहरूले यसको विरोध गरे। उनीहरूले "सङ्घीयताबिना संविधान बन्दैन, पहिचानबिना सङ्घीयता हुँदैन" भन्ने अडान लिए।[३८] आयोगद्वारा संविधान बनाउने कुरालाई पनि अस्वीकार गर्दै उनीहरूले संविधानसभाबाहेक अन्य उपायबाट संविधान ल्याउने कुराको पनि विरोध गरे।[३९] यी कुरालाई अघि बढाइएको भए माओवादी पार्टीभित्रको असन्तुष्ट खेमा उसै बखत फुट्ने थियो होला। (संविधानसभा अवसान भए लगत्तै जसो पार्टी फुटि पनि हाल्यो)। सङ्घीयताका हिमायती सबै पार्टीका मध्यम तहका नेताहरूले पनि उच्चस्तरका आफ्ना नेताहरूलाई यस्तो निर्णय भएको खण्डमा उनीहरूको प्रतिक्रिया नकारात्मक हुने चेतावनी दिए।

यी छलफलहरू नोभेम्बर २०११ मा सर्वोच्च अदालतले संविधानसभालाई २७ मेमा म्याद सकिनुअगावै संविधान मस्यौदा पूर्ण गर्न निर्देशन दिँदै अर्को म्याद थपिनु गैरकानुनी हुने फैसला गरेको पृष्ठभूमिमा भएका थिए। म्यादभित्र संविधान बन्न नसकेको अवस्थामा पार्टीहरूले जटिल प्रश्नहरूको समाधाननिम्ति जनमत सङ्ग्रह गर्ने, नयाँ संविधानसभाको निर्वाचन गर्ने वा अन्य आवश्यक उपायहरू अवलम्बन गर्ने निर्णय लिनुपर्ने थियो। यीमध्ये जुनै विकल्प रोजे पनि मौजुदा संविधानमा संशोधन वा भोट गर्नु आवश्यक थियो, तर केही पनि गरिएन। केही पात्रहरूको दृष्टिमा यो कुरा र शान्ति प्रक्रियाका कैयन् विषयहरूमा अदालतको फैसलामा न्यायपालिकाको अति सक्रियता थियो। उनीहरूको भनाइमा यी मूलतः राजनीतिक विषय हुनाले अदालतको अधिकार क्षेत्रभन्दा बाहिरका थिए।[४०]

जनदबाब बढ्दै थियो। केही अखबारहरूले संविधानसभाको म्याद बढाउने कुराको विरोधमा आफूलाई उभ्याए, यद्यपि नयाँ संविधान आउँदैन भन्ने कुरा मे महिनामा छर्लङ्ग हुँदै गएको थियो। उनीहरूको तर्कमा यसो गर्नाले सङ्घीयता सम्बन्धमा राजनीतिज्ञहरूलाई सहमतिमा पुग्न बाध्य बनाउँथ्यो। तर यस प्रकारको आग्रहले पार्टीहरूलाई झन् कट्टर अडान लिन प्रोत्साहित गऱ्यो।[४१]

अप्रिल महिनाको पुछारतिर माओवादी, नेका, एमाले र मधेसी मोर्चा अनौपचारिक सहमतिमा पुगे। त्यस सहमतिले एउटा कुनै खास समूहका मागलाई मात्र सम्बोधन गरेको थिएन। त्यसलाई पहिले पहिलेका प्रस्तावहरूलाई एक ठाउँमा जोडेर सबैलाई पाच्य हुने खालको समेत बनाइएको थियो। नेकाको माग बमोजिम राज्यहरूको सङ्ख्या घटाएर छओटादेखि आठओटामा सीमित राख्ने र तराईमा दुईओटाभन्दा बढी राज्य नबनाउने कुरा परेको थियो। राज्यको नाम पनि एउटाभन्दा बढी

[३६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मधेसी मोर्चाका सदस्य, काठमाडौं, जनवरी २०१२।

[३७] संविधानसभाका एक जना काङ्ग्रेसी सदस्यले भने, "यसका लागि संवैधानिक सिद्धान्तहरू जरुरी भए पनि नयाँ संविधान बनेर आएपछि ऐनहरू बनाउँदै गर्दा त्यसबारे छलफल गरिनेछ।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काङ्ग्रेस र मधेसी मोर्चाका सभासदहरू, काठमाडौं, जनवरी-फेब्रुअरी २०१२।

[३८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मधेसी वार्ताकार, सञ्चारकर्मी, काठमाडौं, डिसेम्बर २०१२।

[३९] मार्चतिरै शीर्ष नेताहरूले सङ्घीयतासम्बन्धी महत्त्वपूर्ण धाराहरूलाई छाडेर संविधानको मस्यौदालाई अन्तिम रूप दिनेबारे छलफल गरेका थिए। राज्य पुनर्संरचनाबारेको निर्णयचाहिँ संविधानसभाको अवधिभन्दा पर्तिर धकेलिने सम्भावना देखेपछि अरू बेला एकअर्कासित नमिल्ने मधेसी र थारू नेताहरू एक ठाउँमा आए। "Morcha calls for statute with federalism, identity", *The Kathmandu Post*, १ अप्रिल २०१२।

[४०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, संविधानविद्हरू, मार्च र मे २०१२। नयाँ संविधानमा संवैधानिक अदालत लगायत केही प्रावधानहरू समावेश गर्न प्रस्तावित गरिएबाट न्यायपालिका बेखुसी रहेको कुरा जानकारीमा आएको थियो। उदाहरणका लागि, हेर्नुहोस् सुन्दर खनाल, "Judges, top leaders meet to iron out differences", *Republica*, २८ मार्च २०१२। न्यायपालिका र राजनीतिज्ञहरू विशेषतः माओवादीहरूसितको तनावबारे थप जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको ब्रिफिङ, *नेपालको शान्ति प्रक्रियाः टुङ्गिने छाँट देखिएको छ*, माथि उल्लेखित, पृ. १४। डिसेम्बर २०११ मा सर्वोच्च अदालतले ३,००० मधेसीहरूलाई नेपाली सेनामा भर्ना गर्नबाट रोक्यो। त्यो कुरा सरकारमा संलग्न मधेसी पार्टीहरूको एउटा मुख्य मुद्दा हो। सर्वोच्च अदालतले अन्ततः अप्रिल २०१२ मा आफ्नो फैसलालाई उल्टायो। "SC quashes writ on Madhesis' hiring", *The Kathmandu Post*, १३ अप्रिल २०१२।

[४१] यीमध्ये धेरै अखबारहरूले अचेल नयाँ निर्वाचनभन्दा पनि संविधानसभाको पुनःस्थापनाको पक्षमा लेखेका छन्।

जातीयताका आधारमा राखिने र पहाडी राज्यहरूको सिमाना भारतसित सीधा जोडिने कुरा त्यस सहमतिमा परेका थिए।[४२]

मे महिनाको सुरुतिर पार्टीहरूले औपचारिक सम्झौतामा हस्ताक्षर गरे। त्यसअनुसार नेका र एमाले सरकारमा सामेल हुने र पार्टीहरू मिलेर सबै संवैधानिक विषयहरूलाई समाधान गर्ने भन्ने थियो। अनि प्रधानमन्त्री भट्टराईले पद छाड्ने, काङ्ग्रेसको उम्मेदवारले सर्वदलीय सरकारको नेतृत्व गर्ने र त्यसैले २७ मेअघि संविधान घोषणा गर्ने तथा अर्को आमचुनाव समेत गर्ने कुरा पनि सम्झौतामा थिए।[४३]

पार्टीहरूले झन्डैझन्डै तयार भइसकेको मस्यौदालाई २७ मेका दिन ल्याउन सक्ने थिए। त्यसो भएको खण्डमा कुनै न कुनै प्रकारको संविधान पारित हुन सक्ने सम्भावना रहन्थ्यो अथवा काम भइरहेको छ भनेर देखाउन मिल्थ्यो र संविधानसभाको म्याद केही हप्ता वा केही महिना नै थप्नका लागि सर्वोच्च अदालतको चित्त बुझाउन सकिन्थ्यो।

मे १५ का दिन पार्टीहरूले एउटा सम्झौता गरे, तर त्यसमा त्यसअगाडि अघि सारिएका कुनै पनि प्रस्तावहरूको झल्को पाइन्न थियो। त्यस सम्झौताअनुसार सङ्घीय संरचनामा ११ राज्यहरू हुने र तिनीहरूको नाम र सिमाना पछि बनाइने आयोगद्वारा तोकिने भन्ने थियो। तराईलाई पाँच राज्यमा बाँडिने थियो। अनि थारू समुदायले दाबी गर्दै आएको सुदूरपश्चिमका केही मैदानी भाग पहाडी राज्यको हुने कुरा पनि त्यसमा परेको थियो। त्यस सम्झौताले नयाँ सरकारको गठन र प्रधानमन्त्रीको राजीनामा जस्ता प्रतिपक्षको सधैंको चासोबारे भने केही बोलेको थिएन।[४४]

त्यो सम्झौता माओवादी र मधेसी मोर्चाका नेताहरूलाई स्वीकार्य हुन सक्थ्यो होला, तर त्यतिन्जेलमा त्यो विषय उनीहरूका हातबाट फुस्केर सडकमा पुगिसकेको थियो। आफ्ना पार्टीको लाइन छाडेर ३२० जना माओवादी, मधेसी र जनजाति सभासदहरूले हस्ताक्षर गरी तुरुन्तै त्यस सम्झौताको विरोधमा एउटा प्रस्ताव प्रस्तुत गरे। एमालेका एक जना जनजाति नेताले भने, "त्यो सम्झौता शीर्षस्थ नेताहरूले सङ्घीयतालाई भाँड्न गरेका प्रयास थियो"।[४५] जुन जोडदार ढङ्गले त्यो सम्झौता अस्वीकृत भयो त्यसबाट माओवादी, मधेसी र जनजातिहरूको "सङ्घीयता समर्थक" एउटा फराकिलो गठबन्धन बन्न पुग्यो।[४६] त्यसको केही महिनासम्म लिम्बूवान समर्थक सङ्गठनहरू,[४७] आदिवासी जनजाति महासङ्घ, थारू समूहहरू जस्ता पहिचानको मुद्दा र आन्दोलनमा भिडिरहेका कार्यकर्ताहरू अनौपचारिक गठबन्धन खडा गर्नेबारे कुरा चलाइरहेका थिए। उनीहरूले मधेसी-माओवादी-जनजातिको खुकुलो गठबन्धनलाई राष्ट्रियस्तरमा समर्थन जनाए।

मे १५ को सम्झौताउपर संविधानसभामा छलफल भएन र त्यसलाई नैतिक वैधानिकता तथा संवैधानिक अनुमोदन दुवै नभएको हिसाबले हेरियो। एकपल्ट फेरि ठूला नेताहरूले गुपचुप सम्झौता गरेका थिए। त्यसमा उनीहरूका आफ्नै पार्टीका सबै पदाधिकारीहरूको प्रतिनिधित्व थिएन, जोजो उपस्थित हुँदा बढी प्रतिनिधमूलक हुन्थ्यो उनीहरूलाई पनि वास्ता गरिएन, अथवा यी विषयमा संविधानसभाभित्र रहेर गम्भीरतासाथ काम गर्नेहरूलाई पनि छुटाइएको थियो। विभिन्न समूहहरूका भित्री अभीष्टलाई पनि नेताहरूले गम्भीरतापूर्वक लिएनन्।

यो सम्झौता यस्तो बेलामा हुन पुगेको थियो जतिखेर उच्च जात र उच्च वर्गीय समूहहरूले सङ्घीयताप्रतिको प्रहार बढाइरहेका थिए। उता मधेसी, जनजाति, थारू र पहिचानमा आधारित अन्य समूहहरू पहिलेबाटै सशङ्कित भएकाले जुर्मुराइरहेका थिए। उनीहरूले उच्च जातका मानिसहरूद्वारा गरिएको नयाँ हकदाबीलाई सङ्घीयता विरोधी ठाने र त्यसैगरी पार्टीहरूबीच भएको सम्झौतालाई पनि "सङ्घीयतालाई टार्ने" तथा "पहिचानको प्रश्नलाई विसर्जन गर्ने" प्रयासका रूपमा हेरे र दुवैउपर प्रतिक्रिया जनाए।[४८]

---

[४२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, वरिष्ठ वार्ताकार, काठमाडौं, जून २०१२।

[४३] ३ मेमा भएको यो सम्झौता अर्को निर्वाचनअगाडि सरकार बनाउन नपाइने हो कि भन्ने नेपाली काङ्ग्रेसको आशङ्कालाई निवारण गर्न सन् २०११ को अनौपचारिक समझदारीको आधारमा भएको थियो। हेर्नुहोस् क्राइसिस ग्रुपको ब्रिफिङ, *नेपालको शान्ति प्रक्रियाः टुङ्गिने छाँट देखिएको छ,* माथि उल्लेखित, भाग ६.ख; "Parties agree on unity govt under Bhattarai", *The Kathmandu Post*, २ मे २०१२; र क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, अप्रिल-जून २०१२। मार्चको गतिविधिका सम्बन्धमा हेर्नुहोस् "Turning Point", *The Kathmandu Post*, २८ मार्च २०१२। पूर्व लडाकूहरूको समायोजनका बारेमा हेर्नुहोस् भाग २। काङ्ग्रेससहितको संयुक्त सरकार १७ दिनसम्म मात्र टिक्यो। संविधानसभाको म्याद बढाउन सहमत भइसकेको काङ्ग्रेसले त्यसो गर्ने विधेयक प्रस्तुत भएपछि आफ्नो विचार फेऱ्यो। "NC quits govt after 17 days", ekantipur.com, २४ मे २०१२।

[४४] फणीन्द्र दाहाल र कमलदेव भट्ट, "Finally, deal on 11 states, mixed governance model", *The Kathmandu Post*, १६ मे २०१२।

[४५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, एमाले जनजाति नेता, काठमाडौं, जून २०१२।

[४६] "Finally, deal on 11 states, mixed governance model", माथि उल्लेखित। "Dahal seeks revision to deal on 11 states", *The Kathmandu Post*, २० मे २०१२; "PM says will review 11-state deal", *The Kathmandu Post*, १९ मे २०१२।

[४७] नेपालका पूर्वी पहाडमा सक्रिय रहेका लिम्बूवान समूहहरूले लिम्बू जातिको ऐतिहासिक थलो "लिम्बूवान" नाम भएको राज्यको माग गरिरहेका छन्। ती समूहहरूले सन् २००९ र २०१० मा आन्दोलन उत्कर्षमा पुगेको बखत अग्राधिकार र आत्मनिर्णयको अधिकारसमेतको मागलाई जोडतोडले उठाएका थिए। लिम्बूवान आन्दोलनको शक्ति धेरै सानातिना समूहमा टुक्रिएको भए पनि आफ्ना मागहरूलाई अगाडि बढाउन आन्दोलनले अनेक प्रकारका तौरतरिका प्रदर्शन गऱ्यो। त्यसमा युवा सैन्य समूह बनाउने, "लिम्बूवान" मा प्रवेश गर्ने आगन्तुकहरूलाई स्वागत छ भन्ने साइनबोर्डहरू झुण्ड्याउने, लिम्बूवान भूमि भनेर दाबी गरिएको ठाउँबाट लगिने व्यापारिक सरसमानबाट "कर" उठाउने जस्ता कामहरू थिए। थप जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, नेपालः *पहिचानको राजनीति र सङ्घीयता,* माथि उल्लेखित, भाग ३.ग.१।

[४८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, एमाले जनजाति नेता, काठमाडौं, जून २०१२। "Morcha, Janajatis slam states 'sans identity'", *The Kathmandu Post*, १६ मे जून २०१२; "Broader Madhesi Front all set to protest 11-state model", *The Kathmandu Post*, १८ मे २०१२। केही जनजाति नेताहरू पनि के तर्क गर्दछन् भने १५ मेको सम्झौतामा प्रस्तावित गरिएको ११ वटा प्रदेशहरूमा पनि उपल्लो जात समूहकै प्रभुत्व हुनेछ।

ठाउँठाउँमा भएका साम्प्रदायिक रङका हिंसाका केही छिटफुट घटना अन्यत्र फैलिने डर भयो।

मे १५ को सम्झौता काम नलाग्ने भएपछि संविधानसभालाई थप समय आवश्यक पर्ने कुरा प्रस्ट भइसकेको थियो। मे २२ का दिन पार्टीहरूले तीन महिनाको म्याद अन्तिम पटक थप गर्नका लागि विधेयक प्रस्तुत गरे। त्यसको दुई दिनपछि त्यस कार्यलाई चुनौती दिँदै हालिएको रिट निवेदनमा सर्वोच्च अदालतले नोभेम्बर २०११ को आफ्नो फैसलालाई सकार्दै संविधानसभाको म्याद पुनः थप गर्न नमिल्ने फैसला दियो। त्यसमाथि अझ प्रधानमन्त्री र उपप्रधानमन्त्रीद्वारा अदालतको मानहानि भएको भनी दुवैलाई आफैं हाजिर भई स्पष्टीकरण पेस गर्न आदेश समेत अदालतले दियो।[४९]

खँदिला विषयमा कुराकानी हुँदाखेरि वा संविधानसभाको म्याद थप्नेबारे गरिएको छलफलमा पनि पहिले पटकपटक भएझैं यस पटक पनि सरकार बनाउने र पार्टीहरू सत्तामा कसरी पुग्ने भन्ने कुरा नै हावी रह्यो। पार्टीहरूले सङ्घीयताबारे छलफलको प्रयास गरिरहेकै बेला काङ्ग्रेसका केही नेता र उपाध्यक्ष मोहन वैद्यद्वारा नेतृत्व गरिएको असन्तुष्ट माओवादी खेमा प्रधानमन्त्री बाबुराम भट्टराईलाई अपदस्थ गर्नलाई समर्थन जुटाइरहेका थिए। एमाले संस्थापन पक्षका धेरैजसोले यसलाई समर्थन दिए र प्रतिपक्षमा रहेको बृहत् मधेसी मोर्चा नामक एउटा सानो मोर्चाले पनि साथ दियो। यसबाट सबैतिरको जोडघटाउमा फरक पर्न गयो।[५०]

## ५. काठमाडौंबाहिरको मनोदशा

मध्य मे महिनाको विफल सम्झौता हुनुअघि संविधानसभा भवन तथा काठमाडौंबाहिर अन्यत्र जुलुस निस्कने क्रम बढिरहेको थियो। सङ्घीयता अवश्यमभावी देखिएको थियो र पुनर्संरचित राज्यमा आफ्ना प्रभाव तथा अवसर घट्ने डरले उच्च जातका समूह र सहरी अभिजात वर्गले परिवर्तनलाई रोक्ने वा केही सहुलियत प्राप्त गर्ने अन्तिम मौका देखे। छेत्री समूहहरूले मध्यपश्चिम पहाडमा र अन्य उच्च जातका समूहहरूले सुदूरपश्चिममा अप्रिल र मे महिनामा ठूलठूला विरोध प्रदर्शनहरूको आयोजना गरे।[५१] थारू समूहहरूले पनि सुदूरपश्चिममा विरोध आन्दोलन सुरु गरे, जसले गर्दा दुई समूहहरूबीच झडपहरू पनि भए। मे १५ को सम्झौताबाट सङ्घीयताका पक्षधरहरूको आशङ्का सही साबित भयो। अनि आदिवासी जनजाति महासङ्घले त्यसको विरोधमा तीन दिने राष्ट्रव्यापी आमहडताल गरे। दुवै पक्ष बेलाबखत हिंसात्मक व्यवहारमा ओर्लिए र सुरक्षा बलले भीड तितरबितर पार्न शक्ति प्रयोग गर्नुपर्‍यो। विभिन्न मधेसी समूहहरूले हर्सौं तराई बन्द गरे भने लिम्बूवान समूहहरूले पूर्वी नेपालका भागहरू।

सङ्घीयताबारे उनीहरूका पार्टीको जेसुकै धारणा रहेको भए पनि पार्टीका खेमा र नेताहरूले यी विविध आन्दोलनहरूलाई भित्री तवरले वा सोझै समर्थन गरेका थिए। धेरै राष्ट्रिय र मध्यम दर्जाका नेताहरू राज्यस्तरीय राजनीतिमा निजी भविष्य देखिरहेका छन् र त्यसैले स्थानीय वा क्षेत्रीय मामिलामा उनीहरूको रुचि पनि बढिरहेको छ।

झडप र हिंसाका घटना त्यस्तो अवस्थामा भएका छन् जति बेला दुई थरी आन्दोकारीहरूको जुलुस एकअर्काको आमनेसामने भएका थिए, उनीहरूले एकअर्काबाट खतरा महसुस गरे, उत्तेजक भाषणहरू भए वा हल्ला फैलियो वा प्रहरीको व्यवहार उचित रहेन।[५२] उदाहरणका लागि, आदिवासी जनजाति महासङ्घ र अन्य आलोचकहरू सङ्घीयतावादी आन्दोलनप्रति सञ्चारमाध्यम पूर्वाग्रही भएको औंल्याउँछन् र सुदूरपश्चिममा उच्च जातका समूहले चलाएको आन्दोलनचाहिँ "सफल" भनेर समाचार दिने गरेको बताउँछन्। यी कुनै पनि कारणले हिंसात्मक प्रतिक्रियाको औचित्य सावित हुँदैन, न त आदिवासी जनजाति महासङ्घको नेपाल बन्दको औचित्य नै सिद्ध हुन्छ। तर राज्य र सञ्चारमाध्यमको व्यवहार पूर्वाग्रही रहेको पत्यारिलो आरोपले जुझारु भावनालाई तिखार्ने काम गर्छ।[५३]

जस्तो बहुधा हुने गर्छ, आन्दोलनकारी र सरकारबीच सम्झौता भएपछि ती आन्दोलनहरू समाप्त भए। उदाहरणका लागि, सुदूरपश्चिमाञ्चल, आदिवासी जनजाति महासङ्घ र थारू समूहहरूसित सरकारले गरेको सम्झौतालाई लिन सकिन्छ।[५४] ती सम्झौताहरूमा हस्ताक्षर गर्ने एक मात्र उद्देश्य आन्दोलन टुङ्ग्याउने रहेको देखिन्छ। त्यसपछाडि कुनै निश्चित नीति वा तर्क देखिन्न। तिनीहरूमा धेरै परस्परविरोधी प्रतिबद्धताहरू रहेबाट तिनलाई कार्यान्वयन गर्ने मनसाय नभएको बुझ्न सकिन्छ।[५५]

---

[४९] ढिलासुस्तीका लागि कहलिएको नेपालको सन्दर्भमा यो साह्रै असामान्य कुरा हो। अदालतको मानहानि गरेको दोषी ठहरिएमा एक वर्षसम्मको कैद सजाय वा रु. १०,००० सम्मको जरिवाना हुन सक्छ। अहिले आएर त्यो मुद्दा तामेलीमा रहेको देखिन्छ।

[५०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, वरिष्ठ काङ्ग्रेसी वार्ताकारहरू, माओवादी सदस्यहरू, विरोधी पक्षका मधेसी नेताहरू, काठमाडौं, जून २०१२। काङ्ग्रेसभित्रको प्रतिस्पर्धा र गुटबन्दीबारेमा थप जानकारीका लागि हेर्नुहोस् भाग २.ख.३ र क्राइसिस ग्रुपका ब्रिफिङहरू, *नेपालको शान्ति प्रक्रियाः टुङ्गिने छाँट देखिएको छ,* माथि उल्लेखित पृ. ११ र *नेपालको लागछोड शान्ति प्रक्रिया,* माथि उल्लेखित, पृ. १२।

[५१] सुदूरपश्चिमको आन्दोलन र थारू आन्दोलनबारे थप जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको संविधान (दुई),* माथि उल्लेखित, भागहरू ४.ख र ग।

[५२] उदाहरणका लागि, थारू समूह र केही मानवअधिकारकर्मीहरूले मध्य र सुदूरपश्चिम नेपालमा प्रहरीको भूमिका पक्षपातपूर्ण भएको आरोप लगाए। "THRD call for urgent action to stop communal violence in Western Tarai", तराई मानवअधिकार रक्षक सञ्जाल, ९ मे २०१२।

[५३] यिनमध्ये केही तर्कहरूको मजबुनका लागि हेर्नुहोस्, "Tactical mistakes", *The Kathmandu Post,* २२ मे २०१२।

[५४] आदिवासी जनजाति महासङ्घको आन्दोलनले २२ मेमा सरकारलाई राजनीतिक अग्राधिकार मात्र लगायो। "Nefin-govt deal displeases NC, UML", २४ मे २०१२।

[५५] टिप्पणीकार तथा अनुसन्धानकर्ता दीपक थापाले के उल्लेख गरेका छन् भने सबै सरकारहरू आन्दोलनकारी समूहसँग उनका सही माग पूरा गर्नका लागि परस्पर विरोधी सम्झौतामा हस्ताक्षर गर्छन्। त्यस्ता मागहरूको छ्यानब्यान गर्न एउटा बृहत् "गोलमेच भेला" को खाँचो उनी देख्छन्। "Piecemeal approach",

समावेशीकरणको प्रश्न पनि उठ्यो। मे महिनाको सुरु र मध्यतिर माथ्ला जातका हिन्दू समुदायले आदिवासीको दर्जा माग गर्दै राष्ट्रव्यापी हडताल गरे। "आदिवासी" को दर्जा किन पनि महत्त्वपूर्ण छ भने यसबाट विशेष कोटा र आरक्षणमा पहुँच मिल्छ।[४६] आन्दोलनकारीहरूले जातीय आधारमा राज्यको पुनर्संरचना गर्न नहुने माग पनि राखेका थिए। हिन्दू वर्णाश्रमका मानिसहरू कुनै खास ठाउँलाई बासस्थानका रूपमा दाबी गर्दैनन् र नेपालभरि नै छरिएर बसेका छन्। दलितहरूले आन्दोलनमा भाग लिएका थिएनन्, तर सरकारले उच्च जातका समूहहरूसित सम्झौता गर्दा उनीहरूलाई पनि सामेल गरिएको थियो।[४७] जनजाति कार्यकर्ताहरूले त्यसको चर्को आलोचना गरे। उनीहरूको भनाइमा सूचीकृत ५९ आदिवासी जनजाति समूहहरूले आदिवासी जनजाति उत्थान प्रतिष्ठान ऐन २००२ मा उल्लेखित पूर्वसर्तहरू पूरा गरेका छन् र जनजातिहरूको भनाइमा बाहुन तथा छेत्री समूहहरूले ती सर्त पूरा गर्दैनन्।[४८]

हिंसा, बन्द-हडताल र उत्तेजनात्मक भाषाको प्रयोग सबै पक्षबाट गरिएकाले पहिचानको प्रश्न साँच्चि नै विभाजनकारी हुने रहेछ भन्ने धारणा झनै बलियो हुन पुग्यो। बन्द र भिडन्तका घटनाहरूबाट बन्दव्यापारलाई कति नोक्सानी पुग्न सक्छ भन्ने देखियो, तर राज्य पुनर्संरचना हुँदैमा व्यापारिक कारोबारको मुनाफा घट्दैन भनेर बुझाउने काम कतैबाट भएन। तसर्थ गैरराजनीतिक र राजनीतिक उच्च जातका समूहहरू तथा व्यापारिक समुदाय, सञ्चारमाध्यम तथा नागरिक समाजमा प्रतिनिधित्व भएका उच्च वर्गका स्वार्थलाई एकअर्कासित नजिकिन सजिलो भयो। सामाजिक सद्भावका लागि यस्ता विवादमा अल्झिनु हुँदैन र हरेकले सिङ्गो नेपाली पहिचानलाई बोक्नुपर्छ भनेर आह्वान गर्न बाटो मिल्यो।[४९] उच्च जात र वर्गका समूहहरूले यस प्रकार व्यापक र सशक्त तरिकाले खुलेर अडान देखाउनु नौलो परिघटना थियो, जसका कारणबाट परम्परागत पार्टीहरूका जातीय सङ्घीयता विरोधी नीतिले झनै बल पायो।

## ख. मे २७ का दिन के भयो

संविधानसभाको अवसानमा नौ ग्रह एकै ठाउँमा आएको थियो। हरेकले यसलाई केही लिएरै छाड्ने अन्तिम मौकाका रूपमा हेरेका थिए। पार्टीहरूलाई एकअर्काको जब्बर अडानबारे जानकारी थियो, तर अर्को पक्षले पहिले आँखा झिम्क्याउला भन्ने आशामा उनीहरू थिए। जति दियो झन् बढी दिनुपर्ने अवस्था रह्यो। सरकार बनाउनेबारे तानातानी र पार्टी फुटाउने धम्की हरेक छलफलमा चल्थ्यो। लोकतान्त्रिक अभ्यासलाई लत्याइयो। केही परम्परावादी पात्रहरूको सङ्घीयताप्रति सहानुभूति नभएको होइन, तर उनीहरू "माओवादी कार्यसूची" सफल भएको हेर्न तयार थिएनन्। सम्बन्धित पार्टीहरू आफ्नै भविष्यको अड्कलबाजीमा लागेका थिए। संविधानसभा र संविधान दुवै नहुँदा समीकरण कसरी बदलिन्छ भन्ने उनीहरूले हेक्का राखेनन्।

संविधानसभाका अघिल्तिर सर्वोच्च अदालतले नोभेम्बर २०११ को फैसलामा दिएको सुझाउ लगायत धेरै विकल्पहरू उपलब्ध थिए। सरकारले सङ्कटकालको घोषणा गर्न सक्थ्यो। त्यसले संविधान ल्याउने वा संविधानसभा लम्बिने कुराको ग्यारेन्टी त गर्न सक्दैन थियो, तर त्यसका कारण केही समय अवश्य मिल्ने थियो। लगभग पूर्ण संविधान ल्याउन

---

*The Kathmandu Post*, २४ मे २०१२। सरकार र जातीय तथा क्षेत्रीय आन्दोलनकारीहरूबीच हस्ताक्षर भएका केही सम्झौताका उदाहरणका लागि, हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालः पहिचानको राजनीति र सङ्घीयता*, माथि उल्लेखित, पृ. ८।

[४६] कोटासम्बन्धी थप जानकारीका लागि हेर्नुहोस्, भाग २.क.२ माथि। विरोध गर्नेमा छेत्री, बाहुन र ठकुरीका सङ्गठनहरू थिए। यहाँ "ठकुरी" भन्नाले पहाडी मूलका हिन्दू उच्च जातलाई जनाउँछ, जुन समूहको शाह वंशसित लामो र घनिष्ठ सम्बन्ध रहेको छ। यस गठबन्धनमा पहिला आपसमा नमिल्ने ठानिएका समूहहरू परेका छन्। उदाहरणका लागि, बाहुनहरूको सङ्गठनप्रति छेत्री समूहहरू आलोचना गर्दै आएका छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, छेत्री समाज नेपालका नेता, काठमाडौं, जनवरी २०१२। "Bahun-Chhetris to intensify protests; Nefin slams plan", *The Kathmandu Post*, ११ मे २०१२।

[४७] छुवाछुतको चलन समेत खेप्दै गरेका नेपालका दलित सबभन्दा उपेक्षित र भेदभावबाट पीडित समूह हो। उनीहरूको आफ्नै भूभाग र जनसाङ्ख्यिक बढत पनि नभएकाले राज्यको पुनर्संरचनाबाट उनीहरूले खासै फाइदा पाउने छैनन् र उनीहरूले आफूलाई जोडतोडले परिचालित पनि गरेका छैनन्। दलितहरू (र केही हदसम्म थारूहरूको पनि) अन्य सीमान्तीकृत र पहिचानवादी समूहहरूसितको सम्बन्ध असजिलो किसिमको छ। उदाहरणार्थ, धेरै जनजाति समुदायहरूले दलितहरूलाई हेलाहोचो गर्ने हिन्दू आचरण र व्यवहार अपनाउने गरेका छन्। क्राइसिस ग्रुपको रिपोर्ट पनि हेर्नुहोस्, *नेपालको संविधान (दुई)*, माथि उल्लेखित, भाग ५.क।

[४८] "Bahun-Chhetri Samaj banda off", *The Kathmandu Post*, १८ मे २०१२। शाब्दिक रूपमा हेर्दा "आदिवासी" को अर्थ अल्मल्याउने खालको छ। नेपालमा मानव बसोबास आप्रवासनको लहरबाट भएको हो, तर केही समुदाय मात्र आफूलाई पक्का "आदिवासी" भएको दाबी गर्न सक्छन्। सन् १९९० को दशकसम्म हिन्दू जात प्रणालीभन्दा बाहिर रहेको प्रकृतिपूजन र झाँक्रीवादका तत्त्व भएका धार्मिक परम्परा मान्ने नेपालका खासखास भूभागहरूमाथि आफ्नो ऐतिहासिक, सांस्कृतिक र धार्मिक घनिष्ठता रहेको दाबी गर्ने र भोटबर्मेली परिवारको भाषा मातृभाषा हुने समुदायलाई बुझाउन "जनजाति" शब्द प्रयोग गरिन्थ्यो। यस हिसाबले "जनजाति" शब्दले प्रभुत्वशाली सांस्कृतिक मान्यताबाहिर रहेको समूहलाई जनाउँछ। "आदिवासी" शब्दावलीको प्रयोग अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्ने हेतुले सन् १९९० को दशकको मध्यबाट हुन थाल्यो। त्यति बेला जनजाति आन्दोलनकारीहरूले आफ्ना जातीय समूहहरूमा आदिवासीपनका धेरै चिनारी भएको महसुस गरेर आफूलाई त्यस शब्दबाट परिभाषित गर्न थाले। यस अर्थमा आदिवासीपन शब्दिकभन्दा पनि बढी राजनीतिक दाबी हो।

[४९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, व्यापार विश्लेषक, काठमाडौं, मे २०१२। आदिवासी जनजाति महासङ्घले गरेको आन्दोलनको जवाफमा काठमाडौंको झकिझकाउ सडकमा २३ मेमा आयोजना गरिएको ऱ्यालीको नारा "जातीय सद्भाव" थियो। त्यसमा वक्ताहरूले जातीय आधारमा उठाइएका मागहरूले नेपालको राष्ट्रिय एकतालाई नोक्सान पुऱ्याउने बताए। त्यस जुलुसको अभीष्ट बहिष्करणमा परेका समुदायका मागहरूलाई फासफुस पार्नु मात्र नभई राजतन्त्रलाई फर्काउनुपर्छ भन्ने जस्तो पनि भान हुन्थ्यो। एक जना लोकप्रिय राजावादी कलाकारले ऱ्यालीमा यस्तो नारा लगाएः "हाम्रो नेपाल हाम्रो देश प्राणभन्दा प्यारो छ"। धेरैजसो नेपालीहरूले यसलाई पूर्ण राजतन्त्रको पक्षमा लाग्ने "हाम्रो राजा हाम्रो देश, प्राणभन्दा प्यारो छ" भन्ने नाराका रूपमा लिन्छन्। त्यो ऱ्याली नेपाल उद्योग वाणिज्य महासङ्घ र नेपाल पत्रकार महासङ्घ तथा अरू संस्थाहरू समेतले मिलेर आयोजना गरेका थिए। प्राज्ञ महेन्द्र लावतीले त्यस ऱ्यालीले जनजाति र पहिचानमा आधारित आन्दोलनलाई झनै चिढाउने काम गरेको बताए। "Identity, mobilisation and the state", *The Kathmandu Post*, २५ मे २०१२।

सकिन्थ्यो र त्यसलाई परिष्कृत गरेर अन्तिम रूप दिने काम "प्राविधिक टोली" लाई दिन सकिन्थ्यो। अधकल्चो नै भए पनि संविधान जारी गर्नाले संविधानसभा संसदको रूपमा बाँचिरहन सक्थ्यो वा पछि कुनै अर्को निकायले रहलपहल प्रश्नहरूलाई किनारा लगाउन सक्थ्यो। पार्टीहरूले अदालतले दिएको निर्वाचनको विकल्पउपर गम्भीरतापूर्वक छलफल गरेनन्। हुन त मधेसी मोर्चाले संविधानसभाको अन्तिम अन्तिमतिर यसको उल्लेख गर्न थालेको थियो। संविधानसभाका अध्यक्ष संसदका सभामुख पनि हुन्, सहमति नभएको अवस्थामा उनले बैठक बोलाउन सक्थे र त्यसलाई केही दिनसम्म जारी राख्न सक्थे र त्यस प्रकार नेताहरूलाई एउटा सहमतिमा पुग्न बाध्य गराउन सक्थे। सबै पार्टीहरू मिलेर अदालतलाई चुनौती दिन सहमत भएको अवस्थामा संविधानसभाको म्याद थपिन सक्थ्यो।[६०]

त्यति नै बेलातिर अन्तरपार्टी राजनीतिक गठबन्धनहरू देखा परिरहेका थिए, जसले आफ्नै पार्टीका नेताहरूलाई चुनौती दिइरहेका थिए। माओवादी र मधेसीहरूको गाँठो अगस्ट २०११ संयुक्त सरकार बनेदेखि नै कसिएको थियो। मधेसी र जनजातिहरूमा त्यसको केही महिनाअघि नै एकअर्काको सम्झौतावार्तामा दखल नदिने सहमति भइसकेको थियो। यी तीनै शक्तिका प्रभावशाली पात्रहरू २७ मेभन्दा केही मात्र अघि सङ्घीयताप्रति सैद्धान्तिक प्रतिबद्धता जनाएर त्यसलाई विस्तार गर्ने काम आयोग अथवा बाँकी रहने संसदलाई जिम्मा लगाउने उपाय विश्वासयोग्य छैन भन्नेमा सहमत भइसकेका थिए। राजनीतिक पार्टी, कर्मचारीतन्त्र र न्यायपालिकाका परम्परागत उच्च वर्गले पछि गएर सङ्घीयतालाई रोक्ने नयाँ उपायहरू फेला पार्ने थिए। सङ्घीयता र समावेशीकरणबारे विगतमा भएका कैयन् सम्झौताहरूको परिपालना नभएको सन्दर्भमा पनि त्यो विकल्प कामलाग्दो देखिएन।

मूलतः सङ्घीयताको सवालमा रहेको आन्तरिक मतभिन्नताका कारण चलखेल गर्ने आफ्नै ठाउँ साँघुरिन्छ भन्ने कुरा पार्टीहरूले पहिलेबाटै आँक्न सकेनन्। बरोबर फुटिरहने मधेसी पार्टीहरू समेतका मध्यम तहका नेताहरूले आफ्ना नेताहरूलाई सम्झौतामा ठाउँ नछाड्न चर्को दबाब दिएका थिए। माओवादी पार्टीले सङ्घीयताबारे अलिकति पनि बढ्ता लचकता देखाउन खोजेको भए वैद्य गुटले तत्काल पार्टी छाडिहाल्ने थियो। एमालेका जनजाति सदस्यहरूले २७ मेका दिन पार्टी नेताहरूले उनीहरूलाई आफ्ना माग छाड्न लगाएको खण्डमा आफूहरूले तुरुन्तै पार्टी छाड्ने बताएका थिए। मे २७ का दिन पार्टी फुटाउने र छाड्ने कार्य भएको खण्डमा सबै पार्टीका नेताहरूमा पर्ने त्यसको नकारात्मक असर थामिनसक्नु हुने थियो, शान्ति सुव्यवस्थामा र संविधान लेखन प्रक्रियाको निरन्तरतामा पनि त्यस्तै असर पर्ने थियो।[६१]

## १. वार्ताहरू

२७ मे २०१२ का दिन माओवादी, काङ्ग्रेस, एमाले र मधेसी मोर्चा यी चार ठूला पार्टीका नेताहरू सङ्घीयताबारे कुरा मिलाउन भनेर बिहान ९.३० बजे प्रधानमन्त्रीको बालुवाटारस्थित निवासमा भेला भए। माओवादीको संस्थापन पक्ष र मधेसी मोर्चा १५ मेमा तय भएको एघार राज्यको मोडेललाई समर्थन गर्न नसक्ने कुरामा प्रस्ट थिए। उनीहरूले जातीय नामसहितको दश वा चौध राज्य र तराईमा दुईओटाभन्दा बढी राज्य हुनहुन्न भन्ने मागमा अड्डी लिए। बृहत्तर सहमतिका लागि काङ्ग्रेस र एमाले यस प्रस्तावलाई मान्न बाध्य हुन्छन् भन्ने उनीहरूले आशा गरेका थिए।

यसभन्दा अलिकति पनि ठाउँ छाडेर सम्झौता गर्नुको अर्थ माओवादी पार्टीका नेता प्रचण्डले पार्टीभित्रका जनजाति कार्यकर्ताहरूबाट गम्भीर चुनौती बेहोर्नुपर्ने थियो। यसै पनि उनीहरूलाई उपाध्यक्ष मोहन वैद्यले आफूतिर तान्न खोजिरहेका थिए। मधेसी मोर्चामाथि पनि युवा नेताहरू, मधेसी नागरिक समाज तथा बौद्धिक वर्गको प्रबल दबाब परिरहेको थियो। यी पार्टीहरूलाई जनस्तरमा उपेन्द्र यादवले नेतृत्व गरेको मधेसी पार्टीहरूको अर्को प्रतिद्वन्द्वी मोर्चा, बृहत्तर मोर्चाले साख जमाउला भन्ने डर थियो र त्यस मोर्चाले सिङ्गो मधेसको माग अझै छाडेको थिएन।[६२] मधेसी मोर्चाका एक जना वरिष्ठ नेताले भने, "हामीले त्यसभन्दा बढ्ता ठाउँ छाडेका भए हाम्रो पूरै कार्यसूची हराउने थियो। संविधान लेखन प्रक्रिया खोक्रो हुने थियो। तसर्थ सारभूत वस्तु छाडेर प्रक्रियालाई मात्र जोगाउनुको के अर्थ?" अन्तरपार्टी जनजाति समूह (ककस) मा सक्रिय भूमिका खेल्ने आफ्ना ४१ जना जनजाति सदस्यहरूको एक साथ पार्टी छाड्ने धम्कीले गर्दा त्यतिखेर एमालेको हात पनि बाँधिएको थियो।

त्यति हुँदाहुँदै पनि काङ्ग्रेस र एमाले माओवादी र मधेसीहरूले प्राथमिक बाध्यताका कारण जसरी भए पनि संविधानसभा, संविधान र सङ्घीयतालाई जोगाउने छन् भन्नेमा ढुक्क थिए। त्यसैले उनीहरू चर्को मोलमोलाही गर्नेतिर लागे। काङ्ग्रेस, एमाले र माओवादीहरूको असन्तुष्ट गुटले सरकार विरुद्ध अविश्वासको प्रस्ताव ल्याउनलाई समर्थन पनि जुटाइरहेका थिए। तर उनीहरूलाई पनि के हुने हो पक्का थिएन। विशेषगरी एमालेका युवा तप्काका केही नेताहरू यस्तो बेलामा सत्ताको साझेदारी पछाडि दौडने कामलाई विसङ्गतिपूर्ण बताइरहेका थिए।

दिउँसो खाना खानका लागि बैठक स्थगित हुँदासम्म गाँठी विषयमा छलफल एकदमै थोरै भएको थियो, तैपनि धेरै कुरा छर्लङ्ग भइसकेका

[६०] गाँठो फुकाउने वैधानिक बाटो भनेर अन्तरिम संविधानमा पार्टीहरूबीच हुने सहमतिलाई मान्यता दिइएको छ।

[६१] तलको भाग क्राइसिस ग्रुपले सन् २०१२ को ३० मेदेखि मध्य जूनसम्म काठमाडौंमा रहेका माओवादी, काङ्ग्रेस, एमाले, मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक), मधेसी जनअधिकार फोरम (गणतान्त्रिक), मधेसी जनअधिकार फोरम (नेपाल) र सद्भावना पार्टीका २१ जना केन्द्रीय नेताहरूसँग गरेको कुराकानीमा आधारित छ। उनीहरू सबै जना सम्झौतावार्तामा र कोहीकोही भने संविधान लेखन कार्यमा समेत संलग्न थिए। अन्तर्वार्ता दिनेहरूमध्ये दुई जनाभन्दा बढी व्यक्तिले यस विवरणउपर सही थापेका थिए।

[६२] तीन वर्षभन्दा धेरै समयदेखि यादव काठमाडौंको राजनीतिबाट हराएका छन्। तैपनि उनले मधेसी जनअधिकार फोरम (मजफो) को अगुवाई गरेका छन्, जुन फोरम मधेसी एजेण्डाको पर्यायवाची बनेको छ। उनले तल्ला तहको महत्त्वपूर्ण सञ्जाल बनाएका छन् र दाग लागेका नेताहरूमाझ उनले स्वच्छ प्रतिष्ठा बनाउन सकेका छन्। उनी माओवादी पार्टीका वैद्य समूहको नजिक छन्। थप जानकारीका लागि हेर्नुहोस्, भाग ३ र क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको विस्तार हुँदै गएको राजनैतिक गणित,* माथि उल्लेखित, भाग ३.ग।

थिए। पार्टीहरूले सङ्घीयतामा गुमाउने कुरा बढी र पाउने कुरा कम देखिरहेका थिए। राज्य पुनर्संरचना भएमा आफ्ना सामाजिक समुदायलाई ठूलो नोक्सानी हुनेछ भन्ने निजी रूपमा व्यक्तिहरूलाई लागिरहेको थियो। निजी स्वार्थभन्दा पर्तिर गएर सोच्ने यदि केही पात्रहरू थिए भने उनीहरूले संविधान पारित भएमा समूहहरूबीच हिंसा भड्किने खतरा देखिरहेका थिए। विशेषतः माओवादी पार्टी र एमालेका लागि पार्टी संरचना र नेतृत्वमा चुनौती उत्पन्न भएको थियो। सबै पात्रहरू आफ्नै राजनीतिक भविष्यउपर घोत्लिरहेका थिए।

पार्टीहरू ३ बजे प्रधानमन्त्रीको निवासमा फेरि बस्दा कुनै सम्झौतामा पुग्न नसकिने छाँट प्रस्ट देखिन्थ्यो, खासगरी काङ्ग्रेसको हकमा। पार्टीहरूले महिला र दलित लगायतका ससाना अल्पसङ्ख्यक (ककस) समूहहरूलाई पनि भेटे। जनजाति ककस (समूह) १५ मेको सम्झौतापछि अप्रत्याशित ढङ्गले एकदमै शक्तिशाली भएर आएको थियो, तर त्यही ककस राज्यका नामको सम्बन्धमा लचिलो देखियो। जातीय समूह र भौगोलिक वा ऐतिहासिक विशेषताका आधारमा राज्यको "मिश्रित" नाम राख्न उनीहरू राजी भए।[६३] "हाम्रा सुझाउप्रति शीर्षस्थ नेताहरू सकारात्मक थिए र हामी ढुक्क भएका थियौं। हाम्रा कारणबाट प्रक्रिया रोकिएको हेर्न हामी चाहन्न थियौं। तर उनीहरूले आफ्ना असली रूप पछि देखाए", जनजाति ककसका एक जना काङ्ग्रेसी नेताले बताए।[६४] काङ्ग्रेसका केही हिस्साले मिश्रित नामप्रति पनि आपत्ति जनाए र राज्यको सङ्ख्या एघार वा दश हुनुपर्ने र तराईका भागहरूबारे जनमत सङ्ग्रह हुनुपर्नेतिर छलफललाई मोडे। जनजाति ककस एघार राज्यको मोडेलप्रति पनि सहमत देखिएका थिए, तर मधेसीहरू त्यसलाई मान्न तयार भएनन्, किनभने त्यसअनुसार तराई पाँच राज्यमा बाँडिने थियो।

संविधानसभालाई खतम गराएको दोष आफूहरूमाथि लगाइएकोमा काङ्ग्रेस र एमाले चिढिन्छन्, हुन पनि उनीहरूका टाउकामा मात्रै दोष थोपर्नु उचित हुँदैन। तर पनि त्यस समयको छलफलबारे काङ्ग्रेसका वार्ताकारहरू र अन्य भरपर्दा सूत्रहरूबाट उपलब्ध जानकारीअनुसार वार्ता टेबुलमा प्रस्तुत प्रस्तावहरू र "जातीय" सङ्घीयताले के अर्थ राख्छ त्यसबारे केही साँच्चिकै र केही बनावटी अज्ञानता भने काङ्ग्रेसले देखाएकै हो। काङ्ग्रेसका एक जना वरिष्ठ वार्ताकारले बताएअनुसार उनीहरूको अडान बडो सोझो र सरल थियो— "यदि तपाईहरू (माओवादी, मधेसी र अन्य) लाई एघार राज्य मान्य छैन भने हामीलाई दश राज्य पनि मान्य छैन।" अर्का वार्ताकारले आफूले प्रस्ताव पढ्दै नपढेको बताए। यसरी आखिरी समय आइपुग्दा पनि काङ्ग्रेस पहिचान राजनीतिक स्वरूप निर्धारण गर्ने कारक बनिसकेको तथ्य मान्न तयार थिएन। एमालेको हकमा पनि यही कुरा लागू हुन्थ्यो। माथ्ला तहका एक जना एमाले नेताले "पहिचानको रत्तिभर गन्ध आए पनि"[६५] एमालेले सम्झौता नमान्ने भनेको बताइन्छ।

सङ्घीयतामा तानिए पनि यी दुई पार्टीहरू सकेसम्म परिवर्तन हुन अनिच्छुक थिए।

संविधानमा सङ्घीयतासम्बन्धी प्रावधान राख्नलाई संविधानसभामा भोट गर्ने कुरामा पनि काङ्ग्रेस र एमाले मान्ने थिएनन्, यद्यपि नियमावली बमोजिम भोट गर्न सम्भव थियो। "सङ्घीयता पक्षधर" हरूले पनि भोटका लागि जोड दिन सकेनन्। १५ मेको सम्झौता विरुद्ध ५९९ सदस्यहरूमध्ये ३२० को हस्ताक्षर परे पनि माओवादी, मधेसी मोर्चा र जनजातिहरू दुईतिहाइ मत ल्याउन सकिनेमा ढुक्क थिएनन्। जे होस्, २७ मेको अपराह्नमा सभामुख संविधानसभा भवनमा आउनुको सट्टा बाहिर नेताहरूसितै बसिरहेका थिए। उनको अनुपस्थितिमा सभा बस्ने कुरै आएन, भोट हुने कुरा त परै जाओस्।

चार बजेसम्ममा संविधानसभाको म्याद बढाउने, आंशिक संविधान ल्याउने वा सरकार बदल्ने योजना बनाउने कुनै पनि कार्यलाई ढाकछोप गर्न मिल्ने गरी सम्झौता हुन नसक्ने स्पष्ट भयो। त्यसको ठाउँमा अब के गर्ने भन्ने प्रश्न खडा भयो।

## २. विफलता

त्यसपछि वार्तास्थल सिंहदरबारस्थित सरकारको मुख्यालयमा सऱ्यो, जहाँ प्रत्येक ठूला पार्टीका पाँचदेखि दश जना नेताहरू अर्को आठ घण्टासम्म घरी सभामुखको घरी प्रधानमन्त्रीको कार्यकक्ष र घरी मन्त्रिमण्डलको कार्यालय ओहोरदोहोर गरिरहे। त्यस बखत नेताहरू संविधानसभा भवनमा जानुपर्ने सुझाउ पनि नआएको होइन, जो त्यहाँबाट एक किलोमिटरको दूरीमा थियो। तर सुरक्षाका कारण देखाएर त्यो विचार त्यागियो। परिणामस्वरूप धेरैजसो सभासदहरूले वार्ता कहाँ पुगिरहेको छ र कति बेला अनि कुन विषयमा भोट गर्नुपर्ने हो भन्ने अलमलमै दिन बिताए।

सिंहदरबारमा पार्टीहरूले आफूआफूमाझ र सभामुखको उपस्थितिमा समेत केही विकल्पउपर छलफल गरे। आंशिक संविधानको विषय फेरि उठान भयो। आंशिक संविधान आएपछि अन्तरिम संविधानअनुसार संविधानसभा संसदमा[६६] रूपान्तरित हुने थियो र छिन्न बाँकी विषयमा सोही संसदले ठेगान गर्नुपर्ने हुन्थ्यो।

आपत्ति अनेक विषयमा आएका थिए। मधेसी र जनजाति नेताहरूमा (माओवादी पार्टीमा भएका समेत) संविधान पूरा गर्नलाई संसदमा वैधानिकता र इच्छाशक्ति हुनेछ भन्नेमा शङ्का थियो। उनीहरूका तर्कमा संविधान नै बनाउन भनेर चुनिएको संविधानसभाले त बनाउन सकेन भने संसदले बनाउँछ भन्नेमा कुनै ग्यारेन्टी हुने थिएन, किनभने त्यससित वैधानिकता पनि बलियो हुने थिएन। माओवादीहरूलाई "रूपान्तरित संसद" बसेको पहिलो दिनमै आफ्नो सरकार गिराउन अविश्वासको प्रस्ताव आउँछ भन्ने पक्का थियो। पार्टीभित्र गुटबन्दी भएको र पार्टी फुटाउने धम्की आइरहेको सन्दर्भमा माओवादी र मधेसी मोर्चालाई आफ्नै धोती

[६३] हेर्नुहोस् भाग २.क.१। पूर्वको लिम्बुवान-कोशी प्रदेश भनेझैं काठमाडौं क्षेत्रलाई पनि नेवा राज्य नभनी बागमती नदीको नामसित जोडेर नेवा-बागमती राज्य भनिने थियो।

[६४] क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, काङ्ग्रेस नेता, काठमाडौं, जून २०१२।

[६५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सञ्चारकर्मी, काठमाडौं, जून २०१२।

[६६] सन् २००८ मा निर्वाचित त्यस निकायको मुख्य काम संविधानसभाको भूमिका खेल्नु थियो। त्यसको दोस्रो कामचाहिँ संसद अथवा "व्यवस्थापिका-संसद" को भूमिका निर्वाह गर्नु थियो।

खुस्केला भन्ने डर थियो। त्यसो भएमा नयाँ संविधानमा सङ्घीयता हाल्न चाहने पात्रहरूको हातमा शक्तिसन्तुलन रहने थिएन। रूपान्तरित संसदमा सरकारको नेतृत्व जसले गरे पनि आवश्यक दुईतिहाइ बहुमत नपुऱ्याई सङ्घीयतालाई पारित गराउन सकिने थिएन।

अर्को अड्चन मस्यौदाको ढाँचामा थियो। संविधानसभाको सचिवालय तीन जना वरिष्ठ वकिलहरूको सहयोगमा अघिबाटै निर्णय भइसकेका खण्डहरूलाई अन्तिम रूप दिने काममा केही दिनदेखि जुटेको थियो। सभासद, नेता र सरकारी अधिकारीहरू त्यो प्रक्रिया कुन हदसम्म अघि बढेको थियो भन्नेबारे फरकफरक कुरा बताउँछन्। सभामुखले यस्तो मस्यौदाको लेखोट देखाएको बताइन्छ जसमा भर्नलाई छाडिएका रिक्त स्थान धेरै थिए। कोही भन्छन् मस्यौदाको धेरैजसो अंश ठीक अवस्थामा थियो जसलाई तुरुन्तै औपचारिकता दिन सकिन्थ्यो।[६७] तर फेरि विवाद समाधान उपसमितिका एक जना वरिष्ठ सदस्यले बताएअनुसार "जुन अवस्थामा मस्यौदा थियो त्यसलाई बाहिर ल्याउनु भनेको हामी ती विषयहरूमा घोटिएर काम गर्नेहरूका लागि अपमान हुने थियो"।[६८] तर संविधान लेखन प्रक्रियामा संलग्न सङ्घीयता पक्षधर एक जना सदस्यको भनाइमा मस्यौदा कुन हालतमा थियो त्यसको मतलब थिएन, किनभने काङ्ग्रेसले पहिले सहमति जनाइसकेको अर्धराष्ट्रपतीय शासनपद्धति जस्ता प्रावधानहरू नमान्ने घम्की दिइरहेको थियो।[६९]

प्रक्रियागत हिसाबका केही अड्चनहरू पनि थिए। प्राविधिक दृष्टिले मस्यौदा अझै पनि संवैधानिक समितिको विवाद समाधान निकायमा थियो र समिति तथा विवाद समाधान निकायको बैठक केही दिनदेखि बसेको थिएन। तर प्रक्रियाअनुसार त्यस मस्यौदालाई समितले पारित गरेर मात्रै अघि बढाउनुपर्ने थियो। केही पार्टीहरू सङ्घीयता वा संविधानका विषयमा भोट गर्नुपर्ने स्थिति आएमा पार्टी सदस्यहरूले पार्टी ह्वीप मान्नुपर्छ भनेर अड्डी लिइरहेका थिए। तर सबै पार्टीका सभासदहरू संविधानको विषयमा हरेकले आफ्नो अन्तश्चेतना बमोजिम गर्न पाउनुपर्छ भन्दै ह्वीप अमान्य हुने बताइरहेका थिए। उदाहरणका लागि, पार्टीले अन्यथा निर्णय गरेको अवस्थामा पनि एमालेका जनजाति सभासदहरू पहिचान आधारित सङ्घीयताको पक्षमा भोट हाल्न चाहन्थे।[७०] समयाभावलाई दृष्टिगत गर्दा मस्यौदाको प्रतिलिपि बनाएर सभासदहरूलाई बाँड्नु सम्भव थिएन। सभासदहरूले आंशिक संविधानलाई पढ्दै नपढी त्यसउपर भोट गर्नुपर्ने हुन्थ्यो।

केही गरी यी विषयहरू समाधान भएका खण्डमा पनि सङ्घीयताको विषयलाई "रूपान्तरित व्यवस्थापिका-संसद" मा समेत लगेर छलफल गराउनुचाहिँ मुस्किल हुने थियो। त्यस दिन अपराह्न वार्तामा सामेल एक जना सल्लाहकारले कथम् संविधानसभाको ठाउँमा आउने अर्को संसदले सङ्घीयताबारे टुङ्गो गर्नुपर्ने भएमा त्यसबारे एउटा छोटो प्रस्ताव पार्टीबीच छलफलका लागि तयार पारेका थिए। त्यसमा सङ्घीय राज्यहरू "पहिचान र सामर्थ्य" का आधारमा खडा हुने र राज्य पुनर्संरचनासम्बन्धी पहिलेका दुईओटा निकायहरूद्वारा प्रस्तावित सिद्धान्त र आधारहरूलाई मान्यता दिइने बेहोरा उल्लेख थियो। मधेसी पार्टीहरूले त्यसमा राज्यहरू दशओटा हुने र पार्टी ह्वीपको हस्तक्षेपबिना तथा पार्टीबाट निष्कासित हुने डरबिना सदस्यहरूले स्वतन्त्र भएर भोट दिन पाउनुपर्छ भनेर थपे। काङ्ग्रेस र एमालेले ह्वीप नलाग्ने प्रावधानलाई मेटाए र पार्टीहरूद्वारा प्रस्तुत प्रस्ताव पनि रहनेछन् भन्ने नयाँ प्रावधान थप गरे। संसदले सङ्घीयतालाई छाड्दैन भन्नेमा जनजाति र मधेसीहरूले केही गरी विश्वास गरिहालेका भए पनि त्यससित सम्बन्धित अन्य सर्तहरूमा सहमति हुन सक्ने थिएन।

संसदलाई जिउँदो राख्नका लागि अन्तरिम संविधानका अन्य प्रावधानहरूको पनि उपयोग गर्न सकिन्थ्यो।[७१] संविधानसभाको म्याद सकिनुभन्दा ६ घण्टाअघि नेताहरूले सर्वोच्च अदालतको फैसला हुँदाहुँदै पनि संविधानसभाको म्यादलाई कसरी लम्ब्याउन सकिन्छ वा आंशिक संविधान समेत ल्याउन नसके पनि संसदका रूपमा यसलाई कसरी जोगाउन सकिन्छ भनी सोच्न थालेका थिए। कसैकसैले म्याद थपबारेको प्रावधान संशोधन गर्न एक हप्ताअघि प्रस्तुत गरिएको विधेयकतर्फ औंल्याए। सर्वोच्च अदालतले त्यस विधेयकलाई रोक्का गरेको भए तापनि उनीहरूको भनाइमा संविधानसभाको ठाउँ संसदले लिने गरी त्यस प्रावधानलाई सच्याउन सकिन्थ्यो। तर यसबारे धेरैलाई शङ्का थियो। प्रधानमन्त्री भट्टराई र उपप्रधानमन्त्री कृष्ण सिटौलामाथि यसै प्रकरणमा अदालतको अवहेलना गरेको दोष लागिसकेको थियो। यसै हुनाले प्रधानमन्त्री यस विषयमा बढ्तै सशङ्कित थिए। त्यसको ठाउँमा संविधानसभाको विघटनसम्बन्धी अर्को प्रावधानलाई संशोधन गरेर संसद चालू राख्न र निर्वाचन गर्न सकिने थियो।[७२] माओवादी वैद्य गुटका एक जना नेताले यस्तो कार्य गरे त्यो "संवैधानिक धोखाघडी" हुने बताए।

माओवादीहरूले संसदलाई निरन्तरता दिएबापत वा संसदको म्याद थपेबापत उनीहरूको सरकार विरुद्ध तुरुन्तै अविश्वासको प्रस्ताव ल्याउने छैनौ भनी काङ्ग्रेस र अरूबाट लिखित वचनको माग गरे। काङ्ग्रेसको

---

[६७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, संविधानविद्हरू, काठमाडौं, जून २०१२।

[६८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, एमाले वार्ताकार, काठमाडौं, जून २०१२।

[६९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी वार्ताकार, काठमाडौं, जून २०१२। नयाँ संविधानमा न्यायिक क्षेत्रको नियुक्ति र संवैधानिक अदालत राखिने प्रावधानहरूउपर पार्टीहरूका बीच चर्को तानातानी भएको थियो र काङ्ग्रेसले यी विषयमा भइसकेका केही सहमतिबाट पछि हट्ने धम्की दियो। मस्यौदा प्रक्रियामा संलग्न रहेका एक जना सदस्यका अनुसार शासकीय र निर्वाचन प्रणालीसम्बन्धी प्रावधानहरूमा पनि नमिलेका कुराहरू थुप्रै थिए। अर्का सदस्यका भनाइमा त्यस बेला आएर प्रचण्डले प्रस्तावनामा "जनयुद्ध" भन्ने शब्दावली राख्न फेरि जोड गरेका थिए। क्राइसिस ग्रुपले मस्यौदाको पछिल्लो संस्करण हेर्न पाएको छ, तर त्यस्ता मस्यौदाहरू कतिवटा छन् र कुन अवस्थामा छन् त्यसबारे थाहा भएन। हुन त मस्यौदा प्रकाशमा नआएको नै सायद राम्रो भयो होला।

[७०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, एमाले वार्ताकार, काठमाडौं, जून २०१२।

[७१] दुईवटा धाराहरूले निकास दिने देखियो। एउटा, संविधानसभाको समयावधिसम्बन्धी धारा ६४, जसको संशोधनमा केही दिनअघि सर्वोच्च अदालतले रोक लगाएको थियो र दोस्रो, संविधानसभाको विघटन तथा संसदको रूपमा उक्त निकायको निरन्तरतासम्बन्धी धारा ८२।

[७२] अन्तरिम संविधानको धारा ८३ संविधानसभाले संविधान जारी गरिसकेपछि संसदको रूपमा कार्य गर्ने विषयसित सम्बन्धित छ। धारा ६४ र धारा ८२ संविधानसभाको विघटनसित सम्बन्धित छन्। नेपालको अन्तरिम संविधान, माथि उल्लेखित।

मुख्य प्राथमिकता सरकारलाई गिराएर आफैंले सरकार बनाउने देखियो। संविधानलाई पूर्णता दिने काममा हतारो देखाउनुको सट्टा सरकार बदल्ने मागप्रति नै संविधानसभा समाप्त भएपछिको अवस्थामा पनि काङ्ग्रेसको जोड रहेको देखिएको छ।

### ३. सङ्कटकाल

साँझ आठ बजेतिर सङ्कटकाल लगाउनु पर्नेतिर छलफल मोडियो। त्यस बखत माओवादी नेतृत्व सङ्कटकाल लगाउने पक्षमा थिए। सङ्कटकाल लगाउँदैमा संविधानसभाको म्याद स्वतः बढ्नेवाला थिएन, तैपनि यसका कारण संविधानसभा जीवित रहन सक्थ्यो र पार्टीहरूलाई केही थप समय मिल्ने थियो। तर त्यसनिम्ति सबै पार्टीहरूले त्यस निर्णयमा तत्काल स्वीकृति दिनु पर्थ्यो वा पछि भोट भएको अवस्थामा निर्णयको समर्थन गर्ने अपरिवर्तनीय ग्यारेन्टी दिनु पर्थ्यो।[७३]

काङ्ग्रेस यस विषयमा विभाजित थियो। पार्टी सभापति सुशील कोइराला निकटका नेताहरूले आफूहरूले परिस्थितिलाई राम्ररी बुझेको भए पनि सङ्कटकाल लागू गर्ने निर्णयको विरोध गर्ने बताए। काङ्ग्रेसका एक जना वार्ताकारले आफूले राष्ट्रपति रामवरण यादवसित कुरा गर्दा उनले सङ्कटकाल लगाउने आदेशमा सही नगर्ने बताएको जानकारी दिए।[७४] अर्का नेता शेरबहादुर देउवा भने सङ्कटकाल लगाउने कामलाई उत्साहपूर्वक समर्थन गर्नेमा थिए। देउवा भट्टराई नेतृत्वको सरकार कायम रहनुपर्ने र सङ्कटकाल लगाउनुपर्ने पक्षमा थिए। उनको हिसाबमा परिवर्तन अवश्यम्भावी थियो र उपयुक्त समयमा प्रधानमन्त्री पदका लागि आफू सबैलाई स्वीकार्य हुने उम्मेदवारका रूपमा अघि आउन सक्ने उनको हिसाबकिताब थियो।

माओवादीहरूको जोड सबै ठूला पार्टीहरूले सङ्कटकाललाई काख थाप्नुपर्छ भन्नेमा थियो। भारतीय संस्थापनाको पनि त्यही जोड रहेको बताइन्छ। माओवादी र भारतीय संस्थापना दुवैलाई यस्तो कदम अलोकप्रिय हुने पक्का थियो, तैपनि सङ्कटकाललाई संविधान बनाउनलाई नभई सरकार बदल्नलाई उपयोग गर्नुपर्नेमा दुवै थरी सहमत थिए। प्रधानमन्त्री भट्टराईले २७ मेको राति धेरै अबेर भनेका थिए, "तपाईंहरू संविधानबारे होइन केवल अविश्वास प्रस्तावबारे चाहिँ एकमत हुनुहुन्छ।" त्यसो भएको खण्डमा काङ्ग्रेस, एमाले र माओवादीबाट फुटेर जाने वैद्य गुट मिलेर सरकार बनाउने बाटो खुल्ने थियो। यस्तो प्रकारको अडमिल्दो गठबन्धन संविधान वा अन्य कुराका लागि पनि साह्रै रचनात्मक शक्ति हुन सक्ने देखिँदैन थियो। वर्तमान सरकारलाई भारतले धाप दिएकोमा यी पात्रहरू आआफ्नै कारणले दुःखित बनेका थिए। त्यसैले उनीहरूले सम्भवतः राष्ट्रवादी र भारत विरोधी मञ्च खडा गर्ने थिए।[७५] सङ्कटकाल लगाएर संविधान लेखिनु शोभनीय कुरा पनि हुने थिएन, यद्यपि यो कुरा पार्टीहरूका मगजमा पसेको थिएन।

तर नेताहरूबाट कुनै प्रकारको संवाद भएको थिएन, भए पनि अत्यन्त थोरै। अपराह्नको पूरै समय सभामुख सुवास नेम्वाङ संविधानसभाको हाताभित्र नरहेका मात्र नभई फोनमा पनि उपलब्ध थिएनन्। उनी शीर्षस्थ नेताहरूलाई पछ्याउँदै हिँडेका थिए। एक जना मध्यस्थकर्ताको भनाइअनुसार प्रधानमन्त्रीले संविधानसभा भवनमा फर्कन बारबार गरेको अनुरोधलाई नेम्वाङले सुनेनन्।[७६] अहिले आएर धेरै जना उनले संविधानसभाप्रतिको आफ्ना जिम्मेवारीलाई इमानदारीसाथ वहन नगरेको र आफ्ना पार्टी एमालेका कट्टर सङ्घीयता विरोधी गुटका कुरामा लागेको बताउँछन्। उनले संविधानसभाको अधिवेशन चालू गराएका भए (संविधानसभा नियमकानुन बनाउने संसदका रूपमा मात्र सक्रिय रह्यो, संविधान लेखन कार्यका लागि होइन) ढिलै भए पनि नेताहरूलाई केही राम्रा निर्णय लिन कर लाग्ने थियो। त्यसले गर्दा अधिवेशन केही दिनलाई जारी राख्न र संविधानसभाको म्याद थप्नलाई संवैधानिक संशोधन गर्न वा मस्यौदा संविधानका केही अंशहरूउपर भोट गराउन सम्भव हुने थियो।

यस तर्कको विपक्षमा के भन्ने गरिन्छ भने संविधानसभाको कुनै कार्यसूची नै थिएन, किनभने टिप्पणी गर्नका लागि मस्यौदा प्रस्तुत नै गरिएको थिएन। तथापि निर्णयकारी प्रक्रियाबाट अलग्याइएका सभासदहरूका चाहनालाई सम्मान गर्दै लोकतान्त्रिक मर्यादा अनुरूप सभामुखले छलफललाई उनीहरूसमक्ष फर्काएर ल्याउनुपर्ने थियो।

यतिन्जेलमा ठूला पार्टीहरूउपर अतिशय दबाब परिरहेको थियो। प्रधानमन्त्री भट्टराई र प्रचण्डलाई नेपथ्यमा रहेको सम्भावित अविश्वासको प्रस्तावले चिमोटिरहेको थियो। तर वैद्य गुटले यो योजना सरकार गिराउनलाई बनाएका थिए वा सङ्घीयताको पक्षमा भोट बढाउनलाई भन्नेमा उनीहरूमा अन्योल थियो। सङ्घीयताबारेको सम्झौतामा चित्त नबुझेर एमाले र माओवादी पार्टीमा कुन फुट्छ त्यसको ठेगान थिएन, तर दुवै पार्टीका नेताहरूले यस्तो खतरालाई गम्भीरतापूर्वक लिएका थिए। काङ्ग्रेस आफ्ना वार्ताकारहरूलाई दिनभर कुराएर प्रधानमन्त्री र प्रचण्डले आफू मात्रै छलफल गरेकामा क्रुद्ध भएको थियो। लगभग १५० जना सभासदहरू आफूलाई बेवास्ता गरिएकामा दिक्क भएर सरकारको मुख्यालयमा जान भनेर ग्वारग्वार्ती गएका थिए। तर उनीहरू कडा सुरक्षा घेरा तथा सिंहदरबारको ताल्चा लगाइएको गेटबाट रोकिए।

---

[७३] अन्तरिम संविधानमा सरकार वा मन्त्रिमण्डलले सङ्कटकाल लगाउन सक्ने तर त्यस्तो निर्णयलाई एक महिनाभित्र संसदको दुईतिहाइ बहुमतबाट अनुमोदन गराउनुपर्ने व्यवस्था गरिएको छ।

[७४] राष्ट्रपतिको हैसियत मानार्थ मात्र हो; उनले मन्त्रिमण्डलको सिफारिसमा मात्र कार्य गर्न सक्छन्। तर उनीसँग बाधा-अड्काउ फुकाउने तथा सङ्कटको अवस्थामा "अन्तिम अस्त्र" हुने जस्ता पहिले राजालाई प्राप्त केही अधिकारहरू छन्। सन् २००८ को संविधानसभाद्वारा निर्वाचित वर्तमान राष्ट्रपति काङ्ग्रेस पार्टीका सदस्य हुन् र उनी सदैव निष्पक्ष देखिएका छैनन्। हेर्नुहोस् क्राइसिस ग्रुपको एसिया रिपोर्ट नं. १७३, *नेपालको भविष्य कसको हातमा?*, १३ अगस्ट २००९, पृ. ६।

[७५] काङ्ग्रेस र मधेसी वार्ताकारहरूसित क्राइसिस ग्रुपका अन्तर्वार्ताहरू, काठमाडौं, जून २०१२। वर्तमान सरकारलाई भारतीय समर्थन रहेको आरोप र प्रधानमन्त्री बाबुराम भट्टराईले भारतसँग हस्ताक्षर गरेको लगानी संरक्षण सम्झौताप्रति वैद्यको विरोधबारे थप जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको ब्रिफिङ, *नेपालको शान्ति प्रक्रियाः टुङ्गिने छाँट देखिएको छ,* माथि उल्लेखित, पृ. ८-१०।

[७६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी सभासद, काठमाडौं, मे २०१२।

### ४. निर्वाचन

अन्तिम त्यान्द्रो सभामुखको कोठामा राती ९ बजेतिर चुँडियो। प्रधानमन्त्री भट्टराई र प्रचण्ड प्रधानमन्त्रीको कार्यालयमा गए, जहाँ संविधानसभाको भविष्यको टुङ्गो लागेको बुझिन्छ। प्रधानमन्त्रीले सर्वोच्च अदालतको फैसलाबमोजिम नयाँ संविधानसभाको निर्वाचन नै एक मात्र विकल्प रहेको बताए। मुख्य सचिवले सरकार निर्वाचनमा जाने प्रस्ताव तयार पार्न हिच्किचाहट देखाएकाले केही तनाव सृजना भयो। उनले निर्वाचनमा जानका लागि संविधानमा संशोधन गरिनु आवश्यक भएको तर्क अघि सारेका थिए, जुन तर्कमा तुक थियो। तर काङ्ग्रेस र एमालेले निर्वाचनमा जान माने पनि बाँकी दुई घण्टाभित्र त्यो प्रस्ताव पारित हुनु गाह्रो थियो।

प्रधानमन्त्री भट्टराईले १० बज्नु केही अघि मन्त्रिमण्डलको बैठक डाके। निर्वाचन गर्ने प्रस्ताव लिएर राष्ट्रपतिकहाँ जान लागेको सुइँको पाएर काङ्ग्रेस सङ्कटकाल लगाउन राजी भएको बताउन दौडियो। त्यतिन्जेलमा प्रधानमन्त्री मन्त्रिमण्डल अघिल्तिर बोल्न थालिसकेका थिए। प्रचण्डले त्यस बेला "छलफल गर्न केही बाँकी नरहेको" भने भनिन्छ। पूरै एक दिन कुरेरै बिताउन परेकामा रुष्ट भएका काङ्ग्रेस नेताहरूले प्रधानमन्त्रीको "अनुचित व्यवहार"बाट क्षुब्ध भएको प्रतिक्रिया दिए।[७७] साढे दश बज्दा नबज्दा मन्त्रिमण्डलले २२ नोभेम्बर २०१२ का दिन निर्वाचन गर्ने निर्णय लिइसकेको थियो। एमालेका तर्फबाट उपप्रधानमन्त्री बनेका ईश्वर पोखेलको आपत्तिले केही फरक पार्न सकेन।[७८]

निर्वाचनको घोषणा तयार पार्नलाई अर्को एक घण्टा जति लाग्यो र प्रधानमन्त्री राष्ट्रपति रामवरण यादवलाई जानकारी दिन गए। राती ११.४५ बजेतिर राष्ट्रपतिलाई काङ्ग्रेस, एमाले, उपेन्द्र यादवको मधेसी जनअधिकार फोरम (नेपाल) र सत्ता साझेदारीमा रहेको मधेसी मोर्चाको एउटा खेमाको विरोधपत्र प्राप्त भयो। त्यसै बेलातिर प्रधानमन्त्री भट्टराईले नयाँ संविधानसभाको निर्वाचन हुने घोषणा गरे। त्यसमा सभासदहरूका लागि कुनै औपचारिक सूचना दिइएको थिएन न त उनीहरूलाई धन्यवाद ज्ञापन नै गरिएको थियो न संविधानसभाको समाप्ति भएको उल्लेख थियो।

[७७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काङ्ग्रेस वार्ताकार, काठमाडौं, जून २०१२।

[७८] सङ्घीयतासम्बन्धी १५ मेको सम्झौताबाट मधेसी मोर्चा र माओवादी पछाडि हटेपछि मन्त्रिमण्डलका काङ्ग्रेस सदस्यहरूले राजीनामा दिए। प्राविधिक रूपमा भन्नुपर्दा, प्रधानमन्त्री बाबुराम भट्टराईले तिनका राजीनामा स्वीकार गरेका थिएनन्। १५ मेको सम्झौतापछि सरकारमा सामेल भएका एमाले सदस्यहरूले चाहिँ २८ मेमा राजीनामा दिए।

## ३. अर्को कदम

मोटामोटी हिसाबले दुई कुराको सम्भावना छः नयाँ निर्वाचन गर्ने वा संविधानमा सहमत भएर त्यसलाई पारित गर्न संविधानसभालाई बिउँताउने। तर सजिलो र उत्तम दुवै विकल्पलाई मान्न सकिन्न। दुवै विकल्पका लागि राजनीतिक सहमति आवश्यक पर्छ र धमिलो संवैधानिक इलाकाबाट यात्रा गर्नुपर्छ। यस अनिर्णयको स्थितिलाई टुङ्ग्याउन पार्टीहरूले छिटो निर्णय लिनु जरुरी छ। अन्तरिम संविधानले विधायिकाबिनाको अवस्था र अर्को संविधानसभा चुनावको परिकल्पना गरेको छैन। संविधानसभाले नयाँ संविधान दिनुपर्ने थियो, जसले नयाँ निर्वाचन प्रणाली पनि स्थापित गर्ने थियो।[७९] घोषणा गरे बमोजिम नोभेम्बर २०१२ मा निर्वाचन हुन सक्तैन। पार्टीहरू कसरी अगाडि बढ्ने त्यसबारे एकमत हुन नसकेकाले निर्वाचन आयोगले समयमा तयारी थाल्न सकेन। एकदम छिटो भनेको सन् २०१३ को वसन्त ऋतुभन्दा अगाडि चुनाव हुन सक्तैन।[८०] निर्वाचित संसद नभएको अवस्था समस्यामूलक हुन्छ, यसबाट पार्टीहरूबीच अविश्वास बढ्छ र सरकार चलाउन असाध्ये गाह्रो हुन्छ।[८१]

केही व्यक्तिको भनाइमा पार्टीहरूबीच संवैधानिक विषयहरूमा सैद्धान्तिक सहमति हुनेछ, त्यसपछि त्यस्तो निकायको निर्वाचन हुनेछ जसले आफ्नो पहिलो अधिवेशनमै त्यस्तो सहमतिलाई स्वीकृति दिनेछ र नयाँ संविधान जारी गर्नेछ। तर निर्वाचनको परिणाम कसैले अनुमान गर्न नसक्ने हुनाले र भइसकेको सहमतिलाई लत्याउने पार्टीहरूको इतिहास भएको हुनाले यस्तो खालको सहमति प्रभावकारी हुनेमा शङ्का छ।[८२]

[७९] यो खण्ड मे महिनाको अन्त्यतिरदेखि मध्य जून २०१२ सम्म क्राइसिस ग्रुपले विभिन्न दलहरूका करिब २५ जना केन्द्रीय स्तरका नेताहरूसँग काठमाडौंमा गरेको संवाद; सुनसरी, धनुषा, बाँके, बर्दिया, कैलाली, डडेलधुराका करिब २० जना जिल्लास्तरीय नेता तथा कार्यकर्तासँगको टेलिफोन वार्ता र काठमाडौंमा चार जना संविधानविद् एवं संविधान लेखन प्रक्रियाका सल्लाहाकारहरूसँग गरिएका अन्तर्वार्तामा आधारित छ। यसका अलावा, क्राइसिस ग्रुपले मध्य तथा सुदूरपश्चिमका आठ जिल्लाः बाँके, बर्दिया, डडेलधुरा, डोटी, कैलाली, कञ्चनपुर, प्यूठान, सुर्खेतको अप्रिल महिनामा तथा पूर्वका ६ जिल्लाः धनकुटा, झापा, मोरङ, सप्तरी, सुनसरीको जून महिनामा भ्रमण गरेको थियो।

[८०] यो व्यवहारसिद्ध कुरा हो मौसमको अवस्था, चाडपर्व र खेतीपातीको समयले गर्दा चुनाव कि त अक्टोबर-नोभेम्बर अथवा अप्रिल-मे महिनामा मात्र गर्न सम्भव छ। ३० जुलाईमा निर्वाचन आयोगले संविधान तथा सम्बन्धित कानुनको संशोधन नभएबाट नोभेम्बरमा चुनाव कानुनी रूपमा गर्न नसकिने घोषणा गऱ्यो। पार्टीहरूसमेत यस विषयमा सहमतिमा आउन सकेका थिएनन्।

[८१] संसद नहुँदासम्म सरकारले राष्ट्रपतिको स्वीकति लिनुपर्ने अध्यादेशका आधारमा शासन गर्नुपर्ने हुन्छ, जसको अर्थ राष्ट्रपति र प्रधानमन्त्रीबीच द्वन्द्व उत्पन्न हुन सक्छ।

[८२] उदाहरणका लागि, पार्टीहरू सन् २००८ को निर्वाचन लगत्तै नेपाललाई धर्म निरपेक्ष गणतन्त्र घोषणा गर्ने कुरामा सहमत भएका थिए तापनि माओवादी र काङ्ग्रेसबीच यस विषयमा चर्को वार्ता भएको थियो जसमा काङ्ग्रेसले यस कुरालाई भावी राष्ट्रपति कसलाई बनाउने भन्नेबारे सौदाबाजी गर्ने औजारका रूपमा प्रयोग गरेको थियो।

केही प्रतिपक्षी सदस्यहरू र नागरिक समाजका पात्रहरू स्थानीय निकायहरूको चुनाव गराउन दौडधुप गरिरहेका छन्। स्थानीय निकायहरूको पछिल्लो चुनाव सन् १९९७ मा भएको थियो। यो भनेको ध्यान भाँड्ने काम हो र यसो गर्नु छुल्याहापन हो। संविधान नबनेसम्म कुनै प्रकारको निर्वाचन (चाहे त्यो स्थानीय तहको होस् वा संसदको) गर्नु भनेको सबै विवादित विषयमाथिको अप्रत्यक्ष मतदान हुनेछ। तनावको बढोत्तरी, ध्रुवीकरण र व्यापक परिचालनका कारण हिंसाको खतरा बढ्नेछ। प्रतिनिधिमूलक स्थानीय निकायहरूको खाँचो अत्यधिक छ, तर त्यसो भन्दैमा यस प्रकारको चुनावबाट त्यो प्राप्त गर्नु हुँदैन।यसै पनि स्थानीय सरकारको विषय पार्टीहरूको प्राथमिकताको सूचीमा तल्लो स्थानमा हुनेछ।

नयाँ संविधानसभाको निर्वाचन गर्ने वा पुरानैलाई बिउँताउने भन्ने विषयको पक्ष वा विपक्षमा पार्टीहरूको स्पष्ट अडान रहेको छैन। उनीहरूले लिने अडानमा अन्य पात्रहरूसित उनीहरूको सम्बन्ध, आफ्ना कार्यसूचीप्रति भरोसा र अविश्वास तथा अन्य पार्टीको तुलनामा आफ्नै शक्तिको विश्लेषण समेत प्रतिबिम्बित हुनेछ। संविधानसभा विघटन भएपछिका केही हप्तासम्म संविधानसभा बिउँताउने विचार बलियो थियो। त्यसपछि केही समय निर्वाचनको पक्षमा सहमति हुने छाँट देखियो, तर त्यो पनि हरायो। संविधानसभा भङ्ग भएको अहिले तीन महिना बितिसक्दा पनि संविधान लेखन फेरि कसरी थालिनेछ त्यसबारे कुनै स्पष्टता पाइँदैन।

माओवादी-मधेसी सत्ताधारी गठबन्धन निर्वाचन होस् भन्ने चाहन्छन् तर संविधानसभा बिउँताउने कुराको विरोधमा पनि छैनन्। काङ्ग्रेस दुइटा विकल्पका बीच नाचिरहेको छ र यस घडी संविधानसभा बिउँताउने पक्षमा छ। एमाले प्रधानमन्त्रीको राजीनामा चाहन्छ, संविधानबारे निर्णय गरेर त्यसलाई जारी गर्ने पक्षमा छ र नयाँ संसदको निर्वाचन चाहन्छ। तर यी निर्णयहरू सरकार परिवर्तन गर्ने कुरासित जोडिएका छन्। काङ्ग्रेस सत्ता प्राप्त गर्न आतुर छ र संविधानसभा बिउँताउने वा नयाँ चुनाव गर्ने दुवै कुरामा उसले सरकार परिवर्तनलाई पूर्वसर्त बनाउनेछ। तर त्यसबापत माओवादी-मधेसी गठबन्धन संवैधानिक विषयहरूलाई टुङ्ग्याउन चाहन्छ।

यी सबै सम्भावनाहरूलाई समेट्न एउटा समग्र प्याकेजउपर सम्झौता हुनुपर्छ। तर सत्ताधारी माओवादी-मधेसी गठबन्धन र मुख्य प्रतिपक्ष काङ्ग्रेस-एमालेबीच विश्वासको सङ्कट यति ठूलो छ कि कुनै पनि सम्झौतामा मजबुत सिद्धान्त र ग्यारेन्टी हुनु जरुरी छ। यी कुरा उनीहरूले कुन क्रममा स्वीकार्छन् त्यसमा भर पर्छ, कतिपय विषयमा छलफल हुन सक्छ। उदाहरणका लागि, संविधानसभा वा संसदमध्ये जुनसुकैको निर्वाचन भए पनि के त्यसले पहिलेको संविधानसभाले मस्यौदा गरेको अपेक्षाकृत विवादरहित प्रावधानहरूलाई समय बचत गर्ने हिसाबले स्वीकार गर्नेछ? निर्वाचनमा कुनै पार्टी वा गठबन्धनको प्रस्ट बहुमत नआएमा संविधान नलेखुन्जेल के सर्वदलीय सरकार हुनेछ? एउटा पार्टीले समर्थन गरेका कारण हरेक विषयको विकल्पलाई अर्को प्रतिद्वन्द्वी पार्टीले विरोध गर्न सक्ला।

समग्र राजनीतिक परिदृश्यमा आएको परिवर्तनको असर अहिले नै नाप्न सकिँदैन। माओवादी-मधेसी-जनजाति मोर्चा झनै सुदृढ हुन सक्छ वा टुक्रिन सक्छ। नयाँ माओवादी पार्टी एउटा महत्त्वपूर्ण कारक हुन सक्छ र बृहत् मधेसी मोर्चा पनि। काङ्ग्रेसले प्रजातन्त्र पक्षीय नाम दिएर एउटा गठबन्धन बनाउन कोसिस गर्न सक्छ। जनजाति ककस एवम् त्यससित सम्बन्धित र अन्य पहिचानधर्मी समूहहरू तथा राजतन्त्रवादी दक्षिणपन्थीहरू जस्ता नयाँ देखा परेका शक्तिशाली पात्रहरूलाई अर्थ न वर्थका सम्झौताहरू गरेर थुम्थुम्याउन सकिँदैन।[८३] सङ्घीयता र समावेशीकरणको वादविवाद अब पार्टीहरूका हातबाट फुत्केर सामाजिक तहमा पुगिसकेको छ। यस प्रकारका परिवर्तनहरूले सम्भावनालाई जटिल तुल्याइदिने छन्।

यी सबैको गाँठी कुरा चिप्लिरहने सहमतिमा गएर अड्किएको छ। अहिलेसम्म सहमति भनेको सबैले केही न केही प्राप्त गर्ने र शक्ति सन्तुलनबाट सकेसम्म बढी फाइदा लिने काम भएको छ।[८४] सहमतिको पछाडि लुकेको वास्तविक अर्थ हराउँदै गएको छ, तर अन्तर्राष्ट्रिय पात्रहरूले समेत सहमतिलाई प्रोत्साहित गर्ने गरेका छन्।[८५] यस घडी केही गतिलो कुरा चाहिएको छ, पहिले पहिलेझैं अस्पष्ट शब्दावलीले भरिएका आधा मनबाट गरिएका सम्झौताको शृङ्खला होइन। पार्टीहरूले बृहत् शान्ति सम्झौताप्रति पुनः प्रतिबद्धता जनाउनुपर्छ र अगाडि बढ्नका लागि इस्पाती ग्यारेन्टीसहितको सम्झौता हुनुपर्छ।

---

[८३] हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको विस्तार हुँदै गएको राजनैतिक गणित,* माथि उल्लेखित। दोस्रो मधेसी समूहको बारेमा थप जानकारीका लागि खण्ड ३.ग र जाग्दै गरेको दक्षिणपन्थीका बारेमा थप जानकारीका लागि खण्डहरू ३.घ र ४.ग।

[८४] उदाहरणका लागि, हेर्नुहोस् क्राइसिस ग्रुपको एसिया ब्रिफिङ, *नेपालको शान्ति प्रक्रियाः टुङ्गिने छाँट देखिएको छ,* माथि उल्लेखित खण्ड ६.क; र *नेपालको लागछोड शान्ति प्रक्रिया,* माथि उल्लेखित, खण्ड ५। माओवादीहरू सन् २००९ को सुरुदेखि २०११ को सुरुको अवधिसम्म सरकारबाहिर थिए, त्यसैले युद्धमा फर्किने उद्देश्य नभए पनि आफ्ना सेना विघटन गर्नमा उनीहरूलाई कुनै हतारो थिएन। पार्टीले गैरसैनिकीकरणको प्रक्रियालाई बिस्तारै तथा नापीनापी अगाडि बढायो। प्रक्रियाको प्रत्येक चरणसँग अन्य राजनीतिक परिवर्तन गाँसिएका थिए। माओवादीप्रति अमैत्रीपूर्ण दृष्टिकोण राख्ने माधवकुमार नेपालको सरकारका पालमा (मे २००९-फेब्रुअरी २०११) पार्टीले आफ्ना अयोग्य लडाकूहरूलाई बिदाइ गऱ्यो। झलनाथ खनालले नेतृत्व गरेको एमाले सरकार (मे-अगस्ट २०११) मा माओवादी कनिष्ठ साझेदार रहेको थियो। त्यस बेला माओवादीहरू पूर्व लडाकूहरूलाई अवकाश लिन चाहने र नेपाली सेनामा भर्ना हुन चाहने गरी विभाजन गर्न सहमत भए। माओवादीहरूले आफ्नो नेतृत्वको सरकार बनेपछि शिविरहरू, हातहतियार र लडाकूहरू हस्तान्तरण गर्ने भए। यसै गरी काङ्ग्रेसले संविधान लेखनको प्रगतिमा बाधा पार्न लडाकूको विषयलाई अघि साऱ्यो। नोभेम्बर २०११ मा लडाकूको भविष्यबारे ठेगान भएपछि संविधान लेखन कार्य सुचारु भयो। तर त्यसपछाडिको कारणमा एउटा अनौपचारिक सम्झौता थियो जसअनुसार संविधान जारी भएपछि काङ्ग्रेस नेतृत्वको राष्ट्रिय सरकार बनाउनका लागि माओवादीले बाटो छाड्नुपर्ने थियो। एमालेको मुख्य योगदान भनेको सरकार बनाउने र ढाल्ने काममा रह्यो।

[८५] काङ्ग्रेसका एक जना वरिष्ठ नेताले भने, "यस्तो हुनुमा हामी सबै जिम्मेवार छौं। हामीले सहमतिको कुरा मात्रै गरिरह्यौं र अन्तर्राष्ट्रिय समुदायले पनि सहमतिमा नै जोड दिँदै आयो, काम नगरी सहमतिको कुरा मात्रै बढ्ता भयो।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काङ्ग्रेसका वरिष्ठ नेता, काठमाडौं, जून २०१२।

### क. संविधानसभाको पुनःस्थापना

निर्वाचित विधायिका नहुनाले धेरै नोक्सान पुऱ्याउँछ। यही स्थिति कायम रहिरहने हो भने पार्टीहरूबीचको तनाव झनै बढ्नेछ। संविधानसभाको पुनःस्थापनाले यस समस्यालाई दूर गर्नेछ। तर त्यसलाई बिउँताएर फेरि तिनै पात्रहरूलाई तिनै विषयमा त्यही छलफल गर्न लगाउने हो, बृहत्तर परामर्श गर्नुको सट्टा चोर बाटो लिने हो तथा सरकार बनाउने र गिराउने त्यही खेल हुने हो भने त्यसको केही अर्थ रहँदैन र त्यसबाट झनै अप्ठेरो पर्नेछ। नयाँ गठबन्धनहरू जसरी निर्माण भइरहेछन् त्यसबाट पार्टीहरूबीचको सन्तुलन बदलिरहेको देखिन्छ। संविधानसभाबाहिरका समूहहरू पनि आफ्ना आवाज सुनाउन चाहन्छन्, तर सबै पार्टीहरू यस कुरालाई स्वीकार्न तयार देखिँदैनन्। संविधानसभाको पुनःस्थापनाको मतलब पार्टीहरू फेरि मूलबाटो छाडेर सरकार हटाउने कामतिर लाग्नेछन्।

संविधानसभाको अन्तिम केही हप्तामा अनौपचारिक तवरमा सक्रिय देखिएका केही राजनीतिक गठबन्धनहरू जब खुला रूपमा देखिनेछन् तिनको भूमिका महत्त्वपूर्ण हुनेछ। सत्ताधारी माओवादी-मधेसी गठबन्धनले सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक मोर्चाको घोषणा गरिसकेको छ। यसले या त नयाँ संविधानसभाको चुनाव वा पार्टीहरूले विवादित संवैधानिक मुद्दाहरूलाई सल्टयाएपछि पुरानै संविधानसभाको पुनःस्थापनाका लागि बल गर्नेछ। यसो गर्नु कुनै पनि सदस्यका लागि नौलो कुरा हुने छैन, तर यसले संविधान विषयको निर्णयलाई केन्द्रमा ल्याउनेछ र यी पात्रहरूबाटै कार्यसूचीको निर्धारण हुने रहेछ भन्ने प्रभाव पर्नेछ।

नेपाली काङ्ग्रेस गुटबन्दीको नोक्सानदायी झमेलामा अल्झेको छ र यस गठबन्धनले ठेलेर कुनामा पुऱ्याउँछ भन्ने उसलाई थाहा छ। नयाँ संविधानको सन्दर्भमा शान्ति प्रक्रियाका आधारभूत कार्यसूची समेत काङ्ग्रेसका हातबाट खुस्किँदै गएको प्रतीत हुन्छ। यसले गर्दा निर्वाचनमा काङ्ग्रेसलाई असर पर्नेछ, पहिचानमा आधारित सङ्घीयताप्रति शङ्काभाव राख्ने मतदाताहरूबाट पनि उसले समर्थन नपाउन सक्छ। आम जनता पार्टीहरूले शान्ति प्रक्रियालाई आफ्ना कमीकमजोरी लुकाउने बहाना बनाएबाट दिक्क भएका छन् र नयाँ संविधानलाई मुलुकका लागि एउटा नौलो चरणको सुरुआतको रूपमा हेर्न चाहन्छन्। काङ्ग्रेसले आखिरमा लिने निर्णय सकेसम्म छिटो संविधानलाई पूर्णता दिने, त्यसलाई जारी गर्ने र नयाँ संसदका लागि निर्वाचन गर्ने पक्षमा हुन सक्नेछ। त्यसो भएमा सङ्घीयता सम्बन्धमा काङ्ग्रेले लिएका खासखास निर्णयहरूबाट चिढिएकाहरूको समर्थन समेत यसले पाउन सक्नेछ।

अप्ठेरो कुराचाहिँ बिउँताइएको संविधानसभाको भूमिकालाई क्रमागतमा राख्नु हुनेछ। माओवादीहरू र अहिले मधेसीहरू समेत नयाँ संविधानको गुदी विषयमा सहमति जुटेपछि मात्र संविधानसभालाई बिउँताउने पक्षमा छन्। अघि बढ्न अगाडि काङ्ग्रेस प्रधानमन्त्रीको राजीनामालाई पूर्वसर्त मान्दछ तर संविधानबारेको छलफल पुनर्जीवित संविधानसभामा गरिनुपर्ने हो या सबै कुरा तय भइसकेपछि तिनलाई पारित गर्नलाई मात्रै छोटो समयका लागि संविधानसभालाई बिउँताउनुपर्ने हो त्यसबारे अस्पष्ट छ। सबभन्दा असल उपायचाहिँ संविधानसभा पुनःस्थापनालाई अपरिहार्य ठान्ने पात्रहरूले आफ्ना पार्टीका सदस्यहरूलाई मनाउनु हुनेछ। संविधानसभा बिउँताउने पक्षमा देखिएकाहरूमा माओवादी अध्यक्ष प्रचण्ड, पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, एमालेका जनजाति सदस्यहरू र केही मधेसीहरू पात्रहरू छन्। धेरैजसो पार्टीहरूका व्यवहार हेर्दा संविधानसभाको पुनःस्थापनालाई उनीहरूले साविककै कामका रूपमा लिएका देखिन्छ। तर त्यसो हुन न त सम्भव छ न वाञ्छनीय नै। हिंसात्मक प्रतिक्रियाको खतरालाई कम गर्नका लागि परामर्शलाई सकेसम्म व्यापक, विस्तारित र पारदर्शी बनाउनुपर्छ। अझ राम्रो त उनीहरूले स्थानीय तहका पात्रहरूलाई विश्वासमा लिन सक्नुपर्छ। सभासदहरूलाई पहिलेभन्दा धेरै विषयमा भोट गराउने वातावरण हुनुपर्छ। (सम्झौतावार्तालाई कसरी सुधार्नेबारे हेर्नुहोस् खण्ड ३.ग) यस्ता उपायले सम्झौतावार्ताहरूलाई लम्ब्याउनेछ। तर पार्टीहरू संविधानलाई पूर्णता दिन हतारोमा छन्। त्यसले गर्दा सम्झौतावार्ता फेरिबाट थालिने आशा गर्नु र पुनःस्थापित संविधानसभाले पुरानो संविधानसभाभन्दा बेग्लै ढङ्गबाट कार्य गर्नेछ भनी अपेक्षा गर्नु अव्यवहारिक हुनेछ। संविधानबारे छलफल गरेर निष्कर्षमा पुग्नु अत्यन्त चुनौतीपूर्ण कार्य हुनेछ।

### ख. निर्वाचनको विकल्प

निर्वाचन नेपालको राजनीतिक सन्दर्भमा आएको परिवर्तनको वास्तविक प्रकृति र पहुँचलाई नाप्ने शक्तिशाली उपाय हुनेछ। यसरी प्राप्त हुने स्पष्टताबाट सङ्घीयताको बहसलाई नयाँ स्वरूप दिनु सजिलो हुनेछ। निर्वाचनका पक्षधरहरू चुनावबाट शक्तिसन्तुलनमा फरक पर्ने विश्वास राख्छन्। प्राविधिक हिसाबले नयाँ संविधान पारित गर्नलाई संविधानसभाको दुईतिहाइ मत आवश्यक पर्छ। यथार्थमा यसको वैधानिकतालाई स्वीकार गराउनका लागि सम्भव भएसम्म बढी सहमति आवश्यक हुन्छ। गठबन्धनले बहुमत पुऱ्याएर संविधान पारित गरेको खण्डमा पनि त्यो निर्वाचनपछिको ध्रुवीकृत वातावरणमा हुनेछ। प्रथमतः निर्वाचन नै हिंसात्मक वातावरणमा भएको हुन सक्छ। आवश्यक सङ्ख्या पुऱ्याउनाले निर्णय गर्ने आधार प्रदान गर्छ तर बहुमत हुँदैमा टिकाउ र व्यापक तवरमा स्वीकार्य राजनीतिक समाधानको ग्यारेन्टी हुन्छ भन्ने छैन।

निर्वाचित निकायको प्राथमिक कार्यबारे पनि पार्टीहरूमा असहमति छ। नेपाली काङ्ग्रेस संसदको चुनाव हुनुपर्छ र त्यसै संसदले संविधानसभाको पनि काम गर्नुपर्छ भन्छ। माओवादीहरू भने पहिलेझैं निर्वाचित निकाय प्राथमिक रूपमा संविधानसभा नै हुनुपर्छ र संविधान जारी भएपछि स्वतः संसदमा परिणत हुनुपर्छ भन्छन्।

मुख्य कुरा के छ भने निर्वाचनको परिणाम कस्तो हुन्छ त्यो भन्न एकदमै गाह्रो छ। सन् २००८ मा संविधानसभाको चुनाव हुँदा प्रायः सबै पर्यवेक्षक र राजनीतिज्ञहरूले परिस्थितिको सही अनुमान गर्न सकेनन्। अहिलेको अवस्था त झनै तरल छ र त्यसमाथि अरू पात्रहरू थपिएका छन्। सन् २००८ मा झैं अहिले राजनीतिक धुरीचाहिँ प्रस्टै देख्न सकिन्छ जसका वरिपरि निर्वाचन घुम्ने छ, त्यो हो सङ्घीयता।

सङ्घीयतावादी र पहिचानवादी संविधानका हिमायतीहरू यस पटक माओवादी, जनजाति र मधेसीहरूको खुकुलो गठबन्धन बडो बलियो शक्ति हुने बताउँछन्। तर यस गठबन्धनका पात्रहरूका सामु चुनौतीहरू छन्।

पहिलो त, एकल मुद्दामा आधारित चुनावी गठबन्धन पहिले परीक्षण नभएको रणनीति हो। अर्को, स्थानीय कारक र गठजोडहरूले सिटको बाँडफाँडमा महत्त्वपूर्ण र जटिल भूमिका खेल्नेछन्। सङ्घीयतावादी समूहहरूभित्रै पनि पुराना र व्यक्तिगत तवरका स्थानीय अन्तरविरोध र तनाव बाहिर आउन सक्छन्, जस्तै मधेसी र जनजाति उम्मदेवारबीच, माओवादी र मधेसीहरूबीच, माओवादी र जनजातिबीच वा मधेसी र थारूहरूबीच। चुनाव जित्न सक्ने ठानिएको मधेसी, माओवादी र जनजातिको सङ्घीयतावादी गठबन्धनका प्रत्येक शक्ति विरुद्ध अर्को उस्तै शक्ति छ। माओवादी पार्टी फुटेको छ र अर्को मधेसी मोर्चा देखा परेको छ। सबै जनजाति समूहहरू पनि एकैतिर थुप्रिन्छन् भन्ने छैन।[८६] त्यति हुँदाहुँदै पनि सङ्घीयतावादी शक्तिले चुनाव जित्न सक्छ वा कि होइन भने यसले उनीहरूको प्रभाव क्षेत्र र समर्थकहरूलाई झनै फुटाउन सक्छ।

नेपालीहरूले पहिचानलाई आधार मानेर सधैं भोट दिने गरेका छैनन्, भोट दिएका भए पनि त्यसका पछाडि एउटै कारण रहेको छैन। उदाहरणका लागि, बाहुन र छेत्रीले सधैं काङ्ग्रेस र एमालेलाई नै भोट दिन्छन् भन्ने छैन। त्यसैगरी जनजातिहरूले पहिलेहेरी जनजाति उम्मेदवारलाई बढी भोट हालिहाले पनि उनीहरूले सङ्घीयताबारे कट्टर विचार राख्नेलाई नछान्न सक्छन्। "मेरो विचारमा पूर्वी पहाडमा काङ्ग्रेसले राम्रो मत पाउनेछ, तर उसले जनजाति उम्मेदवार खडा गर्नुपर्नेछ", धनकुटाका एक जना काङ्ग्रेस नेताले भने।[८७]

उच्च जातका समूहहरूले राजनीतिक अल्पसङ्ख्यक हुने सम्भावनाको पहिलो पटक सामना गर्नु पर्नेछ। उनीहरूले सङ्घीयतावादी क्याम्पभित्रका अन्तरविरोधबाट फाइदा लिने बाटो खोज्ने छन् वा डरको मात्रालाई बढाउनेछन्। क्षेत्रीयता र पहिचानवादी नयाँ पार्टीहरूले राष्ट्रिय पात्रहरूका सन्तुलनमा फरक पार्न सक्नेछन्। उग्र दक्षिणपन्थी, विशेषगरी राष्ट्रिय प्रजातन्त्र पार्टी (नेपाल) आम जनताको नैराश्य र असुरक्षाको भावनाबाट लाभ उठाउन सकिने ठानेर चुनावमा जान चाहेको छ। यस्ता कुराहरू ठाउँ हेरी फरकफरक हुनेछन्।

निर्वाचन सर्वदलीय सरकारको मातहत गर्नु सबभन्दा उत्तम हुनेछ। त्यसो भएमा हिंसालाई पूरै निमिट्यान्न गर्न नसके पनि त्यसलाई केही हदसम्म घटाउन सकिन्छ र सरकारले धाँधली गऱ्यो भनेर आरोप-प्रत्यारोप गर्ने ठाउँ पनि रहने छैन। तर यस्तो भएको खण्डमा पनि स्थानीय तहमा भने प्रतिस्पर्धा चर्को हुनेछ र त्यसको कारण केवल सङ्घीयता हुने छैन। "यसअघिको चुनावमा त हामी डराएका थियौं, तर अब हामीलाई डर छैन। हाम्रा केटाहरू अब तम्तयार छन् र हामीसँग पिस्तोल र अरू हतियार पनि छन्", काभ्रेपलाञ्चोक जिल्लाका एक जना काङ्ग्रेस सङ्गठनकर्ताले बताए।[८८]

नोभेम्बर २०१२ बाट चुनाव सारेर छिटोमा मार्च वा अप्रिल २०१३ मा गर्ने कुरा बुझ्न सकिन्छ, तर यसबाट विधायिकाको शून्यता लम्बिन जान्छ। तर यो ढिलाइ उपयोगी पनि हुन सक्छ। धेरै पार्टी चुनावका लागि तयार छैनन्। "काङ्ग्रेस, एमाले कोही पनि नोभेम्बरको चुनावका लागि तयार थिएनन्," सुनसरीका एक जना लिम्बू नेताले भने।[८९] यस ढिलाइबाट परिस्थिति सेलाउने समय मिल्छ र अहिलेको ध्रुवीकृत र निराशापूर्ण अवस्थाबाट तुरुन्तै उफ्रेर चुनावको अवस्थामा कसैलाई पनि हाम्फाल्न पर्दैन। पार्टीहरूले नयाँ संविधानसभाको चुनाव गर्ने निधो गरेका अवस्थामा पहिलेका सांसदहरू, पार्टीहरू र विभिन्न स्वार्थ बोकेका समूहहरूले यस अवधिलाई स्थानीय र क्षेत्रीय तहमा सङ्घीयता तथा समावेशीकरणबारे अहिलेसम्म भएका बहस एवं छलफलबारे बुझाउन संवाद चलाउनुपर्छ।

हिंसाको खतरालाई कम गर्ने हो भने सबै पक्षले आफ्ना बोलीवचनलाई सुधार्नुपर्छ। त्यसका साथै, उनीहरूले अरूका कुरा सुन्नुपर्छ र प्रश्नको जवाफ इमानदारीपूर्वक दिनुपर्छ। काठमाडौंका सम्भ्रान्त राजनीतिकर्मी र टिप्पणीकर्ताहरूका प्रस्तुतिले केवल डरको भूत जगाउने काम गरेको छ। ससाना कुराहरूलाई बुझाउनाले तथा पार्टीहरूले लिएका अडानलाई खुलस्त पार्नाले मात्रै निर्वाचन, संविधान लेखन वा सङ्घीयताको कार्यान्वयन शान्तिपूर्ण हुँदैन। तर निर्वाचन भएको खण्डमा केही नभए पनि नेपाली जनताले आफ्नो आवाज त सुनाउन सक्नेछन्। नेपाली जनताको विश्वास र सदासयताले धेरै परीक्षणबाट गुज्रिन परेको छ। पार्टीहरूले आमजनताका आकाङ्क्षामा पनि लगाम लगाउनुपर्ने हुन्छ। उनीहरूले भन्न सक्नुपर्छ परिवर्तन त हुन्छ तर संविधान आउँदैमा सबै समस्याको समाधान भइहाल्दैन। क्राइसिस ग्रुपले नयाँ संविधानसभाको चुनाव गर्ने पक्ष र विपक्षमा सबै खाले राजनीतिक रङका पात्रहरू, कार्यकर्ताहरू तथा विश्लेषकहरूका तर्क सुन्न पाएको छ।[९०]

### १. चुनाव लोकतान्त्रिक र (सापेक्षिक रूपमा) वैध हुन्छ

चुनावको पक्षमा अघि सारिने तर्कअनुसार पहिचानको राजनीति कति बलियो छ भनी जाँच्ने र राजनीतिक सन्तुलन कति बदलिएको छ त्यो हेर्ने सबभन्दा राम्रो उपाय चुनाव हो। माओवादी, मधेसी र कुनै स्थापित पार्टीसित नगाँसिएका नयाँ जनजाति पात्रहरू यस अडानका सशक्त पैरवीकर्ता हुन्। उनीहरूको भनाइमा विघटित संविधानसभाका जनप्रतिनिधिहरूले चारचार वर्ष लगाएर पनि संविधानमा सहमति खोज्न सकेनन् भने अरू केही महिना थप्दैमा सहमति हुन्छ भन्ने ग्यारेन्टी छैन। उनीहरू के भन्छन् भने अहिले सङ्घीयताबारे जनताले सन् २००८ मा

---

[८६] यस्ता गतिशास्त्रबारे थप जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको विस्तार हुँदै गएको राजनैतिक गणित*, माथि उल्लेखित खण्डहरू २, ३.ग र ४.क।

[८७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काङ्ग्रेस नेता, धनकुटा, जून २०१२।

[८८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, जून २०१२। मध्यम तहका अन्य काङ्ग्रेस नेता तथा कार्यकर्ताहरूले पनि यस्तो "तयारी" बारेमा खुलेर अभिव्यक्ति दिएका छन्।

[८९] क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, सुनसरी, मे २०१२।

[९०] थप जानकारीका लागि हेर्नुहोस् खण्ड ३.ख.३।

भन्दा धेरै बुझिसकेका छन् (हुन त गलत सूचना पनि गइरहेकै छ)। केन्द्रीय तहका एक जना माओवादी नेताले भने, "उस बेला (सन् २००८ मा) जनताले कि त शान्तिका लागि भोट दिए कि भने माओवादीको पक्ष वा विपक्षमा। अहिले धेरै मानिसलाई थाहा भइसकेको छ शान्ति प्रक्रियाको मुटुमा सङ्घीयता रहेको छ भन्ने। यो विषय पूरै नेपालीसित सम्बन्धित छ, माओवादीसित मात्र होइन। जनताले यस विषयमा भोट दिन पाउनुपर्छ।"[९१]

केही कार्यकर्ताहरूका विचारमा मतदाताहरूले आफ्ना क्षेत्रीय सरोकारहरूलाई सामुन्ने ल्याउन पाउनुपर्छ र बदनाम नेताहरूलाई मिल्काउने मौका पाउनुपर्छ। उदाहरणका लागि, चुनावमा तगडा टक्कर पर्ने डरले पार्टीहरू प्रस्ट कार्यसूची तथा गतिला उम्मेदवार लिएर आउन बाध्य हुन्छन्। देशका प्रत्येक भागका आआफ्नै समस्या छन् र तिनलाई सम्बोधन गर्ने तरिका पनि फरकफरक छन्, तर काठमाडौं केन्द्रित मिडिया र नेताहरूले गर्ने छलफलमा समस्या सङ्घीयताको पक्ष वा विपक्ष वा जातीय राज्यको पक्ष वा विपक्ष वा उच्च जातको पहिचानको पक्ष वा विपक्षबारे हो भने जसरी प्रस्तुत गर्छन्।

उदाहरणका लागि, लिम्बूवान समर्थक समूहहरू सक्रिय रहेका पूर्वी पहाडमा पहिचानको आन्दोलनको आफ्नै इतिहास रहेको छ। त्यहाँ आत्मनिर्णयको अधिकारका कुरा उठाउनेहरू नै अन्य समूहहरूलाई पनि साथ लिने भनेर उनीहरूलाई मनाउने कुरा पनि गर्ने गर्छन्। सुदूरपश्चिममा थारू समुदाय र उच्च जात समूहहरू छलफलका लागि तत्पर छन् र छलफल गरिनुपर्ने स्पष्ट मुद्दाहरू पनि छन्। पोखरा क्षेत्रमा गएको मे महिनामा उच्च जात समूह र जनजाति समूहहरूबीचको ध्रुवीकरण प्रस्टसित देखा पऱ्यो, यद्यपि विवादको विशेष चुरो भने देखिएन। चुनावले यस्ता मुद्दाहरूलाई खेलाउँछ, तर पुनःस्थापित संविधानसभाले भने यिनलाई "राष्ट्रिय समस्याका" तपसिलका विषय मान्छ।[९२]

सङ्घीयताका पक्षपाती केही संवैधानिक विशेषज्ञ र विश्लेषकहरू चुनावको विकल्प रोजे कम समस्या हुने बताउँछन्। हुन त संविधानसभा पुनःस्थापना गर्दा जसरी कानुन मिचिन्छ त्यसरी नै नयाँ निर्वाचन गर्दा पनि कानुन मिचिन सक्छ। संविधानसभाको एउटा मात्रै चुनावको परिकल्पना गरिएको भए तापनि यस्ता केही संवैधानिक प्रावधानहरू छन् जसलाई संशोधन गरेर संविधानसभाको अर्को चुनाव गर्न सकिन्छ। विशेषज्ञमध्ये केहीको भनाइमा विघटित संविधानसभाले धेरै लोकतान्त्रिक कार्यविधिलाई छल्ने काम गऱ्यो। नयाँ संविधानसभाले सुरुबाटै ती कार्यविधिलाई सुदृढ पार्न सक्छ। निर्वाचन पद्धतिलाई नै पनि सुधार गर्न सकिन्छ। उदाहरणका लागि, पार्टीहरूलाई समानुपातिक प्रतिनिधित्वअन्तर्गत चुनिने उम्मेदवारहरूका नाम प्राथमिकताका आधारमा पहिलेबाटै तोक्न लगाउन सकिन्छ। त्यसो भएमा कुनै पार्टीले जितेमा समानुपातिकबाट पहिलो दोस्रो कुन उम्मेदवार चुनिने छन् त्यो कुरा मतदाताले थाहा पाउन सक्छन्।

चुनावको पक्षमा कुरा गर्दा काङ्ग्रेस र एमाले सदस्यहरू चुनावले राजनीतिक परिदृश्य पूरै नबदलिने बताउँछन्। नयाँ गठबन्धनहरू जस्तै माओवादी, मधेसी र जनजातिहरूको गठबन्धन जस्तो नटिक्ने उनीहरू ठान्छन्। उनीहरूको भनाइमा जनजाति समूहहरूले पनि गति कायम राख्न सक्दैनन्। "पुराना अनुहार र पुराना शक्तिहरू त्यसै हराएर जाँदैनन्, हामी अझै सान्दर्भिक छौं", जिल्ला तहका एक जना काङ्ग्रेसी सङ्गठनकर्ताले भने।[९३] केही पर्यवेक्षकहरूले जस्तै उनीहरू के तर्क गर्छन् भने नयाँ संविधानसभाको चुनावबाट पुरानै पात्रहरू चुनिएका खण्डमा अघिल्लो संविधानसभाले गरेका कामहरूलाई जोगाउन सकिन्छ।

अनि अति उग्र दक्षिणपन्थी राजतन्त्रवादीहरू चुनावको पक्षमा छन्, किनभने अहिले आम जनताले महसुस गरेका असुरक्षा र नैराश्यबाट लाभ उठाउन सकिने उनीहरू ठान्छन्।[९४]

### २. चुनाव हिंसात्मक हुनेछ र त्यसले परिवर्तन ल्याउँदैन

चुनावको विपक्षमा सबभन्दा कडा तर्क काङ्ग्रेस र एमालेबाट आएको छ। यी पार्टीका सदस्यहरू चुनाव हुँदैमा त्यसले निश्चित परिणाम दिन्छ भन्ने छैन भन्छन्।[९५] त्यसैले नयाँ संविधानसभामा संविधानबारे सहमतिमा पुग्न झनै गाह्रो हुनेछ। फेरि पहिले जसरी नै कमजोर र निरन्तर बदलिरहने शक्तिसन्तुलन तथा गठबन्धन राजनीतिको भारी बोक्नु भनेको समय र आर्थिक स्रोतहरूको बर्बादी मात्रै हो। ध्यानयोग्य छ एक जना वरिष्ठ काङ्ग्रेसी नेताको भनाइ, "फेरि संविधानसभाको चुनाव गराउने हो भने त्यो हानिकारक, अलोकतान्त्रिक अडानलाई र कट्टर जातीय पार्टीहरूलाई बलियो पार्ने काम मात्रै हुन्छ। उनीहरूले मतदाताको भोट त पाउलान् तर त्यसले राष्ट्रको हित गर्ने छैन।"[९६]

हुन त राजनीतिज्ञ र विश्लेषकहरूले सोझै भन्दैनन्, तर झण्डै यही तर्कसित जोडिएर आउने अर्को कुरा छ हिंसाको चर्को खतरा। संविधानसभा विघटन हुनुभन्दा अगाडिका केही हप्ताहरूमा नेपाली समाजमा कति गहिरोसित ध्रुवीकरण भएको छ त्यो प्रकट भयो। आउँदो निर्वाचन वास्तवमा सङ्घीयता र सङ्घीय मोडेलमा पहिचानको स्थानबारे जनमत सङ्ग्रह नै हुनेछ। नयाँ संविधानमा आफ्ना भनाइ राख्न तँछाडमछाड गर्ने समूहहरूले निर्णय आफ्नो पक्षमा गराउने मौका देख्ने छन्। हाछौं भनी ठान्ने उच्च वर्गले आफ्नो हैकम कायम राख्नलाई भरमग्दुर गर्नेछ। चुनावका बेला प्रायः देखिने अन्तरपार्टी हिंसालाई जसरी साम्प्रदायिक हिंसालाई नियन्त्रण गर्न सकिंदैन। कुनै पनि पक्षका आसेपासे समूहहरूलाई निर्वाचनले आफ्ना कार्यसूचीलाई अघि बढाउनुको साटो

[९१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, जुलाई २०१२।

[९२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, विश्लेषक, काठमाडौं, जुलाई २०१२।

[९३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, जून २०१२।

[९४] तीमध्ये मुख्य गरी राष्ट्रिय प्रजातन्त्र पार्टी (नेपाल) ले सन् २००६ देखि नै राजतन्त्रको उन्मूलनलाई गलत र गैरकानुनी भन्दै आएको छ। राजावादी दक्षिणपन्थीबारे थप जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको संविधान (२)*, माथि उल्लेखित खण्ड ३.घ।

[९५] काङ्ग्रेस आफैंले चुनावमा राम्रो नतिजा प्राप्त गर्न नसक्ला भन्ने चिन्ता रहेको छ। तर नेताहरू यस चिन्तालाई चुनाव विरोधी तर्कका रूपमा प्रस्तुत गर्दैनन्।

[९६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, जून २०१२।

त्यसलाई भुत्ते पार्नेछ भन्ने लागेमा कट्टर सशस्त्र समूहहरू जन्मिन सक्नेछन्। (हिंसाको खतराबारे थप चर्चा खण्ड ३.ङ गरिएको छ)।

काङ्ग्रेस, एमाले र काठमाडौंका नागरिक समाजका केहीले सुरुमा निकालेका निर्वाचन विरोधी तर्कअनुसार पहिले अरू पार्टीहरूलाई साथ नलिईकन र संविधानमा आवश्यक संशोधन नगरिकन चुनाव गराउने सरकारले गरेको निर्णय असंवैधानिक थियो। सरकारले कानुनसम्मत तरिकाले चुनाव गराउनका लागि पहिले संविधानमा संशोधन गर्नु पर्थ्यो। यिनै समूहका केही हिस्सा प्रायः के भन्ने गर्छन् भने अर्को ६०१ सदस्यीय सभालाई चार वर्ष धान्नु धेरै खर्चिलो हुनेछ।[९७]

माथिका तर्क प्रस्तुत गर्नेहरू पछिल्लो संविधानसभाले धेरैजसो विवादास्पद मुद्दाहरू सल्टयाइसकेको थियो भन्छन्। उनीहरूको भनाइमा अब अघि बढ्ने सबभन्दा राम्रो उपाय सर्वदलीय सरकार गठन गरेर वा संविधानसभाको पुनःस्थापना गरेर वा संवैधानिक आयोग गठन गरेर त्यसमार्फत छिटोभन्दा छिटो संविधान जारी गर्नु हुन्छ। यसो गरेमा शिथिल बन्दै गएको शान्ति तथा संविधान लेखन प्रक्रियाको अन्त्य हुनेछ र पार्टीहरूले नियमित संसदीय राजनीतितर्फ फर्केर शासन व्यवस्थामा ध्यान दिन सक्नेछन्।

नयाँ चुनाव गर्न नहुने कट्टर विचार राख्नेहरू नेपाली जनता सङ्घीयताबारे बिल्कुल अनभिज्ञ छन् र संविधानसभाका लागि नेपाल तयार थिएन भन्ने देखिइसकेको बताउँछन्। उग्र दक्षिणपन्थीहरूको दृष्टिमा आयोगले संविधान मस्यौदा गरे पनि ठीकै छ। अथवा नेपाली राजनीति स्थिर नभएसम्म चुनाव नगरे पनि हुन्छ भन्छन्।[९८]

## ३. निर्वाचनका चुनौतीहरू

अन्तरिम संविधानमा निर्वाचनसम्बन्धी यस्ता धाराहरू छन् जसको संशोधन हुनु जरुरी छ। यस्तो संशोधन प्रतिपक्षको सहमति लिई वा नलिई अध्यादेशद्वारा अथवा संविधानसभालाई केही दिनका लागि कठिन राजनीतिक सम्झौताद्वारा बिउँताएर वा अन्तरिम संविधानमा उल्लेख भएझैं "बाधा-अड्चन" हटाउने राष्ट्रपतिको अधिकारको प्रयोगबाट गर्न सकिन्छ।

संशोधन गरिनुपर्ने धाराहरूमा निर्वाचनको तिथिमिति, मतदाता नाम दर्ता गराउने अन्तिम मिति, निर्वाचन क्षेत्रको सीमा निर्धारणसम्बन्धी धाराहरू छन्।[९९] निर्वाचन क्षेत्र निर्धारण आयोगले निर्वाचन क्षेत्रको सीमा तय गर्दा जनगणनालाई आधार मानेको छ र धेरैको विचारमा सन् २००१ को जनगणनाका तथ्याङ्कहरूले निर्वाचन क्षेत्र निर्धारण गर्नका लागि उपयुक्त वा पर्याप्त आधार प्रदान गर्दैनन्।[१००] सन् २०११ मा जनगणना गरिएको थियो, तर त्यसको प्रतिवेदन अक्टोबर २०१२ मा मात्रै प्रकाशित हुनेछ। निर्वाचन क्षेत्रको पुनः सीमाङ्कन चुनौतीपूर्ण र विवादित विषय हुनेछ।

मतदाता नाम दर्ता गर्ने कार्य पनि उत्तिकै जटिल छ। जनसङ्ख्याको प्रक्षेपणका आधारमा निर्वाचन आयोगले अर्को चुनाव हुनुभन्दा अघि १ करोड ४५ लाख मतदाताहरूको नाम दर्ता गर्नुपर्ने थियो। तर अहिलेसम्ममा १ करोड ५ लाख मतदाताहरू मात्र दर्ता भएका छन्। लगभग १० लाख मतदाताहरूको नाम या त नागरिकताको प्रमाणपत्र नभएका कारण दर्ता हुन सकेको छैन या भने आयोगको अनुमानमा उनीहरू भोट हाल्न इच्छुक छैनन्। बाँकी मतदाताहरू समुद्रपारका मुलुकहरूमा बसिरहेका अनुमान गरिएको छ।[१०१] ६० हजारभन्दा बढी मतदाताहरूको विवरण सही छैन र त्यसलाई सच्याउनु आवश्यक छ।[१०२]

## ग. सम्झौतावार्तालाई राम्रो बनाउने

राजनीतिक खेल रोकिँदैन। तैपनि छलफलहरूको तर्जुमा राम्रोसित गर्न सकिन्छ, चाहे त्यो संसदीय संरचनाभित्र होस् या बाहिर। संसदीय संरचना नियमबाट सञ्चालित हुने हुनाले त्यसका फाइदाहरू छन्, तर नियमहरूको प्रभावकारिता तिनलाई नतोडेसम्म मात्रै रहन्छ। संविधानसभाभित्र वा बाहिर कुनै पनि नयाँ छलफलहरू चलाउँदा तिनलाई सकेसम्म समावेशी र पारदर्शी बनाउनुपर्छ। त्यसको अर्थ

[९७] अन्तरिम संविधानले प्रारम्भमा संविधानसभालाई दुई वर्षको समयावधि दिएको थियो। मे २०१० मा संविधानसभाको सुरुको म्याद सकिएपछि चार पटक म्याद थप गरियो र त्यसका लागि संविधान संशोधन गरिएको थियो। यस प्रकार अन्तरिम संविधानले संविधानसभालाई चार वर्षको समयावधि दिएको छ। अर्को निर्वाचनमा जानुभन्दा पहिले यसको संशोधन गर्नुपर्ने हुन्छ अथवा नवनिर्वाचित संविधान सभाको पहिलो बैठकमा नै दुई वर्ष वा त्योभन्दा पनि कम समयावधि राख्ने निर्णय गर्नुपर्ने हुन्छ।

[९८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, सङ्घीयता विरोधी विश्लेषक, काठमाडौं, जून २०१२।

[९९] धारा ३३.क, ६३.३, र ६३.७। नेपालको अन्तरिम संविधान, माथि उल्लेखित। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, निर्वाचन आयुक्त, काठमाडौं, जून २०१२।

[१००] क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, वरिष्ठ अधिकारी, केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं, जून २०१२।

[१०१] तराईमा नागरिकताको प्रमाणपत्र राजनीतिक विवादको विषय रहिआएको छ। भारतीय नागरिकहरूले जालझेल गरेर नेपाली नागरिकता लिने गरेको वा आफ्नो निर्वाचन क्षेत्रमा पकड राख्न चाहने राजनीतिक नेताहरूको मिलेमतोमा त्यसो हुने गरेको आरोपहरू लाग्ने गरेका छन्। तर यो समस्या तराईमा मात्रै सीमित छैन। निर्वाचन आयोगले केही पहाडी जिल्लाका ४० प्रतिशत बासिन्दासँग नागरिकताको प्रमाणपत्र नभएको फेला पाएको छ। कार्टर सेन्टरले २१ लाख मानिसको नागरिकता प्रमाणपत्र नभएको र १० देखि ४० लाख मतदाताहरूको नाम दर्ता नभएको अनुमान गरेको छ। "The Carter Center's Fourth Interim Statement on the Election Commission of Nepal's 'Voter Register with Photograph' Program", कार्टर सेन्टर, जुलाई २०१२। मुलुकबाहिर काम र बसोबास गर्ने नेपालीको अनुमानित सङ्ख्या ३० लाखभन्दा बढी छ, यसले पनि मतदाताको नाम दर्ता गर्ने र परिचयपत्र जारी गर्ने निर्वाचन आयोगको प्रयासलाई जटिल बनाइदिन्छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, निर्वाचन आयोगका वरिष्ठ सदस्य, काठमाडौं, ४ जून २०१२।

[१०२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, निर्वाचन आयोगका अधिकारी, काठमाडौं, जून २०१२।

राजनीतिज्ञहरूले आफ्नो परीक्षण हुँदैछ भन्ने कुरा पचाउन सक्नुपर्छ र अनिश्चित पुरस्कारका निम्ति अहिले उपभोग गरिरहेका केही शक्तिलाई छाड्नुपर्ने हुन्छ। नेताहरूले आफ्ना पार्टीभित्रका मध्यम तहका तथा अल्पसङ्ख्य नेताहरूउपर ध्यान दिनुपर्छ, किनभने उनीहरू जिल्लाको परिस्थितिसित बढी वाकिफ हुन्छन्। तर पार्टीहरूलाई आन्तरिक प्रजातन्त्र लागू गराउन वा बढी स्पष्ट नीतिहरू अवलम्बन गर्न लगाउन वा साङ्गठनिक व्यवस्थापनलाई बढी पारदर्शी बनाउन जबर्जस्ती गर्न सकिँदैन। पार्टीहरू आफैँले फरक तरिकाले काम गर्नु चाहनुपर्छ, चाहे त्यो थोरै समयका लागि किन नहोस्।

### १. संविधानसभाका कार्यहरूको रक्षा

संविधानसभाले विभिन्न संवैधानिक विषयहरूमा कागजात र मस्यौदाहरू तयार पार्न विषयगत समितिहरू गठन गरेको थियो।[१०३] केही कमीकमजोरीहरू भए पनि ती समितिहरू धेरै हदसम्म रचनात्मक थिए र आफ्ना विषयबारे तिनलाई जानकारी थियो। कुनै मुद्दाउपर समितिमा मतैक्य हुन नसकेमा वा विमति भएमा तिनलाई पनि मस्यौदामा खुलाएर राखिन्थ्यो।[१०४] विषयगत समितिहरू पछि त्यस्ता विवादित विषयहरूलाई सल्ट्याउने काम संवैधानिक समितिबाट हुनु पर्थ्यो।[१०५] त्यो हुन नसकेको अवस्थामा त्यस्ता विषयउपर संविधानसभाको खुला सत्रमा मतदान गराउनु पर्थ्यो। नयाँ संविधानलाई एकमुष्ठ होइन धाराबार रूपमा पारित गराउनुपर्ने थियो। तर कुनै पनि चरणमा मतदान भएन। त्यसको सट्टा उच्चस्तरीय कार्यदल र त्यसपछि संवैधानिक समितिअन्तर्गतको "विवाद समाधान उपसमिति" ले हरेक विषयउपर निर्णय लिने काम गऱ्यो।[१०६]

काठमाडौंमा अहिले के भन्न थालिएको छ भने पछिल्लो संविधानसभा असफल हुनाको मतलब नेपाल संविधानसभाका लागि तयार छैन। तर यस्तो तर्क दिनेहरूले संविधानका धेरै विषयहरू टुङ्गो लागिसकेका थिए भन्ने तथ्य बिर्सन्छन्। सङ्घीयताबारे सहमति हुन नसक्दैमा संविधानसभाको अवधारणा नै विफल भएको मान्न सकिँदैन। बरु यसले त मुख्यमुख्य संवैधानिक विषयहरूमा पार्टीहरूबीचको दूरीलाई इङ्गित गर्दछ। संवैधानिक र अन्य धेरै विषयउपरको मतमतान्तरमा पार्टीहरू अल्झेकाले सङ्घीयताको मुद्दा ओझेलमा पर्न गएको थियो।

लोकतान्त्रिक अभ्यासहरूलाई लत्याउने चलन नै बस्यो। म्यादभित्र काम तामेल गर्न गाह्रो परेकाले संविधानसभाको कार्यतालिकालाई पटकपटक सच्याउनु पऱ्यो। जनतासित परामर्श गर्ने योजना थालिएदेखि नै छोटोछोटो हुँदै आखिर यस वर्षको सुरुतिर त्यो हरायो नै। "संविधानसभाको म्याद तीन महिना बढाएर २७ अगस्ट पुऱ्याएको भए पनि पार्टीहरूले जनतासित परामर्श गर्ने थिएनन्," एमालेका एक जना जनजाति नेताले बताए।[१०७] कार्यविधिहरूको पनि संशोधन भयो। मे २०१२ सम्ममा संविधानको प्रत्येक धाराउपर भोट नगरी सिङ्गो संविधानलाई पारित गर्ने निर्णय गरियो।

कुनै पनि प्रावधानलाई छल्ने बाटो पाइन्छ; पार्टीहरूले नियमलाई केवल सुझाउका रूपमा लिने चलन बन्द नगरेसम्म नियमलाई प्रभावकारी बनाउन सकिन्न। तर पनि केही उपायहरू अवलम्बन गर्न सकिन्छ र ती उपाय नयाँ वा पुनःस्थापित संविधानसभाका लागि उपयोगी हुन सक्छन्। उदाहरणका लागिः

- हाजिरी जनाउने नियम हुनुपर्छ र वरिष्ठ नेताहरूलाई उपस्थित हुन बाध्य पार्न दण्ड-जरिवानाको प्रावधान राखिनुपर्छ।[१०८]
- खुला सदनको छलफल र विवादित विषयहरूउपरको मतदान, सार्वजनिक परामर्श लगायतका समयतालिका जस्ता कार्यविधिहरू संशोधन गरिनु हुँदैन।
- संविधानसभाका समितिहरूमा मनोनीत सदस्यहरू नराखी प्रत्यक्ष निर्वाचनबाट वा पार्टीले समानुपातिक प्रतिनिधित्वका लागि प्राथमिकताको क्रममा दिएको उम्मेदवारहरूको सूचीबाट चुनिएका सदस्यहरू राखिनुपर्छ।

---

[१०३] यीमध्येका केही मस्यौदा सर्वसम्मतिबाट पारित भएका थिए र बाँकी मस्यौदा "अल्पमतको विचार" राखेर पास भएका थिए।

[१०४] उदाहरणका लागि, न्याय प्रणालीसम्बन्धी समितिको अवधारणापत्रमा पाँचभन्दा बढी सवालमा समितिका सदस्यहरूको फरक मतलाई समावेश गरिएको थियो। "A Report Preliminary Draft with the Concept Paper", संविधानसभाको न्याय प्रणालीसम्बन्धी समिति, सेप्टेम्बर २००९।

[१०५] सिद्धान्ततः संवैधानिक समितिले बकाया सवालहरू सुल्झाउने वा तिनलाई मतदानका लागि पेस गर्ने निर्णय गर्दछ। तर व्यवहारमा भने माओवादी, काङ्ग्रेस, एमाले र पछिल्लो समयमा मधेसी लगायतका दलका शीर्ष नेताहरूले यी सवालहरूमा सम्झौता गर्ने गर्थे र छलफलमा माओवादी लडाकू तथा सरकार परिवर्तन जस्ता विषय स्वतः जोडिएका हुन्थे।

[१०६] अक्टोबर २०१० मा उच्चस्तरीय कार्यदल गठन भएपश्चात् यी छलफलहरूबाट संविधानसभालाई पूरै पन्छाइयो। साना दलहरूले विरोध गरे। फेब्रुअरी २०११ मा नै संवैधानिक समितिका अध्यक्ष नीलाम्बर आचार्यले काङ्ग्रेस, एमाले र माओवादीका शीर्ष नेताहरूले अन्य दललाई संवैधानिक निर्णय प्रक्रियाबाट टाढा राखेको भन्दै उनीहरूको आलोचना गरे। "Challenges in drafting the new constitution discussed", nepalnews.com, ५ फेब्रुअरी २०११। त्यसपछि नै विवाद समाधान उपसमितिका अन्य उपसमिति र कार्यदलहरूको गठन भएको थियो र त्यसमा पनि तिनै माओवादी, काङ्ग्रेस, एमाले र मधेसी शीर्ष नेताहरू (जसमध्ये केही सन् २००८ को निर्वाचनमा आफ्ना क्षेत्रबाट पराजित भएका थिए) यी वार्ताहरूमा हाबी भएका थिए। सिद्धान्ततः यो उपसमिति संवैधानिक समितिको मातहतमा थियो, तर व्यवहारमा भने यसलाई पूर्णतः स्वायत्त रूपमा सञ्चालित गरियो।

[१०७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, एमालेका जनजाति नेता, काठमाडौं, जून २०१२।

[१०८] शीर्ष नेताहरू संसदीय सत्रहरूमा अनुपस्थित हुने कुरामा बदनाम थिए। मे २००८ देखि अप्रिल २०१० सम्म संविधानसभाको बैठकमा सदस्यहरूको औसत उपस्थिति ६३ प्रतिशत, अर्थात् दुईतिहाइभन्दा केही कम थियो। ठूला नेताहरूको हाजिरी रेकर्ड एकदमै खराब थियो। उदाहरणका लागि, यस अवधिमा माओवादी अध्यक्ष प्रचण्डको उपस्थिति दर ६.६९ प्रतिशत थियो भने काङ्ग्रेसबाट प्रधानमन्त्री पदका दावेदार शेरबहादुर देउवाको १.९८ प्रतिशत थियो। "Attendance and Participation in the Constituent Assembly", Policy Paper no. 4, मार्टिन चौतारी, सेप्टेम्बर २०१०।

- समितिका सभापतिहरू समिति सदस्यहरूको भोटबाट छानिनुपर्छ वा पहिलेबाटै तय गरिएका सर्तहरूका आधारमा पालैपिलो छानिनुपर्छ, "सहमति" को आधारमा मनोनीत गरिनु हुँदैन।
- कानुनी तथा प्राज्ञिक सल्लाहकारहरूको सहभागिताका औपचारिक प्रावधानहरू लागू गरिनुपर्छ। यस्ता विशेषज्ञहरूको उपस्थिति आधिकारिक हुनुपर्छ र उनीहरूले बोलेका कुरा कार्यविवरण पुस्तिकामा टिपिनुपर्छ।
- संविधानसभाका बैठकहरूमा र विवादित विषयहरूको समाधानको क्रममा "सहमति" अपरिहार्य हुन्छ, तर त्यसको उपयोग मतदानसित मिलाएर गरिनुपर्छ र संविधानसभामा पहिले प्रस्तुत गरिसकिएका प्रस्ताव वा विषयहरूको सन्दर्भमा मात्र उपयोग गरिनुपर्छ।

नयाँ निर्वाचन गरिएको खण्डमा अन्य प्रश्नहरूमाथि पनि विचार पुऱ्याउनुपर्ने हुन्छ, जस्तै सत्तासाझेदारी र सम्झौतावार्तालाई छुट्याउने प्रश्न। समानुपातिक प्रतिनिधित्वको प्रावधानबारे काङ्ग्रेसले आपत्ति जनाइसकेको छ। तर यस प्रावधानलाई हटाउनु त्यसको समाधान होइन, यद्यपि प्रतिनिधित्वलाई अझ बढी सार्थक बनाउन यसको पुनर्संरचना भने जरुरी छ।[१०९]

## २. बृहत्तर सम्झौतावार्तालाई सुधार्ने

भविष्यमा गरिने सम्झौतावार्ताहरू निश्चय पनि बढी पारदर्शी, समावेशी र उत्तरदायी हुनुपर्छ। पार्टीहरूले तीन प्रकारका प्रयास गर्नुपर्छ।

बृहत्तर प्रकृतिका परामर्शहरू गरिनुपर्छ। पार्टीहरूले छलफलका लागि प्रस्तुत गरिएका विषय र ती विषयसित सम्बन्धित वादविवादबारे खुला र स्पष्टसित सार्वजनिक तवरमा बोल्नुपर्छ। संविधान आउन धेरै वर्ष ढिलो भइसक्यो र एक पटक परिकल्पना गरिएको गाउँ तहसम्म गएर व्यापक परामर्श गर्नका लागि अब समय छैन। तर स्थानीय र राष्ट्रिय तहका नेताहरूसित जिल्लाजिल्लामा खुला सभाहरू राख्न सकिन्छ, यद्यपि राजनीतिज्ञहरू अहिलेको भुलभुलैयाबाट पार पाउन काठमाडौंमै चक्कर काटिरहेका छन्। विभिन्न विषयगत समितिहरूमा खटाइएका मध्यम तहका नेताहरूलाई यस्ता जानकारीमूलक सभाको सञ्चालन गर्न लगाउनु उपयोगी सिद्ध हुनेछ। यस्ता नेताहरूले संविधानसभामा राम्रो कोसिस गरेका थिए। उनीहरूसँग जानकारीको अभाव छैन, एकअर्कासित सहजै कुरा गर्न सक्छन् र उनीहरूमा माथ्ला तहका नेताहरू जति दाग लागिसकेको छैन।

स्थानीय तहमा पनि परामर्श गरिनुपर्छ। सङ्घीयतासम्बन्धी सम्झौतावार्तालाई कल्पना गरिएको संविधानसभाभन्दा बाहिर विभिन्न तहसम्म पुऱ्याउनुपर्छ। "केही पार्टीहरू सर्वदलीय गोलमेच वार्ताको कुरा गर्छन्, तर वास्तवमा अघि बढ्ने बाटोचाहिँ सर्वपक्षीय हो। त्यसले गर्दा संविधानसभाभित्र नभएका समूहहरूका आवाजले पनि ठाउँ पाउँछ," एमालेका एक जना जनजाति नेताले भने।[११०] सुदूरपश्चिम वा पूर्वी तराईमा सीमाङ्कनबारे उठेका विवाद जस्ता विषयमा तिनै ठाउँमा गएर सम्झौतावार्ता थालिनुपर्छ; स्थानीय विचारहरूबाट क्षेत्रीय समाधान निस्कन सक्छन्। पहाडदेखि तराईका जिल्ला हुँदै भारतसम्मको निकास हुनुपर्ने जस्ता जटिल प्रश्नहरूबारे प्राज्ञिक र विशेषज्ञको राय (चाहे त्यो जति नै राजनीतिकरण गरिएको किन नहोस्) राजनीतिक निर्णय गर्नका लागि उपयोगी हुनेछ। व्यापार र करको हकमा प्रस्तावित राज्यहरूबीच तथा राज्यहरू र काठमाडौंबीचको सम्बन्धबारे अझै बढी छलफल हुनु आवश्यक छ। स्थानीय उद्यमी र ठूला व्यापारिक समुदायसित पनि परामर्श गर्नाले उनीहरूलाई खतरा महसुस हुँदैन।

छलफलमा समावेशीकरणबारे प्रस्टता हुनुपर्छ। समावेशीकरणका उपायहरू र समूहहरूको वर्गीकरणबारेका प्रश्नहरू व्यापक आन्दोलनका माध्यमबाट उठ्नुअघि नीतिगत छलफलहरू तुरुन्तै थालिहाल्नु पर्छ। आदिवासीका रूपमा वर्गीकृत गरियोस् भन्ने बाहुन-छेत्रीहरूको जोड सङ्घीयतासित जति जोडिएको छ त्यति नै समावेशीकरणसित पनि जोडिएको छ। आदिवासीको वर्गीकरणलाई प्रस्ट्याउन जरुरी छ र अन्तर्राष्ट्रिय श्रम सङ्गठनको अभिसन्धि १६९ को आत्मनिर्णयको अधिकार जस्ता प्रावधानको सान्दर्भिकताबारे पनि छलफल आवश्यक छ। सङ्घीयतावादी पार्टीहरूले अहिलेसम्म दलित तथा महिला ककस सम्मुख पुग्ने अर्थपूर्ण प्रयास गरेका छैनन्। आजको नेपालमा दुवै अति नै पछाडि परेका समूह हुन् र उनीहरूका लागि सङ्घीयताबारे अमूर्त वादविवादले भन्दा सङ्घीयताले कुन हदसम्मको समावेशीकरण ल्याउँछ त्यस कुराले बढी महत्त्व राख्दछ।[१११]

## घ. थाती रहेका मुद्दाहरू

सबैभन्दा पेचिलो विषय त सङ्घीयता नै थियो, तर संविधानसभाको अवसान गराउने कारकतत्त्वहरू अरू पनि थिए र तिनले भविष्यमा लिइने निर्णयहरूलाई पनि असर पार्ने छन्।

पहिलो, पार्टीहरू शासकीय स्वरूपबारे नै विभाजित थिए। माओवादीहरूले प्रत्यक्ष रूपमा निर्वाचित राष्ट्रपति हुनुपर्ने अवधारणा अघि बढाएका थिए। त्यसबाट कहिल्यै खतम नहुने गठबन्धनको राजनीतिबाट मुक्ति मिल्ने र स्थायित्व आउने उनीहरूको तर्क थियो। यसको पछाडि

---

[१०९] श्रेणीगत सूची सही दिशातर्फ एउटा फड्को हुनेछ। कोटा प्रणालीबाट संविधानसभामा प्रवेश पाउने विशेष गरी महिला, दलित र केही जनजाति सदस्यहरूको योग्यताको चौतर्फी आलोचना भएको छ। आलोचना गर्नेहरूमा ती सदस्यहरूले प्रतिनिधित्व गरेका समूहका मानिसहरू समेत छन्। यसो हुनुको मुख्य कारण दलहरूले सार्वजनिक वैधानिकता पाउन सक्ने समर्थ व्यक्तिहरूलाई भन्दा पनि आफ्ना दलका लाइनलाई शिरोपर गर्नेहरूलाई उम्मेदवार बनाएकाले हो। हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको विस्तार हुँदै गएको राजनैतिक गणित,* माथि उल्लेखित, खण्ड ५.क।

[११०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, एमालेका जनजाति नेता काठमाडौं, जून २०१२। अन्यले पनि यस्तै माग उठाएका छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काङ्ग्रेस सदस्य, मधेसी वार्ताकार काठमाडौं, जून २०१२।

[१११] दलित गतिशास्त्र र महिला सहभागिताबारे थप जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको विस्तार हुँदै गएको राजनैतिक गणित,* माथि उल्लेखित, खण्डहरू ५.क र ५.ख।

पार्टी अध्यक्ष प्रचण्डको निजी महत्त्वाकाङ्क्षा पूरा हुन सक्ने हिसाबकिताब पनि रहेको छ। यसबाट निरङ्कुशता आउँछ भनेर काङ्ग्रेसले त्यसको विरोध गऱ्यो। प्रत्यक्ष निर्वाचित राष्ट्रपति र संसदबाट चुनिने प्रधानमन्त्री रहने “मिश्रित” वा “अर्ध-राष्ट्रपतीय” पद्धतिमा जाने टुङ्गो लाग्यो। यस निर्णयबाट सबैको चित्त बुझ्ने ठानियो। यद्यपि यसबाट दुईओटा शक्तिकेन्द्र खडा हुने र शक्तिसङ्घर्ष भएर सबै ठप्प हुने परिस्थिति पनि जन्मिन सक्छ। तर फेरि सङ्घीयताउपर अन्तिम समयमा चर्काचर्की परेका बेला काङ्ग्रेसले अर्ध-राष्ट्रपतीय प्रणालीलाई दिएको समर्थन फिर्ता लिने बतायो। त्यसलाई सङ्घीयताबारे उसको सौदाबाजी भनेर बुझ्न सकिन्छ।

दोस्रो, नयाँ संविधानमा परेका न्यायपालिकासम्बन्धी प्रावधानहरूका कारण न्यायपालिका पनि निकै जम्जमायो। माओवादीहरूले हरेक तहमा राजनीतिक नियुक्ति गरिनुपर्ने र साथै संवैधानिक अदालत हुनुपर्ने प्रस्ताव ल्यायो। यसका आलोचकहरूले यसो गरेमा अदालतहरूको अहिलेभन्दा अझै बढी राजनीतिकरण हुने बताउँदै न्यायाधीशहरूको नियुक्ति र बढुवा योग्यता र कार्यसम्पादनको आधारमा नभई बरियताकै आधारमा हुनुपर्ने जोड दिए। न्यायपालिकासितको परामर्शपछि समयावधि तोकिएको संवैधानिक अदालत राख्ने मध्यमार्ग निकालियो।[११२] तर केहीको भनाइमा यस प्रकरणबाट न्यायपालिका र पार्टीहरूबीचको सम्बन्धलाई हानि पुऱ्यायो, विशेषगरी माओवादीहरूसितको सम्बन्धलाई अनि संविधानसभाको म्याद थप गर्नेबारे सर्वोच्च अदालतको फैसला पनि यसबाट प्रभावित भयो।

## ङ. जसका कारण खेल बदलिन सक्छ

पार्टीहरूको साङ्गठनिक कमजोरी, निर्णय लिने खुद्रे तरिका र नेतृत्वको सङ्कटबाट आउँदा महिनाहरू कसरी बित्नेछन् त्यसको निर्धारण हुनेछ।[११३] तर अन्य कारकहरूले पनि खेललाई आनका तान फरक पार्न सक्नेछन्।

**हिंसाः** संविधानसभाको म्याद सकिएपछि यता आएर कुनै ठूलो हिंसाको वारदात भएको छैन, तर साम्प्रदायिक रङ चढेको कुनै हिंसाको घटना भएमा र त्यसमा प्रहरीको पूर्वाग्रहपूर्ण व्यवहार भएको मानिसलाई लागेमा वा हिंसाको उत्तेजनात्मक कार्य भएमा त्यसले पार्टीहरूको अहिलेको लोसेताललाई ठूलो झट्का दिनेछ।

राजनीतिक उच्च वर्ग गैरजिम्मेवार देखिएकाले त्यसप्रति व्यापक आक्रोश नभएको होइन, तर के भयो भन्नेबारे अन्योल र के हुन्छ भन्नेबारे अनिश्चितता भएकाले तुरुन्तै विरोध आन्दोलन सुरु गर्नलाई कुनै निसाना छैन। तर पनि प्रतिपक्ष र सत्ताधारी गठबन्धनबीच, सङ्घीयता समर्थक र विरोधीबीच, पहिचानवादी स्थानीय सङ्गठनहरूबीच तथा दुई माओवादी पार्टीहरूबीच र दुई मधेसी मोर्चाहरूबीच झडपहरू हुन सक्छन्। जनसाधारणलाई लक्ष्य गरेर अज्ञात स्रोतबाट हुने उत्तेजनात्मक हिंसाले तनाव फैलाउन सक्छ र त्यस्तो कार्यलाई जातीय रङ चढाउने प्रयास हुन सक्छ। “(राज्य पुनर्संरचना) का विषयउपर निर्णय गर्ने बेला जातीय तनाव फेरि पक्का बढ्नेछ”, सुनसरीका एक जना टिप्पणीकारले बताए।[११४]

विभिन्न समूहहरूले आफ्नो उपस्थिति जनाउने प्रयास गर्नेछन् र स्थानीय तहमा आफ्ना एजेन्डालाई अघि बढाउन खोज्नेछन्। जनसभाहरूको बढ्दो आयोजना, “जातीय संविधानहरू” को घोषणा, नयाँ राज्यहरूको प्रतीकात्मक स्थापना र पूर्वाग्रही स्थानीय मिडियाका कारण हालका वर्षहरूमा हिंसा भड्किएका छन्। आन्दोलनकारी समूहहरूबाट अत्याचार गरियो भन्ने हल्लाले पनि त्यस्तो काम गरेको छ। प्रतीकात्मक कार्य र उत्तेजक भाषणको पनि गम्भीर भूमिका रहन्छ।[११५] हालसम्ममा सहरी क्षेत्र तथा नेपालको मुख्य राजमार्ग छेउछाउका मिश्रित जनसङ्ख्या भएका इलाकाहरू बढी संवेदनशील देखिएका छन्। तर सङ्घीयताका पक्ष र विपक्षमा खडा हुने नयाँनयाँ गठबन्धनहरूले हिंसाका खतरालाई बढाउनेछन् र अन्य ठाउँतिर पनि तनाव फैलनेछ।[११६]

यहाँ उल्लेख गरिएका परिदृश्यहरू राज्यको सुरक्षाबलको प्रतिक्रिया सन्तुलित र यथोचित् रहेको वा नरहेको मानिसहरूले कस्तो देख्छन् त्यसमा भर पर्छ। राजनीतिक आन्दोलनहरूले कुनै शहीद फेला पारे भने ती झनै उग्र, हिंसात्मक र घरीघरी उठ्ने गर्छन्। सन् २००७ देखि यताका सबै सरकारहरूको काम आन्दोलनकारीहरूका माग पूरा गर्ने वचन दिँदै सम्झौतामा हस्ताक्षर गर्ने भएको छ। यस्तो गर्नु कति अव्यावहारिक छ भन्ने तथ्य मे २०१२ मा देखियो, जुन बेला सरकारले अनेक थरीका आन्दोलनकारीहरूसित अनेक सम्झौताहरू गरेको थियो। तिनमध्ये कतिपय परस्परमा बाझिने खालका थिए।

---

[११२] न्यायपालिकाका सदस्यहरूसँगको छलफलपश्चात् १५ मे २०१२ मा भएको दलहरूको समझदारीअनुसार, सर्वोच्च अदालत र संवैधानिक अदालत दुवैको समान हैसियत रहने र दुवै निकायका प्रमुखमा प्रधान न्यायाधीश रहने निधो भएको थियो। संवैधानिक अदालतले राज्यहरूबीच, राज्य र केन्द्रबीच, तथा राज्य र स्थानीय सरकारहरूबीचका झगडा हेर्ने र सर्वोच्च अदालतले अन्य सबै संवैधानिक मुद्दाहरू हेर्ने कुरा भएको थयो। साथै, संवैधानिक अदालतमा प्रधान न्यायाधीश र सर्वोच्च अदालतका अन्य दुई जना वरिष्ठ न्यायाधीशका अलावा मन्त्रिमण्डलद्वारा मनोनीत दुई जना संवैधानिक विशेषज्ञहरू समेत रहने व्यवस्था गरिएको थियो। यसबाट संवैधानिक अदालतको “राजनीतिक चरित्र” देखिने र सर्वोच्च अदालतभन्दा फरक हुने तर्क पेस गरिएको थियो। क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, संविधानविद्, काठमाडौं, अगस्ट २०१२। यसका साथै हेर्नुहोस् “Draft of agreement among parties”, *The Kathmandu Post*, १६ मे २०१२।

[११३] पार्टीहरूका बारेमा थप जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको विस्तार हुँदै गएको राजनैतिक गणित,* माथि उल्लेखित।

[११४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सुनसरी, जून २०१२।

[११५] लिम्बूवान समूहहरू तथा पार्टीहरूको गठबन्धन, संयुक्त लिम्बूवान मोर्चाले २६ मे २०१२ मा लिम्बूवान राज्य घोषणा गर्दै “अन्तरिम लिम्बूवान संविधान” जारी गरिसकेको छ। क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, लिम्बूवान नेता, सुनसरी, जून २०१२। सुदूरपश्चिममा समेत संयुक्त अथवा अखण्ड सुदूरपश्चिम राज्य लेखिएका आगन्तुकहरूको स्वागतका लागि राखिएका चिह्नहरू बढ्दो मात्रामा देखिँदै छन्।

[११६] उदाहरणका लागि, पोखरालाई जातीय तथा साम्प्रदायिक तनावको थलो मानिदैन। तर पनि त्यहाँ मे २०१२ मा छेत्री र जनजाति कार्यकर्ताहरूबीच मुठभेड भएका थिए।

विधायिका नभएको र अल्पकालीन बजेट मात्र पारित भएको अवस्थामा पार्टीहरूले स्थानीय तवरमा जुन सन्तुलन बनाएका थिए त्यसमा परिवर्तन आउनेछ। बितेका दुई वर्षमा स्थानीय तहमा पार्टीहरूबीच त्यतिविधि हिंसाका घटना भएका छैनन्। त्यसको एउटा प्रमुख कारण त विकास बजेट र ठेक्का-पट्टामा उनीहरूबीचको समझदारी हो। सत्ताधारी गठबन्धनमा रहेका पार्टीहरूले यस बेला यस्तो समझदारी तोड्ने आँट गर्न सक्छन्। सबैजसो पार्टीहरूमा "प्रोत्साहन आधारित" कार्यकर्ताहरू छन् जसको जीवनवृत्ति सानातिना अपराधकर्म र धाकधम्कीबाट चलेको हुन्छ या सरकारी कामको ठेक्कापट्टासित जोडिएको हुन्छ।[११७] त्यस्ता व्यक्तिले विकल्प खोज्नुपर्ने हुन्छ। तर चुनाव हुने पक्का भएमा सबै पार्टीहरू चुनाव प्रचार सुरु हुनुअगावै चन्दा उठाउन र एकअर्काको इलाकामा घुस्न बल गर्न थाल्नेछन्।

**राष्ट्रपतिः** राष्ट्रपतिको अवस्था अस्पष्ट छ। संवैधानिक रूपमा रामवरण यादव आलङ्कारिक राष्ट्रपति हुन्, तर उनी एउटा शक्तिकेन्द्रको हैसियतमा रहेका छन्। उदाहरणका लागि, अगस्टको सुरुतिर निर्वाचनसम्बन्धी कानुनलाई अध्यावधिक र संशोधन गर्न सरकारले तयार पारेको अध्यादेशलाई उनले स्वीकृति दिन मानेनन्। सबभन्दा पहिले कसरी अगाडि बढ्ने भन्नेबारे पार्टीहरूमा सहमति हुनुपर्नेमा उनको जोड रह्यो। संविधानसभाको अस्तित्व समाप्त भएको लगतै उनले प्रधानमन्त्रीलाई "कामचलाउ" मात्रै हुन् भने। यो विवादास्पद थियो। किनभने पछिल्लो संविधानसभाबाट चुनिएका हुनाले राष्ट्रपति आफैं पनि कामचलाउ हैसियतका हुन्। राष्ट्रपति यादव सन् २००८ र २००९ मा विवादमा फँसेका थिए, जुन बेला उनले आफ्नो पार्टी नेपाली काङ्ग्रेसको अडानलाई पृष्ठपोषण गरेको आरोप लागेको थियो।[११८] एकदुई वर्ष यता भने उनले आफ्नो छविलाई निकै सुधारेका छन्, विशेषतः सन् २००९ मा सेनाप्रमुखलाई थमौती गर्न उनले खेलेको भूमिकापछि।[११९]

राष्ट्रपति यादवउपर प्रतिपक्षका काङ्ग्रेस र एमालेले सरकार बदल्न खुबै दबाब दिएका छन्। राष्ट्रपतिसँग "बाधा-अड्काउ हटाउने" अधिकार छ र केही उनलाई "अन्तिम उपाय" का रूपमा पनि हेर्ने गर्छन्।[१२०] यदि राजनीतिक सहमति हुन सकेन भने उनले कदम चाल्ने पक्का छ। प्रतिपक्षी पार्टीहरू यो विकल्प खुला राख्नका लागि गतिरोधलाई सकेसम्म लम्ब्याउन खोज्नेछन्।

**सर्वोच्च अदालतः** संविधानसभाको हकमा न्यायपालिकाले खेलेको भूमिकालाई धेरैले सक्रियतावादी वा बढ्ता गर्‍यो भन्ने हिसाबले हेरेका छन्। संविधानसभा नहुँदाको अनिश्चित अवस्थालाई देखेर अदालतले केही पछाडि हट्ने कोसिस गरेको छ र वर्तमान सङ्कटको समाधान पार्टीहरूकै हातमा छ भनेको छ। साथै अध्यादेशद्वारा बजेट ल्याउने सरकारको प्रस्तावलाई अदालतले सदर गरेको छ। त्यति हुँदाहुँदै पनि सरकारले सामान्य अवस्थामा बनेको सरकारको अधिकार तथा कामचलाउ सरकारको अधिकारबीचको अवधारणात्मक लक्ष्मण रेखा नाघेको खण्डमा त्यो अदालतको निष्ठाको ठूलो परीक्षण सावित हुनेछ।

**शासकीय व्यवहारः** विधायिका नभएकाले गर्दा सरकारका सामु ठूला चुनौतीहरू पैदा हुनेछन्, जस्तो जुलाई २०१२ मा आंशिक बजेट पारित गर्दा सरकारले बेहोर्नु पर्‍यो। शासकीय बन्दोबस्तबारे अन्य कुराहरू पनि उठ्न सक्छन् र पार्टीहरूले शासकीय बन्दोबस्तका लागि आपसी मतभिन्नतालाई पन्छाउलान् भनी कल्पना गर्न सकिंदैन। आंशिक बजेट ल्याउँदाखेरि झैं सरकारले अध्यादेश ल्याउनुपर्ने हुन्छ, जसलाई राष्ट्रपतिले स्वीकृति दिनुपर्ने हुन्छ। यसले राष्ट्रपति र प्रधानमन्त्रीबीच तनाव सृजना गराउन सक्छ।

**राजतन्त्रवादी दक्षिणपन्थी र पूर्वराजाः** पूर्व राजा ज्ञानेन्द्र शाह सन् २००६ मा आफू अपदस्थ भएपछिको नेपालको राजनीति र शासन व्यवस्थाबारे बेलाबखत चिन्ता व्यक्त गर्ने गर्छन्। आफू राजनीतिमा लाग्ने सम्भावनालाई भने उनले इन्कार गर्दै आएका छन्, तर संविधानसभा भङ्ग नहुन्जेलसम्म मात्रै। गएको जुलाई महिनाको सुरुतिर उनले नेपाली जनताले चाहेमा राजनीतिक नेताका रूपमा नभई नेपाल नरेशका रूपमा फर्कने बताए। राजतन्त्रलाई खुला समर्थन जनाउने अनुदारवादीहरू उनी सार्वजनिक रूपमा देखा परिरहनाले खुबै हौसिएका छन्। राजावादी समूहमै पनि राजा फर्कन सक्छन् वा राजाले फर्कन पर्छ भन्नेमा विश्वास नगर्नेहरू छन्। तर उनीहरू राजतन्त्रको मुद्दालाई राजालाई हटाएर होस् या पूर्ण आलङ्कारिक तवरमा राखेर होस् सन् १९९० को संविधानलाई पुनः जागृत गराउने काममा समर्थन जुटाउन हथकण्डाका रूपमा उठाइरहेका छन्। यस्तो हुने सम्भावना ज्यादै क्षीण छ, तर यस प्रकारका चर्चाले अन्योल र ध्रुवीकरण बढाउन भने सहयोग गर्छ।

**नेपाली सेनाः** सेनाले कुनै पनि पात्रहरू, चाहे राष्ट्रपति, चाहे प्रतिपक्ष वा चाहे पहिलेका राजा हुन् कसैलाई समर्थन गर्ने कदम चालेमा त्यसको आन्तरिक समर्थन एकदमै कम हुनेछ र अन्तर्राष्ट्रिय समर्थन त पटक्कै हुने छैन। सेना पनि हस्तक्षेप गर्न चाहन्छ भन्ने देखिंदैन। तैपनि नेपाली सेना

[११७] हेर्नुहोस् क्राइसिस ग्रुपको एसिया रिपोर्ट, नं. १९४, *नेपालको राजनीतिक संस्कार,* २९ सेप्टेम्बर २०१०, खण्ड ३.ख.१।

[११८] उदाहरणका लागि, हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको भविष्य कसको हातमा?*, माथि उल्लेखित, खण्ड २.ग र क्राइसिस ग्रुपको ब्रिफिङ, *नेपालको शान्ति प्रक्रियाः टुङ्गिने छाँट देखिएको छ,* माथि उल्लेखित, खण्ड ८।

[११९] सन् २००९ को सुरुतिर तत्कालीन प्रधानमन्त्री प्रचण्डले पूर्व प्रधान सेनापति रुक्माङ्गद कटवाललाई बर्खास्त गरेकोमा सो निर्णयलाई उल्ट्याएपछि राष्ट्रपति यादव विवादमा आएका थिए। हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको भविष्य कसको हातमा?*, माथि उल्लेखित, पृ. ६।

[१२०] "बाधा-अड्काउ फुकाउने" अधिकार भन्नाले सामान्यतया राष्ट्रपतिको निर्णयले दलहरूलाई प्रक्रियागत र केही संवैधानिक अड्चन पन्छाउन अनुमति दिन्छ भन्ने बुझिन्छ। धारा १५८, नेपालको आन्तरिक संविधान, माथि उल्लेखित। केही नेताहरूले सबै पात्रहरूको विश्वसनीयता गुमेको अथवा दलहरू एउटा समझदारीमा आउन नसकेको अवस्थामा राष्ट्रपतिसँग कदम चाल्नका लागि कमसेकम एउटा संवैधानिक आवरण छ भन्दै उनलाई "अन्तिम विकल्प" भन्दछन्। तर राष्ट्रपतिको भूमिका आलङ्कारिक मात्र भएको हुँदा सिद्धान्ततः उनले मन्त्रिपरिषद्को सिफारिसमा मात्र कदम चाल्न सक्छन्। राष्ट्रपतिलाई यस्तो अधिकार दिने उक्त धारा संवैधानिक राजतन्त्रको अवशेष हो। "बाधा-अड्काउ फुकाउने" अधिकार संविधान प्रदत्त हो, तर यसमा कुनै सीमा तोकिएको छैन। राजतन्त्रमा भने यसको अर्थ दरबारले चाहे जस्तो जे पनि गर्न सक्छ भन्ने लाग्थ्यो। धारा १२७, नेपालको संविधान, १९९०।

सापेक्षिक रूपमा स्वायत्त खेलाडी हो। संविधानसभा भङ्ग भएपछि सेनाले कुनै पनि "वैधानिक सरकार" को आदेश मान्नेछ भन्नुपर्ने आवश्यकता महसुस गर्‍यो। यस उक्तिले शान्ति प्रक्रियाका बेला नागरिक सरकारप्रति सेनाले देखाएको उपेक्षापूर्ण व्यवहारलाई सम्झना गराउँछ। सुरक्षा बलले सरकारको वैधानिकता जाँच्ने बेला यो होइन।[१२१]

सन् २०११ मा माओवादी पूर्वलडाकूहरूलाई समायोजन गर्ने विषयमा नेपाली सेनाको व्यवहार केही हदसम्म सहयोगात्मक रहेको थियो।[१२२] संसदीय छलफलमा कुनै आँच नपुर्‍याउन सेना सजग छ,[१२३] तर सेनालाई एक वा अर्को तरिकाबाट राजनीतिमा मुछने काम भएको छ। केहीको भनाइमा लडाकूहरूबारे सम्झौता माओवादी र सेनाबीचको लेनदेनको परिणाम हो।[१२४] कुनै प्रकारको समायोजनलाई सोझै इन्कार गरिरहेको सेना नयाँ निर्देशनालयअन्तर्गत सोचेभन्दा बढी लडाकूहरू लिन राजी भयो। त्यसको बदलामा सरकारले पुनर्संरचनाको योजना र उच्च तहको खासखास पदमा बढुवा गर्ने स्वीकृति दियो।[१२५] एक थरीको अनुमानअनुसार बृहत्तर पुनर्संरचना योजनाअन्तर्गत अधिकृत तहका पदहरू चाहिएभन्दा अधिक मात्रामा विस्तार गरिनेछ।[१२६] यस्तो प्रस्तावलाई संसदीय समितिले नयाँ सुरक्षा परिषद्को गठन भएर त्यसले नयाँ सन्दर्भको आकलन नगरेसम्म कुनै परिवर्तन ल्याउन हुँदैन भन्दै अस्वीकृत गरेको थियो।[१२७] त्यस बेला संविधान जारी गरिनेछ र नेपाल छिटै नयाँ राज्यहरू निर्माण गर्ने बाटोमा जानेछ भन्ने अनुमान गरिएको थियो।

तर, ६,५०० जना माओवादी पूर्वलडाकूहरू समायोजनमा जाने अपेक्षा गरिएकोमा त्यसभन्दा धेरै थोरै मात्रले समायोजन रोजे। यसको अर्थ हो सरकार र सेनाले रथीद्वारा नेतृत्व गरिने १८,५०० जवान रहने भनिएको निर्देशनालयको विकल्प खोज्नु पर्नेछ। तर माओवादी लडाकूहरू भए पनि नभए पनि सेना अहिले निर्देशनालय राख्नैपर्छ भन्नेमा छ, यसलाई सेना पुनर्संरचनाको एउटा महत्त्वपूर्ण कडी मानिएको छ।[१२८] माओवादी र सेनाका केही उच्च अधिकृतहरूको सम्बन्धमा अहिले सुधार भएको होला, तर उनीहरूमा मितेरी गाँसिएको भने छैन र पुरानो इबी बाहिर आउन बेर लाग्दैन।

जनरल गौरवशमशेर राणा अगस्ट २०१२ मा कायममुकायम सेनाप्रमुख भए। उनले जनरल छत्रमानसिंह गुरुङको ठाउँ लिनेछन्, गुरुङको कार्यकाल सेप्टेम्बरमा सकिँदैछ।[१२९] यसबाट उत्तराधिकारको विषयमा विवाद हुने र यसलाई पार्टीहरूले एकअर्कालाई हिर्काउन प्रयोग गर्नेछन् भन्ने अड्कलबाजी सकिएको छ। आम तवरमा जनरल राणा र माओवादीहरू एकअर्कामा वैमनस्यता राख्छन् र राणा नेपालमा भइरहेको परिवर्तनप्रति शङ्काभाव राख्ने सेनाको समूहको प्रतिनिधित्व गर्छन् भन्ने ठानिन्छ। यस्ता चिन्ता-चासोलाई हटाउन जनरल राणाले राजनीतिक पात्रहरूको हकमा हस्तक्षेप गर्नुपर्ने अनुरोधलाई नकार्नुपर्छ र संवैधानिक प्रश्नहरूबारे टिप्पणी गर्नबाट आफूलाई टाढै राख्नुपर्छ। त्यसैगरी, राजनीतिज्ञहरूले पनि के बुझ्नुपर्छ भने सेनाको सहयोगबाट खोजिएको समाधान अस्वीकार्य हुनेछ र त्यसले ध्रुवीकरणलाई नराम्रोसित चर्काउने काम मात्रै गर्नेछ।

सेनामा समायोजित हुन चाहेका माओवादी लडाकूहरूको भविष्यलाई शीघ्र टुङ्गो लगाउनेतर्फ नेपाली सेनाले सकारात्मक भूमिका खेल्न रुचाएको देखिन्छ।[१३०] यस्तो कदमले सेनाको छविलाई उजिल्याउँछ। पार्टीहरूले जब फेरि बृहत्तर शान्ति प्रक्रियाउपर कार्य गर्न थाल्नेछन् तब जनरल

[१२१] उदाहरणका लागि, हेर्नुहोस् "एउटा जर्नेल कहिल्यै रिटायर्ड हुँदैन", *नागरिक*, २३ जनवरी २०१०।

[१२२] सुरक्षा क्षेत्रका विषय र मुख्य गरी माओवादी लडाकू तथा माओवादी सेनाको अन्त्यसम्बन्धी पृष्ठभूमिका लागि हेर्नुहोस् क्राइसिस ग्रुपका रिपोर्टहरू, *नेपालः दुइटा सेनाबाट एउटा*, तथा *नेपालको विस्तार हुँदै गएको राजनैतिक गणित*, दुवै माथि उल्लेखित।

[१२३] सन् २००९ मा तत्कालीन प्रधान सेनापति रुकमाङ्गद कटवालले संविधानसभाको राष्ट्रिय हितको संरक्षण समितिसमक्ष संवैधानिक विषयमा नेपाली सेनाको दृष्टिकोणबारे अपेक्षा नगरिएको प्रस्तुति गरे। "सेनालाई राजनीतिक विवादमा नतान", *कान्तिपुर*, १४ फेब्रुअरी २००९। प्रधान सेनापति कटवाल तथा शान्ति प्रक्रियाप्रति सेनाको प्रतिरोधबारे थप जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको भविष्य कसको हातमा?*, माथि उल्लेखित, खण्डहरू ४.क र ४.ख। सन् २००९ र २०१० मा माओवादी तथा अन्य दलहरूबीचको ध्रुवीकरण सबैभन्दा खराब स्थितिमा पुगेका बेला वर्तमान प्रधान सेनापति छत्रमान गुरुङले खुलेआम गैरमाओवादी दलहरूको समर्थन गरेका थिए। तर सन् २०११ देखि भने माओवादी र सेना निकै नजिकिएका छन्। शान्ति प्रक्रियाका विषयमध्ये समावेशीकरणको मुद्दामा चाहिँ सेनाले सबैभन्दा बढी प्रतिरोध गरेको छ। अझ बढी मधेसी युवाहरूलाई सेनामा भर्ना लिनेबारेको विरोध त्यसको एउटा उदाहरण हो। "NA already inclusive enough: Army chief", *The Kathmandu Post*, ५ जुलाई २०११; "Army unhappy about decision", *The Kathmandu Post*, २२ डिसेम्बर २०११।

[१२४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेपाली सेनाका अवकाशप्राप्त वरिष्ठ अधिकृत, काठमाडौं, जून २०१२। हेर्नुहोस् ध्रुव कुमार, "सेना पुनर्संरचना र राज्य व्यवस्था", *कान्तिपुर*, ४ मे २०१२।

[१२५] "CoAS tells House panel of need to re-do 'obsolete' Army structure", *The Kathmandu Post*, ३० अप्रिल २०१२। तिनमध्ये सेना प्रमुख छत्रमान सिंह गुरुङका एक जना नातेदार पनि रहेको बताइन्छ। त्यस प्रकारको बढुवाले उत्तराधिकारका लागि हुने दौडलाई बदल्न सक्ने थियो। "Army restructuring", *Republica*, १० मे २०१२।

[१२६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेपाली सेनाका अवकाशप्राप्त वरिष्ठ अधिकृत, काठमाडौं, जून २०१२। ध्रुव कुमार, "सेना पुनर्संरचना र राज्य व्यवस्था," माथि उल्लेखित, खण्ड ४.ख।

[१२७] उक्त निर्णय राज्य व्यवस्था समितिले ८ मे २०१२ मा गरेको थियो। "SAC shelves Army restructuring plan", *The Kathmandu Post*, ९ मे २०१२।

[१२८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, अवकाशप्राप्त वरिष्ठ सैनिक अधिकृत, काठमाडौं, जून २०१२।

[१२९] प्रधान सेनापति गुरुङले अवकाशपूर्व परम्परागत रूपमा एक महिनाको बिदा लिनुअघि नेपाली सेनाको नेतृत्व जनरल राणालाई हस्तान्तरण गरे। "Gen Gurung hands over responsibility to Rana", *The Kathmandu Post*, १० अगस्ट २०१२।

[१३०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, अगस्ट २०१२।

राणाले सेनाले नरुचाएको प्रक्रियासित सामना गर्नुपर्नेछ, त्यसमा नागरिक सुपरीवेक्षणप्रति जवाफदेही हुने किसिमले सेनाको लोकतान्त्रिकरण गर्ने, नेपालको जनसाङ्ख्यिक विविधताको राम्रोसित प्रतिनिधित्व हुनेगरी भर्ती प्रक्रियामा परिवर्तन ल्याउने र सेनाको सङ्ख्या कटौती गर्ने विषय पर्छन्।[१३१]

## ४. अन्तर्राष्ट्रिय समुदाय

नेपालका लागि सबभन्दा महत्त्वपूर्ण अन्तर्राष्ट्रिय पात्रहरू भन्नु नै यसका छिमेकीहरू भारत र चीन हुन्। नेपाली राजनीतिज्ञहरूले आपस्तमै कुरा मिलाउन थालेकाले र गुहार पनि छिमेकीहरूसितै माग्न थालेकाले नेपालको शान्ति प्रक्रियामा सघाउने अरू अन्तर्राष्ट्रिय पात्रहरूको प्रभाव हालका वर्षहरूमा निकै घट्न गएको छ। भारत अतिशय महत्त्व राख्ने पात्र हो, उसले निर्णयलाई यताको उता पारिदिन सक्छ। चीनको अभिरुचि पक्कै छ, तर दैनन्दिन राजनीतिमा उसको प्रभाव हालसालै मात्र देखिन थालेको हो। संयुक्त राष्ट्र राजनीतिक नियोगको चार वर्ष लामो कार्यकाल जनवरी २०११ मा सकियो, तैपनि यसको राजनीतिक मामिलासम्बन्धी विभागले सानै भए पनि आफ्नो उपस्थिति जनाइरहेको छ।

### क. भारत र चीन

हुन त संविधानसभाको अन्त्य हुने बेलातिर भारतको भूमिका देखिएको थिएन, तैपनि भारतीय संस्थापनाको एउटा हिस्साले नयाँ शक्तिसन्तुलन पैदा गर्न ताजा चुनाव गर्ने कुरालाई समर्थन जनाएको थियो। त्यसपछाडि संविधानसभा नहुँदैमा कुनै विपत्ति आइपर्दैन भन्ने तर्क थियो। सम्झौतावार्ताहरूमा काङ्ग्रेस र एमालेले देखाएका नालायकी, आफ्नै पार्टीलाई ठेगानमा राख्न नसक्ने उनीहरूका कमजोरी र प्रतिपक्षका रूपमा उनीहरूको टीठलाग्दो प्रदर्शनले गर्दा नै भारत त्यस नतिजामा पुगेको थियो। त्यसैगरी सङ्घीयताप्रति केही भारतीय पात्रहरूको सहानुभूतिले पनि काम गरेको थियो।

संविधानसभाको अन्त्य भएदेखि यता निर्वाचन गराउने वा संविधानसभालाई बिउँताउने भन्नेबारे नयाँ दिल्लीको धारणा अज्ञात छ। भारतले प्रधानमन्त्री भट्टराईलाई एक वर्षदेखि समर्थन दिँदै आएको भए तापनि उसले सर्वदलीय सरकारप्रति जोड दिन थालेको छ।[१३२] यसले गर्दा सरकारको राजीनामा माग्न काङ्ग्रेस र एमालेलाई केही बल मिलेको छ। संसद नहुँदाको अवस्थामा सरकारलाई अपदस्थ गर्नु गाह्रो काम हो। तर चारैतिरबाट दबाब परेमा प्रधानमन्त्री भट्टराईले पनि धेरै समय त्यो थेग्न सक्दैनन्।

केही वरिष्ठ माओवादी नेताहरू भारत पहिले हेरी पहिचानमा आधारित सङ्घीयताप्रति त्यति उत्साहित नदेखिएकामा चिन्तित छन् भनिन्छ। यसरी हात झिक्ने कारणमा सङ्घीयताउपर विभिन्न समूहबीच हुन सक्ने हिंसाको असर सीमापारि भारतमा पनि पर्ने आशङ्का हुन सक्छ।[१३३]

भारतले सर्वदलीय सरकार रुचाएर त्यसको सल्लाह दिनुमा राजनीतिज्ञ र सरकारी अधिकारीहरूका दृष्टिमा नेपाली राजनीतिमा अभूतपूर्व चिनियाँ संलग्नता बढेको देखिनु हो।[१३४] यो धेरै रूपमा प्रकट भएको छ।

[१३१] उत्तराधिकार तथा जनरल राणाका आगामी चुनौतीका बारेमा थप जानकारीका लागि हेर्नुहोस् सरोजराज अधिकारी, "जिम्मेवारीको सुरुआत र समाप्ति", *कान्तिपुर*, ११ अगस्ट २०१२ र प्रशान्त झा, "Reform agenda", *The Kathmandu Post*, ८ अगस्ट २०१२।

[१३२] क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, विश्लेषक, काठमाडौं, अगस्ट २०१२।

[१३३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, अगस्ट २०१२।

[१३४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, अगस्ट २०१२।

धेरैलाई र नयाँ दिल्लीलाई चिढाउने एउटा प्रसङ्ग त प्रधानमन्त्री भट्टराईद्वारा हालैमा चीनमुखी भनेर चिनिएका व्यक्तिलाई मुख्य सचिवको पदमा नियुक्ति गर्नु हो।[१३५]

वरिष्ठ नेताहरू, सरकारी अधिकारीहरू र कूटनीतिक वृत्तका सदस्यहरूबाट सङ्घीयताबारे धारणा प्रस्ट रूपमा आउन लागेको बुझिएको छ।[१३६] जातीय आधारमा सापेक्षिक रूपमा बलिया र स्वायत्त धेरै सङ्घीय राज्यहरू नेपालको उत्तरी सिमानामा खडा गरिएमा नेपालमा हुने "चीन विरोधी गतिविधि" उपर नियन्त्रण गर्न नेपाली राज्यलाई कठिनाइ हुन्छ। चीन विरोधी भनेको नेपालमा तिब्बत समर्थक गतिविधिलाई बुझाउने सरकारी भाका हो।[१३७]

पार्टीहरूका सामु उपलब्ध विकल्पहरूउपर भारतको धारणालाई चिनियाँ संलग्नताबाहेक अन्य कुराले पनि प्रभाव पारेका छन्। काङ्ग्रेस र एमालेले विरोध चर्काउन सक्छन्। नयाँ माओवादी पार्टीले के कति गर्न सक्छ त्यो अहिले स्पष्ट छैन, यद्यपि यस पार्टीले हल्ला मच्चाउन सक्छ। मुख्य पार्टीहरूप्रतिको असन्तुष्टिबाट लाभ लिएर बलियो हुँदै गएको दक्षिणपन्थी वा जातीय पहिचानमा आधारित आन्दोलनहरूको मतलब अतिरिक्त विरोध आन्दोलन अर्थात् गैरपार्टी पात्रहरूबाट पनि हिंसा हुन सक्छ भन्ने हो। विशेषगरी नयाँ माओवादी पार्टी र राजतन्त्रवादीहरूको सरकार विरोधी तथा राष्ट्रवादी भावनाले भारत विरोधी प्रदर्शनलाई बढाउन सक्छ। यसबाट नेपालको हकमा नयाँ दिल्लीको निर्णय वा व्यवहारमा विभिन्न खाले प्रभाव पर्न सक्छ र त्यसले गर्दा परम्परागत पार्टीहरूले सरकारको विरोध गर्ने आँट र प्रस्टता प्राप्त गर्न सक्छन्। यस्तोमा राजनीतिज्ञहरू अथवा मलाई ठेलेर कदम चाल्न बाध्य पारियो भन्ने राष्ट्रपतिको दबाबमा परेर सेनाले पनि प्रभाव जमाउन सक्छ।

त्यति हुँदाहुँदै पनि भारतको प्रतिक्रिया प्रस्ट र प्राञ्जल देखिने शक्तिहरूलाई समर्थन दिनेमा मात्र सीमित रहनु हुँदैन, त्यस्तो कार्यले राष्ट्रपतिको हस्तक्षेप गराउने जस्ता सङ्कीर्ण समाधानतिर मात्रै डोऱ्याउनेछ। न त चीनको प्रभाव बढ्ने डरले मात्रै भारतको नीति निर्धारण हुन सक्छ। यस समयमा भारतले गर्न सक्ने सबभन्दा रचनात्मक सहयोग भनेको सबै पार्टीहरूलाई त्यसमा पनि विशेष गरेर मूलधारका पार्टीहरूलाई आपस्तमा मिल्न लगाउने र उनीहरूले स्वभाववश बिर्सेका आफ्ना कार्यक्षेत्रमा उनीहरूलाई फर्कन लगाउने हो।

चीनले नेपालमा आफ्नो प्रभाव बढाउन चाहेको हो भने उसले एउटा अज्ञात इलाकाबाट यात्रा गर्नुपर्नेछ। यस्तो प्रयास गर्न चाहने कुनै पनि पात्रले भारतको अनुभवबाट शिक्षा लिनु उपयोगी हुनेछ। नयाँ दिल्लीको कहिलेकाहीं इन्कारै गर्न नसकिने खालको जोडदार प्रभाव रहने गर्छ, तर नेपाली पात्रहरू आफ्ना विदेशी संरक्षकहरूबाट आफूलाई चाहिने कुरा मात्र लिन र त्यसपछि आफूखुसी गर्न सिपालु छन्। नेपाली पात्रहरूमाथिको प्रभाव र त्यसबाट प्राप्त हुने परिणामको सोझो र सीधा सम्बन्ध छैन।

भारत र चीनले दुईपक्षीय सम्बन्धमा असर पर्ने गरी आफ्ना धारणालाई तुल दिने सम्भावना देखिंदैन। दुवै देश युरोपेली मुलुकहरू, संयुक्त राज्य अमेरिका वा संयुक्त राष्ट्र राजनीतिक कार्यालयको प्रभाव नबढोस् भन्नेमा सचेष्ट छन्। काठमाडौंका केही राजनीतिक विश्लेषकहरूको अनुमानमा नेपाल-भारत-चीन तीनै थरीले अन्य पात्रहरूको संलग्नतालाई कटौती गर्ने निधो गरेमा यी तीनको अन्तरसम्बन्ध नयाँ तरिकाले विकसित हुन सक्नेछ।[१३८]

## ख. अन्य अन्तर्राष्ट्रिय खेलाडीहरू

युरोपेली द्विपक्षीय पात्रहरू, संयुक्त राष्ट्रका विकास निकायहरू तथा अन्य गैरएसियाली दाताहरू नेपालको बदलिँदो राजनीतिक सन्दर्भका कारण बढ्दो दबाबमा परिरहेका छन्। परम्परागत संस्थापनाका सदस्यहरू समावेशीकरण र सङ्घीयता वा अहिले आवाज सुनाउन सक्ने भएका समुदायहरूप्रति लक्षित आयोजनाहरूलाई दाताहरूले सहयोग गरेकामा उनीहरूको तिखो आलोचना गर्छन्।[१३९] नेपालीहरूको चाहना र हित विपरीत जातीय भावनालाई बढाएको र जातीय सङ्घीयतालाई प्रवर्द्धन गरेको भनेर दाताहरूउपर आरोप लागेको छ।[१४०] यस्ता आरोपहरूले

---

[१३५] २९ जुलाई २०१२ मा प्रधानमन्त्रीले लीलामणि पौडेललाई मुख्य सचिव नियुक्त गरे। पौडेलले तिब्बत स्वशासित क्षेत्रका लागि पूर्वमहावाणिज्यदूत भएर काम गरिसकेका छन् र बेइजिङसँग उनको उच्चस्तरीय सम्बन्ध रहेको मानिन्छ। क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, परराष्ट्र मन्त्रालयका अधिकृत, काठमाडौं, अगस्ट २०१२; अनिल गिरी, "Cabinet picks Poudel as acting chief secy", *The Kathmandu Post*, ३० जुलाई २०१२। सन् २००८ देखि २००९ को सुरुसम्म प्रचण्ड प्रधानमन्त्री रहँदा उनको बेइजिङसँग हिमचिम देखिएबाट भारत रुष्ट हुनु उनले राजीनामा दिनुपर्ने एउटा कारण थियो। हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको भविष्य कसको हातमा?*, माथि उल्लेखित खण्ड ५.क।

[१३६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, अगस्ट २०१२। चिनियाँ कम्युनिस्ट पार्टीको अन्तर्राष्ट्रिय विभागका उपमन्त्री एइ पिङ्ग जून २०१२ मा नेपाल भ्रमणमा आएका बेला "पूर्वाधारको हिसाबले सम्भाव्य" राज्यहरूलाई समान ढङ्गले प्राथमिकतामा राख्नेबारे चीनको कष्टकर अनुभव रहेको बताएका थिए। "'Focus on economy, not ethnicity'", *The Himalayan Times* अनलाइन संस्करण, ३० जून २०१२ मा उद्धरित।

[१३७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, अगस्ट २०१२। यसका साथै हेर्नुहोस् दीपक गजुरेल, "चीनलाई बाइपास गर्न सक्ने ठाउँ छैन", *दृष्टि*, ७ अगस्ट २०१२।

[१३८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, अगस्ट २०१२।

[१३९] आदिवासी जनजाति महासङ्घलाई बेलायती दातृ निकाय डिपार्टमेन्ट फर इन्टरन्यासनल डेभलपमेन्ट (डीएफआईडी) बाट प्राप्त निरन्तर सहयोग खास गरी विवादस्पद रहेको छ। मे २०११ मा महासङ्घले आमहड्ताल आयोजना गर्दा उक्त निकायले यस्ता किसिमका राजनीतिक त्रियाकलापलाई सहयोग नगर्ने भन्दै आफ्नो आर्थिक सहयोग बन्द गरेको थियो। वरिष्ठ काङ्ग्रेस राजनीतिज्ञहरू संविधानसभाको विघटनमा "हाम्रा विदेशी मित्रहरू" को हात रहेको बताउँदै समावेशीकरणको कार्यक्रम र संविधानसभामा ककसको क्रियाकलापलाई सहयोग गर्ने युरोपेली दाताहरू गैरजिम्मेवार भएको तर्क राख्दछन्। जनजाति अन्तरक्रिया कार्यक्रम, क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काङ्ग्रेस नेता, प्राज्ञ, काठमाडौं, जून २०१२।

[१४०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काङ्ग्रेस नेता, काठमाडौं, जून २०१२; राजावादी विश्लेषक, काठमाडौं, जून २०१२। थप हेर्नुहोस् सन्तोष घिमिरे, "आदिवासी जनजाति

जनजाति समूहहरूलाई बदनाम तुल्याउँछन्, उनीहरूलाई दाताका कार्यसूचीका हलकाराका रूपमा प्रस्तुत गर्छन्। उग्र दक्षिणपन्थी, राजावादी र हिन्दूवादीहरूको पूरै जमात धर्म परिवर्तनको क्रम बढेको र धर्मनिरपेक्ष राज्य कायम भएकोमा युरोपेली दाताहरूलाई जिम्मेवार ठहऱ्याउँछन्।[१४१]

यस्ता भनाइको आधार शङ्कास्पद छ। चाहे भाषा अधिकारको आन्दोलनको माध्यमबाट होस् या सांस्कृतिक सङ्गठनहरूमार्फत होस् या सन् १९९० को प्रजातान्त्रिक आन्दोलनपछि खुला राजनीतिक गतिविधिबाट होस् पहिचान उन्मुख सक्रियता लामो समयदेखि रहिआएको छ र यसको इतिहास दाताहरूले सहयोग गर्न थाल्नुभन्दा धेरै अगाडि सुरु भएको छ।[१४२] कसैकसैले दोष लगाएझैं दाताहरूले माओवादीहरूलाई "धर्मनिरपेक्षता अघि बढाउन" अनुरोध गरेको वा "चर्चहरूलाई पैसा दिएको" कुनै प्रमाण छैन,[१४३] दाताहरूको सहयोगमा सञ्चालित आयोजनाहरूमा दाताहरूको ध्यान नपुगेको र त्यसमा सुधार गर्नुपर्ने कुरा बेग्लै हो।

दाताहरू अहिले समावेशीकरणका मुद्दाहरूबाट पर सरिरहेका छन्। हुन त कुनै दाताले यस कुरालाई सार्वजनिक गरेका छैनन्, तैपनि केही दाताहरू निष्क्रिय बनेका छन् वा कसैले जातीयता र जीवनस्तरबीचको अन्तरसम्बन्धउपर गरिएको अध्ययनको प्रकाशनलाई थाती राखेका छन्। यस्ता खाले सूचना प्रकाशन गर्नाले तनाव बढ्न सक्ने र कर्मचारीहरूको सुरक्षामा आँच आउन सक्ने ठानेर थाती राख्ने निर्णय गरिएको हो।[१४४] विशेषगरी छेत्री र हिन्दूवादी कार्यकर्ताहरूले बेलाबखत युरोपेली दाताहरू र संयुक्त राष्ट्रलाई भौतिक नोक्सानी गर्ने धम्की दिने गर्दछन्।[१४५] तर यस प्रकार निष्क्रिय रहनाले वा सूचनालाई लुकाउनाले आफ्ना नियतमा खोट भएकाले दाताहरू पारदर्शी छैनन् भन्ने धारणालाई नै बल पुग्दछ।[१४६]

संयुक्त राष्ट्रका विकास निकायहरूउपर पनि सङ्घीयता, समावेशीकरण र सामाजिक न्यायका क्षेत्रमा उनीहरूले सञ्चालन गरेका कार्यक्रमहरूलाई घटाउन दबाब परिरहेको छ। संयुक्त राष्ट्रको विकास सहायता रूपरेखाको ढाँचाबाट बजेट विनियोजन र प्राथमिकता तोकिन्छ र संयुक्त राष्ट्र तथा धेरै द्विपक्षीय दातृ निकायहरूको कार्यसूची तय हुन्छ। अर्को योजना अवधि सन् २०१३ देखि सन् २०१७ सम्म पाँच वर्षका लागि हुनेछ र संयुक्त राष्ट्रले योजनाका दस्तावेजउपर राष्ट्रिय योजना आयोगसित व्यापक परामर्श गरेको थियो। गएको अगस्ट महिनाको सुरुतिर योजना आयोगले संयुक्त राष्ट्रको आवासीय र मानवीय संयोजकलाई चिठी लेखेर संरचनागत विभेद, धार्मिक अल्पसङ्ख्यक, राज्यविहीनता, कमजोर विधिको शासन र दण्डहीनताबारेका प्रसङ्गलाई हटाउन वा हल्का पार्न अनुरोध गरेको बताइन्छ।[१४७] राष्ट्रिय योजना आयोगले सम्पादन गरेको दस्तावेज संयुक्त राष्ट्रलाई फर्कायो, जसमा अल्पसङ्ख्यक जातिहरूमाथिको विभेद, हिन्दू वर्णव्यवस्था र केही जातीय समूहको राजनीतिक प्रभुत्वबारेको सन्दर्भलाई पूरै हटाइएको थियो। त्यसमा पाँच वर्षे योजनाले "निस्सहाय समूहहरू" को ठाउँमा "गरिब र सुविधाविहीन समूहहरू" माथि ध्यान केन्द्रित गर्नुपर्ने सुझाउ पनि दिइएको थियो।[१४८] संयुक्त राष्ट्रले उक्त दस्तावेजले अझै अन्तिम स्वरूप लिइनसकेको बताएको छ।[१४९]

पहिचानका मुद्दालाई बोकेर हिँडेका कार्यकर्ताहरू र केही विकासे कार्यकर्ताहरूका दृष्टिमा दाताहरूको प्राथमिकताले कोल्टे फेरेको छ र यसप्रति उनीहरू रुष्ट छन्। उनीहरूको के तर्क रहेको छ भने सामाजिक समावेशीकरण आयोजनाहरूलाई सहयोग गरेर तथा कर्मचारी भर्ना गर्दा सकारात्मक विभेदको नीति आफ्नै कार्यथलोमा लागू गरेर दाताहरूले आफ्नै अनुसन्धानबाट पत्ता लागेका विषमतालाई हटाउन खोजेका हुन् र ती अनुसन्धान प्रायः नेपाल सरकारकै तथ्याङ्कहरूमा आधारित छन्।[१५०]

---

र दातृ निकायको सहयोग", *नयाँ पत्रिका,* ३० जनवरी २०१२; शेखर कोइराला, "जातीय आधारमा सङ्घीयता घातक", *कान्तिपुर,* १९ जनवरी २०१२।

[१४१] उदाहरणका लागि, हेर्नुहोस् जीवनराज शर्मा, "The India factor", *Republica*, २८ जुलाई २०१२; अमिशराज मुल्मी, "Nepali Hindutva", himalmag.com, जुलाई २०११।

[१४२] पृष्ठभूमिका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालः पहिचानको राजनीति र सङ्घीयता,* माथि उल्लेखित, खण्डहरू २.क-ग।

[१४३] क्राइसिस ग्रुपले काठमाडौं तथा जिल्लाहरूमा अन्तर्वार्ता लिने क्रममा खास गरी काङ्ग्रेस तर एमाले र राप्रपा (नेपाल) लगायतका सदस्यहरूबाट पनि यस्ता दाबीहरू सुनेको छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, अक्टोबर २०११-जुलाई २०१२, डडेलधुरा, मे २०१२।

[१४४] केही अभियानकर्ता र पत्रकारहरूले पहिचान तथा बहिष्करण वा सीमान्तीकरणबीचको परस्पर सम्बन्धबारे विष्तृत अध्ययन गरिएको विश्व बैंक तथा डीएफआईडीको प्रतिवेदनलाई उपल्लो जातका शक्तिशाली सदस्यहरूको दबाबका कारण सार्वजनिक नगरिएको भन्ने आरोप लगाउँछन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, जून, अगस्ट, २०१२। "Identity groups fail to recognize equal rights of others: Report", *Republica*, २२ अगस्ट २०१२; "Elites find it difficult to let go uni-culturalism: Report", *Republica*,२१ अगस्ट २०१२; "Pressure from 'hill elites' halts DfID exclusion report", *Republica*, २० अगस्ट २०१२। क्राइसिस ग्रुपसँग व्यक्तिगत तवरमा कुरा गर्दै दातृ संस्थाहरूका कर्मचारीहरूले डीएफआईडीले जातीय संवेदनामा आगो झोस्न नचाहेको बताए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, मे र जून २०१२।

[१४५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, शिवसेना नेपाल नेता, काठमाडौं, नोभेम्बर २०११ तथा छेत्री कार्यकर्ता, झापा, जून, २०१२।

[१४६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, जनजाति कार्यकर्ता, काठमाडौं, जून, २०१२। थप जानकारीका लागि हेर्नुहोस् प्रशान्त झा, "The battle ahead", *The Kathmandu Post*, १३ जून २०१२।

[१४७] राष्ट्रिय योजना आयोगको औपचारिक प्रमुख प्रधानमन्त्री रहने गर्छन्। राष्ट्रसङ्घको योजना दस्तावेज सम्बन्धमा आयोगका क्रियाकलापबारेमा प्रधानमन्त्री भट्टराई अनभिज्ञ रहे जस्तो देखिन्छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, अगस्ट २०१२।

[१४८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, अगस्ट २०१२। प्रशान्त झा, "Walk the talk", *The Kathmandu Post*, २२ अगस्ट, २०१२। "NPC undermines minorities' plight", *The Himalayan Times*, १५ अगस्ट, २०१२।

[१४९] क्राइसिस ग्रुपसँग इमेल अन्तर्वार्ता, काठमाडौं, अगस्ट २०१२।

[१५०] उदाहरणका लागि, हेर्नुहोस् "Unequal Citizens: Gender, Caste and Ethnic Exclusion in Nepal – Summary", DFID/World Bank, 2006.

विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानमा जुन राजनीतिक समाधान प्रस्ताव गरिएको छ त्यसले पहिचानमा आधारित भेदभाव मुलुकमा ठूलो चुनौतीका रूपमा रहेको स्वीकार गरेको छ। संरचनागत विभेद छैन भनेर तर्क गर्नु भनेको शान्ति प्रक्रियाको एउटा मुख्य प्रतिबद्धतालाई बिर्सनु हो।

केही दाताहरूले संविधान लेखन प्रक्रियालाई पनि सघाएका छन्। त्यस्ता केही आयोजना सार्वजनिक जानकारीमा रहेका छन् जस्तै संयुक्त राष्ट्रले सहयोग गरेको "सहभागितामूलक संविधान निर्माण" र इन्टरन्यासनल आईडीईएले जनजाति ककसलाई गरेको सहयोग।[१५१] अरू पहलअन्तर्गत संविधान र अन्य विषयमा मध्यम तहका नेताहरूलाई अनौपचारिक सम्झौतावार्ता गराउने कार्यलाई सहयोग पुऱ्याएका थिए।[१५२] यी सबै आयोजनाहरूले तटस्थता निर्वाह नगरेका वा नेपालको अहित हुने एजेन्डालाई प्रोत्साहित गरेका भनी तिनीहरूको आलोचना भएको छ। जनजाति राजनीतिलाई विदेशी आविष्कार भनिएझैं यी लान्छनाहरू विवादास्पद छन् र सङ्घीयताको विवादमा कुन पक्षबाट उठाइएको हो त्यसमा पनि भर पर्छ।

यति हुँदाहुँदै पनि संविधान लेखनमा अन्तर्राष्ट्रिय खेलाडीहरूको संलग्नतालाई आलोचना गर्न सकिन्छ। दुई खालका गतिविधिहरूलाई यहाँ नियाल्नु आवश्यक छ। पहिलो हो दाताहरूले संविधानसभाका केही सदस्यहरूलाई छानेर संसारका विभिन्न भागमा घुमाउन लैजाने काम। "अध्ययन भ्रमण" भनेर उनीहरूलाई अन्य मुलुकमा सङ्घीयताको कस्तो अभ्यास भइरहेको छ त्यसलाई देखाउन लगिन्थ्यो। यसो गर्नु कतिपय मानिसको दृष्टिमा सभासदहरूको ध्यान उनीहरूका गहन जिम्मेवारीबाट अन्यत्र मोड्ने काम थियो।

अर्कोचाहिँ संविधानसभाभन्दा पर्तिर गएर गरिने समझौतावार्ताका लागि दाताहरूले उपलब्ध गराएको सहयोग। यस्ता केही पहललाई सहयोग पुऱ्याउने दाताहरू छलफलका लागि आफूहरूले तटस्थ र गोप्य स्थान उपलब्ध गराएको बताउँछन्। दुनियाँका आँखाबाट टाढा यस्ता ठाउँमा नेताहरूका विश्वासिला वार्ताकारहरू एकअर्कासित मन खोलेर कुरा गर्न सक्थे र आवश्यक परेका बेला विशेषज्ञको राय पनि लिन सक्थे। यसो गर्नाले पार्टीहरूबीच संवादका ढोकाहरू खुला राख्न सघाउ पुग्थ्यो।[१५३] यस तर्कमा केही दम नभएको होइन, तर यस्ता खाले सम्झौतावार्ताहरूबाट पहिलेदेखि नै संवैधानिक मुद्दाहरूमा लेनदेन गर्ने अपारदर्शी प्रक्रियामा गोपनीयताको झनै अर्को एउटा पत्र थप्ने काम भयो र छलफललाई संविधानसभाबाट अझै टाढा लैजाने काम भयो। शान्ति प्रक्रियाको त्यस चरणमा दाताहरूको पैसामा गोप्य वार्ता गरिरहनु आवश्यक पनि थिएन। नेता र सबै तहका वार्ताकारहरू एकअर्कासित कुरा गर्नका लागि सरकारी वा अर्धसरकारी स्थानहरू यथेष्ठ छन्। अनि नेपालका राजनीतिक पार्टीहरू कति अलोकतान्त्रिक छन् त्यसलाई विचार्दा अन्तिम निर्णयको समयमा यस्ता छलफलहरूले पार्न सक्ने प्रभाव विवादको विषय हो। अर्थोक केही गर्न नसके पनि यस्ता प्रयासहरूको प्रभाव कस्तो रह्यो भनी हेर्न स्वतन्त्र मूल्याङ्कन गराउन सकिन्छ।

पुनःस्थापित होस् या नयाँ संविधानसभामा होस् संवैधानिक मुद्दाहरूमा हुने वादविवाद र सम्झौतावार्ता निकै दुःसाध्य हुनेछ। वार्ताको टेबुलमा ठाउँ पाउन झनै बढी पात्रहरूले प्रतिस्पर्धा गर्नेछन् र उनीहरूले अपनाउने जुक्ति पनि संदिग्ध हुनेछन्। बन्द कोठाभित्र गरिने र माथिबाट गरिने निर्णय पर्खने धैर्य हराउँदै गएको छ। दाताहरूले आफ्ना कार्यलाई निरन्तरता दिँदा सुरक्षा चिन्तालाई पनि ध्यान दिनैपर्ने हुन्छ। तर उनीहरूले आलोचनालाई बेवास्ता नगरी अझ बढी संवेदनशीलता देखाउनुपर्छ। उनीहरूले संविधान लेखन वा संविधानबारेको सम्झौतावार्तालाई आइन्दा सहयोग गर्दा पारदर्शी र जनताले देख्न-बुझ्न पाउने गरी गर्नुपर्छ।

शान्ति प्रक्रियाको प्रारम्भदेखि नै दाताहरूले सधैंझैं सामान्य ढङ्गबाट काम गरे र विस्तृत शान्ति सम्झौतालाई यसरी हेरे मानौं त्यो गैरराजनीतिक इच्छापत्र थियो। सारा घटनाक्रम वास्तवमा राजनीतिक थियो भन्ने कुरा नेपालका दाताहरू, अन्तर्राष्ट्रिय समुदाय र मुलुकको आफ्नै कर्मचारीतन्त्रलाई स्मरण गराउन आवश्यक भए त्यो सम्झौटो अहिले उनीहरूले पाएका छन्।

---

[१५१] इन्टरन्यासनल आईडीईएले संविधानसभाका जनजाति समूह (ककस) लगायत विभिन्न समूहहरूलाई सहयोग गरेको छ, तर यो कम विवादास्पद रहेको छ।

[१५२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, पूर्वमाओवादी तथा काङ्ग्रेस सभासदहरू, त्यस किसिमका वार्ताको एक शृङ्खलाका दुई जना सहभागीहरू, काठमाडौं, मे-जुलाई, २०१२।

[१५३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, NTTP वार्ताका तीन जना सहभागीहरू, काठमाडौं, जनवरी, मार्च, जून २०१२।

## ५. निष्कर्ष

सन् २००८ मा सम्पन्न संविधानसभाको निर्वाचनमा भएको माओवादी विजय र मधेसी शक्ति प्रदर्शन नेपालको सङ्क्रमणकालका लागि एउटा अति महत्त्वपूर्ण क्षण थियो। अर्को महत्त्वपूर्ण क्षण थियो मे २०१२। पहिलेको संविधानसभा पुनःस्थापित भए पनि वा मुलुकले नयाँ संविधानसभाको चुनाव गरे पनि शान्ति प्रक्रियाको सन्दर्भ भने मूलभूत रूपमा बदलिसकेको छ। नेपालमा राजनीति गर्ने धेरै बाटामध्ये पहिचान एउटा हुनेछ। संविधान बनाउने काम थालिने सुरसार छ र नयाँ संविधान नआएसम्म यो सबभन्दा महत्त्वपूर्ण मुद्दा हुनेछ। पार्टीहरूले बडो नाजुक सन्तुलन कायम गर्नुपर्नेछ। ऐतिहासिक रूपमा पाखा पारिएका समूहहरूका चिन्ता-चासोलाई बेवास्ता गर्नाले विवादलाई झनै चर्काउँछ र ध्रुवीकरणलाई बढाउँछ। उनीहरूका सरोकारलाई सम्बोधन गर्दाखेरि परम्परागत उच्च वर्गले तत्कालका लागि केही नोक्सानी बेहोर्नुपर्ने हुन्छ। त्यसैले उनीहरूको डर जायज छ र त्यसलाई घटाउनुपर्छ। दीर्घकालीन रूपमा पहिचानवादी समूहहरूले बलियो राजनीतिक संस्था र सञ्जालहरूको निर्माण गर्न खोज्ने हो भने उनीहरूले पनि आफ्ना राजनीतिक सामञ्जस्यलाई फराकिलो पार्दै लानुपर्छ र आफ्नै सङ्गठनभित्र विविधतालाई ठाउँ दिनुपर्छ। यसबाट उत्पन्न हुन सक्ने खतराहरू स्पष्ट छन्।

समावेशीकरण तथा सङ्घीयताउपरका छलफलले धेरै समूहहरूबीचको विभाजनलाई तिखारेको छ। तर पनि यसबाट आएका सबै परिणामहरू नकारात्मक छैनन्। अहिले नेपालमा सामाजिक-राजनीतिक मुद्दाहरूबारे अभूतपूर्व सार्वजनिक छलफल भइरहेका छन्। डर बढेको छ, तर साथै ज्ञान पनि बढेको छ। नेपाली जनता राजनीतिज्ञहरूलाई अनेक सवाल गर्ने भएका छन् र सार्वजनिक छलफललाई जानकारीमूलक तथा रचनात्मक बनाउन सकिने ठाउँ छ। संविधानसभाका धेरै जना सदस्यहरूले अनेक संवैधानिक विषयहरूमा निकै धेरै मिहिनेत गरेका थिए र जटिल कुराहरूमा पार्टी लाइन छाडेर पनि काम गरेका थिए। यस्ता अनुभव र ज्ञानलाई जनसमक्ष ल्याइनुपर्छ र फेरि संविधान लेखन प्रक्रिया थालिँदा यिनबाट फाइदा हुन्छ।

धेरै हातहरू ढोकामा पुगिरहेका छन् र सुनाउनलाई धेरै आवाज उठिरहेका छन्। नेताहरू र पार्टीहरूबाट निस्स्वार्थ त्यागको अपेक्षा गर्नु बढ्तै हुन सक्ला। तर आफ्नै अस्तित्व रक्षाका लागि पनि उनीहरूले नयाँ खेलाडीहरूसँग बसेर कुरा गर्नुपर्छ। पार्टीहरूले जुन लोकतान्त्रिक मूल्यहरू बोकेको दाबी गर्छन् तीप्रति असली र व्यावहारिक प्रतिबद्धता देखाउन सक्नु पर्‍यो। केही राजनीतिक पात्रहरूले पछिको फाइदाका लागि हाललाई नोक्सानी खप्न तयार हुनुपर्छ। उनीहरू यसो गर्न तयार नभए किनारका उग्रवादी, नयाँ र पुराना सबै खाले खेलाडीहरू उनीहरूका ठाउँ लिन भनेर तम्तयार बसेका छन्। नेपाल लोकतान्त्रिक सङ्क्रान्तिकालबाट गुज्रिरहेको छ र नेपालका राजनीतिक पार्टीहरूले यस अवसरलाई हरेक तहमा सहभागितामूलक लोकतन्त्रलाई सुदृढ गर्न उपयोग गर्नुपर्छ। संविधान यस प्रक्रियाको हृदयस्थलमा छ। यो कार्य दुष्कर छ, तर यसबाट विमुख हुन मिल्दैन।

**काठमाडौं/ब्रसेल्स, २७ अगस्ट २०१२**

# अनुसूची क

# नेपालको नक्सा




Map No. 4304 UNITED NATIONS
January 2007 (Colour)

Department of Peacekeeping Operations
Cartographic Section

# अनुसूची ख

# इन्टरन्यासनल क्राइसिस ग्रुपको परिचय

इन्टरन्यासनल क्राइसिस ग्रुप (क्राइसिस ग्रुप) स्वतन्त्र, गैरनाफामुखी गैरसरकारी संस्था हो। पाँचओटै महादेशमा यसका झन्डै १३० कर्मचारीहरू कार्यरत छन्। यस संस्थाले स्थलगत अनुसन्धानमा आधारित विश्लेषण तथा उच्चस्तरमा पैरवी गरेर द्वन्द्व रोक्ने र चर्किएको द्वन्द्व समाधान गर्ने प्रयास गर्दछ।

क्राइसिस ग्रुपको काम गर्ने मुख्य आधार स्थलगत अनुसन्धान हो। द्वन्द्व सुरु हुन सक्ने, बढ्न सक्ने र दोहोरिन सक्ने देशहरू अथवा छेउछाउका देशहरूमा क्राइसिस ग्रुपका राजनीतिक विश्लेषकका टोलीहरू काम गर्दछन्। स्थलगत अनुसन्धानबाट प्राप्त सूचना र मूल्याङ्कनका आधारमा क्राइसिस ग्रुपले प्रमुख अन्तर्राष्ट्रिय निर्णयकर्ताहरूसमक्ष पेस गर्न व्यावहारिक सुझाउसहितको विश्लेषणात्मक प्रतिवेदन तयार पार्छ। क्राइसिस ग्रुपले १२ पृष्ठको *क्राइसिस वाच* नामको मासिक बुलेटिन पनि प्रकाशन गर्छ। यस बुलेटिनले संसारभरिका द्वन्द्व चलिरहेका र द्वन्द्व हुन सक्ने ठाउँहरूमा के भइरहेछ त्यसबारे ताजा जानकारी गराउँछ।

क्राइसिस ग्रुपले तयार पारेको प्रतिवेदन र सूचना इमेलमार्फत सम्बन्धित सबैलाई वितरण गरिन्छ र त्यसका साथै क्राइसिस ग्रुपको वेबसाइट www.crisisgroup.org मा पनि उपलब्ध गराइन्छ। त्यसबाहेक क्राइसिस ग्रुपले आफ्ना विश्लेषणहरूतर्फ ध्यान आकर्षण गराउन र आफ्ना सुझाउहरूप्रति समर्थन जुटाउन सरकार र सरकारलाई प्रभाव पार्न सक्ने व्यक्ति, सङ्घसंस्था तथा सञ्चार जगत्सँग मिलेर काम गर्छ।

राजनीतिक, कूटनीतिक र व्यापारिक क्षेत्र तथा सञ्चार जगत्का प्रतिष्ठित व्यक्तिहरू रहेको क्राइसिस ग्रुपको बोर्डले क्राइसिस ग्रुपको सुझाउ र प्रतिवेदनलाई संसारभरिकै उच्च तहका नीति-निर्माताहरूसमक्ष पुऱ्याउन प्रत्यक्ष सहयोग गर्छ। क्राइसिस ग्रुपको अध्यक्षमा अमेरिकी पूर्व उपविदेश मन्त्री र राजदूत टमस पिकरिङ हुनुहुन्छ। सन् २००९ को जुलाईदेखि क्राइसिस ग्रुपको अध्यक्ष तथा कार्यकारी प्रमुखमा लुइस आर्बर रहनुभएको छ। उहाँ राष्ट्रसङ्घीय मानवअधिकारका पूर्व उच्च आयुक्त हुनुहुन्छ र उहाँले पहिलेको युगोस्लोभिया र रुवान्डाका लागि अन्तर्राष्ट्रिय फौजदारी विशेष अदालतको प्रमुख अभियोक्ता भएर काम गरिसक्नुभएको छ।

क्राइसिस ग्रुपको अन्तर्राष्ट्रिय मुख्यालय ब्रसेल्समा छ। यस संस्थाका कार्यालय वा प्रतिनिधि कार्यालयहरू ३४ ओटा स्थानमा रहेका छन्: आबुजा, ब्याङ्कक, बेइजिङ, बेरुत, बिस्केक, बोगोटा, बुजुम्बुरा, काइरो, डाकार, दमास्कस, दुबई, गाजा, ग्वाटेमाला सिटी, इस्लामावाद, स्तानबुल, जकार्ता, जेरुसेलम, जोहानेसबर्ग, काबुल, काठमाडौं, लन्डन, मस्को, नैरोबी, न्युयोर्क, पोर्ट-औ-प्रिन्स, प्रिस्टिना, राबात, साना, साराएभो, सिओल, तिबलिसी, त्रिपोली, ट्युनिस र वासिङ्टन डी.सी.। क्राइसिस ग्रुपले द्वन्द्वका सम्भावना भएका र द्वन्द्वग्रस्त रहेका चारओटा महादेशका ७० भन्दा बढी क्षेत्रहरू उपर ध्यान दिने गरेको छ। यीमध्ये अफ्रिकामा बुर्किना फासो, बुरुन्डी, क्यामरुन, मध्य अफ्रिकी गणतन्त्र, चाद, कोट डे आइभर, प्रजातान्त्रिक गणतन्त्र कंगो, इरिट्रिया, इथियोपिया, गिनी, गिनी-बिसाउ, केन्या, लाइबेरिया, म्याडागास्कर, नाइजेरिया, रुवान्डा, सियरा लिओन, सोमालिया, सुडान, युगान्डा र जिम्बाबे तथा एसियामा अफगानिस्तान, बर्मा/म्यानमार, इन्डोनेसिया, कश्मीर, कजाखस्तान, कीर्गिजिस्थान, मलिसया, नेपाल, उत्तर कोरिया, पाकिस्तान, फिलिपिन्स, श्रीलङ्का, ताइवान, ताजिकिस्तान, थाइल्यान्ड, तिमोर-लेस्ते, तुर्केमेनिस्तान र उज्वेकिस्तान तथा युरोपमा अर्मेनिया, अजरवैजान, बोस्निया-हर्जगोभिना, साइप्रस, जर्जिया, कोसोभो, म्यासोडोनिया, उत्तर ककेसस, सर्विया र टर्की तथा मध्यपूर्व र उत्तर अफ्रिकामा अल्जेरिया, इजिप्ट, बाहरेन, इरान, इराक, इजरायल-प्यालेस्टाइन, जोर्डन, लेबानन, लिबिया, मोरक्को, सिरिया, ट्युनिसिया, पश्चिमी सहारा र यमन तथा ल्याटिन अमेरिका र क्यारेबियनमा कोलम्बिया, ग्वाटेमाला, हाइटी र भेनेजुयला पर्दछन्।

क्राइसिस ग्रुपले सरकार, परोपकारी गुठी र सङ्घसंस्था तथा व्यक्तिगत चन्दादाताहरूबाट आफ्नो कोषमा रकम जुटाउँछ। हालका वर्षहरूमा विभिन्न देशका निम्न सरकारी निकाय एवं संस्थाहरूले रकम उपलब्ध गराएका छन्: अस्ट्रेलियाको अन्तर्राष्ट्रिय विकास एजेन्सी (एएआईडी), अस्ट्रेलियाको परराष्ट्र तथा वाणिज्य मन्त्रालय, अस्ट्रियाको विकास संस्था, बेल्जियमको परराष्ट्र मन्त्रालय, क्यानाडेली वैदेशिक व्यापार तथा विदेश मामिला विभाग, क्यानाडेली अन्तर्राष्ट्रिय विकास एजेन्सी, क्यानाडेली अन्तर्राष्ट्रिय विकास तथा अनुसन्धान केन्द्र, चेक परराष्ट्र मन्त्रालय, हल्यान्डको परराष्ट्र मन्त्रालय, युरोपेली आयोग, फिनल्यान्डको परराष्ट्र मन्त्रालय, जर्मन विदेश विभाग, आयरल्यान्डको आइरिस सहयोग संस्था, लिख्टेन्स्टाइनको परराष्ट्र मन्त्रालय, लक्जेम्बर्गको परराष्ट्र मन्त्रालय, न्युजिल्यान्ड अन्तर्राष्ट्रिय विकास नियोग, नर्वेको परराष्ट्र मन्त्रालय, स्वीडेनको परराष्ट्र मन्त्रालय, स्वीस सङ्घीय परराष्ट्र विभाग, टर्कीको परराष्ट्र मन्त्रालय, संयुक्त अधिराज्य बेलायतको अन्तर्राष्ट्रिय विकास विभाग डीएफआईडी र अमेरिकी अन्तर्राष्ट्रिय विकास संस्था (युएसएड) छन्।

क्राइसिस ग्रुपलाई हालका वर्षहरूमा आर्थिक अनुदान उपलब्ध गराउने संस्था र निजी गुठीहरू निम्न छन्: Adessium Foundation, Carnegie Corporation of New York, The Charitable Foundation, The Elders Foundation, Henry Luce Foundation, William & Flora Hewlett Foundation, Humanity United, Hunt Alternatives Fund, John D. & Catherine T. MacArthur Foundation, Open Society Institute, Ploughshares Fund, Rockefeller Brothers Fund and VIVA Trust.

**अगस्ट २०१२**

# अनुसूची ग

## क्राइसिस ग्रुपले सन् २००९ देखि तयार पारेका एसियासम्बन्धी प्रतिवेदन र जानकारीहरू

### Central Asia

*Tajikistan: On the Road to Failure*, Asia Report N°162, 12 February 2009.

*Women and Radicalisation in Kyrgyzstan*, Asia Report N°176, 3 September 2009.

*Central Asia: Islamists in Prison*, Asia Briefing N°97, 15 December 2009.

*Central Asia: Migrants and the Economic Crisis*, Asia Report N°183, 5 January 2010.

*Kyrgyzstan: A Hollow Regime Collapses*, Asia Briefing N°102, 27 April 2010.

*The Pogroms in Kyrgyzstan*,Asia Report N°193, 23 August 2010.

*Central Asia: Decay and Decline*, Asia Report N°201, 3 February 2011.

*Tajikistan: The Changing Insurgent Threats*, Asia Report N°205, 24 May 2011.

*Kyrgyzstan: Widening Ethnic Divisions in the South,* Asia Report N°222, 29 March 2012.

### North East Asia

*North Korea s Missile Launch: The Risks of Overreaction*, Asia Briefing N°91, 31 March 2009.

*China s Growing Role in UN Peace-keeping*, Asia Report N°166, 17 April 2009 (also available in Chinese).

*North Korea s Chemical and Biological Weapons Programs*, Asia Report N°167, 18 June 2009.

*North Korea s Nuclear and Missile Programs*, Asia Report N°168, 18 June 2009.

*North Korea: Getting Back to Talks*, Asia Report N°169, 18 June 2009.

*China s Myanmar Dilemma*, Asia Report N°177, 14 September 2009 (also available in Chinese).

*Shades of Red: China s Debate over North Korea*, Asia Report N°179, 2 November 2009 (also available in Chinese).

*The Iran Nuclear Issue: The View from Beijing*, Asia Briefing N°100, 17 February 2010 (also available in Chinese).

*North Korea under Tightening Sanctions*, Asia Briefing N°101, 15 March 2010.

*China s Myanmar Strategy: Elections, Ethnic Politics and Economics*, Asia Briefing N°112, 21 September 2010 (also available in Chinese).

*North Korea: The Risks of War in the Yellow Sea*, Asia Report N°198, 23 December 2010.

*China and Inter-Korean Clashes in the Yellow Sea*, Asia Report N°200, 27 January 2011 (also available in Chinese).

*Strangers at Home: North Koreans in the South,* Asia Report N°208, 14July 2011 (also available in Korean).

*South Korea: The Shifting Sands of Security Policy*, Asia Briefing N°130, 1 December 2011.

*Stirring up the South China Sea (I)*, Asia Report N°223, 23 April 2012 (also available in Chinese).

*Stirring up the South China Sea (II): Regional Responses*, Asia Report N°229, 24 July 2012.

*North Korean Succession and the Risks of Instability*, Asia Report N°230, 25 July 2012.

### South Asia

*Nepal s Faltering Peace Process*, Asia Report N°163, 19 February 2009(also available in Nepali).

*Afghanistan: New U.S. Administration, New Directions*, Asia Briefing N°89, 13 March 2009.

*Pakistan: The Militant Jihadi Challenge*, Asia Report N°164, 13 March 2009.

*Development Assistance and Conflict in Sri Lanka: Lessons from the Eastern Province*, Asia Report N°165, 16 April 2009.

*Pakistan s IDP Crisis: Challenges and Opportunities*, Asia Briefing N°93, 3 June 2009.

*Afghanistan s Election Challenges*, Asia Report N°171, 24 June 2009.

*Sri Lanka s Judiciary: Politicised Courts, Compromised Rights*, Asia Report N°172, 30 June 2009.

*Nepal s Future: In Whose Hands?*, Asia Report N°173, 13 August 2009 (also available in Nepali).

*Afghanistan: What Now for Refugees?*, Asia Report N°175, 31 August 2009.

*Pakistan: Countering Militancy in FATA*, Asia Report N°178, 21 October 2009.

*Afghanistan: Elections and the Crisis of Governance*, Asia Briefing N°96, 25 November 2009.

*Bangladesh: Getting Police Reform on Track*, Asia Report N°182, 11 December 2009.

*Sri Lanka: A Bitter Peace*, Asia Briefing N°99, 11 January2010.

*Nepal: Peace and Justice*, Asia Report N°184, 14 January 2010.

*Reforming Pakistan s Civil Service*, Asia Report N°185, 16 February 2010.

*The Sri Lankan Tamil Diaspora after the LTTE*, Asia Report N°186, 23 February 2010.

*The Threat from Jamaat-ulMujahideen Bangladesh*, Asia Report N°187, 1 March 2010.

*A Force in Fragments: Reconstituting the Afghan National Army*, Asia Report N°190, 12 May 2010.

*War Crimes in Sri Lanka*,Asia Report N°191, 17 May 2010.

*Steps Towards Peace: Putting Kashmiris First*, Asia Briefing N°106, 3 June 2010.

*Pakistan: The Worsening IDP Crisis*, Asia Briefing N°111, 16 September 2010.

*Nepal s Political Rites of Passage*, Asia Report N°194, 29 September 2010 (also available in Nepali).

*Reforming Afghanistan s Broken Judiciary*, Asia Report N°195, 17 November 2010.

*Afghanistan: Exit vs Engagement*, Asia Briefing N°115, 28 November 2010.

*Reforming Pakistan s Criminal Justice System*, Asia Report N°196, 6 December 2010.

*Nepal: Identity Politics and Federalism*, Asia Report N°199, 13 January 2011(also available in Nepali).

*Afghanistan s Elections Stalemate*, Asia Briefing N°117, 23 February 2011.

*Reforming Pakistan s Electoral System,* Asia Report N°203, 30 March 2011.

*Nepal s Fitful Peace Process,* Asia Briefing N°120, 7 April 2011 (also available in Nepali).

*India and Sri Lanka after the LTTE,* Asia Report N°206, 23June 2011.

*The Insurgency in Afghanistan s Heartland,* Asia Report N°207, 27June 2011.

*Reconciliation in Sri Lanka: Harder Than Ever,* Asia Report N°209, 18 July 2011.

*Aid and Conflict in Afghanistan,* Asia Report N°210, 4 August 2011.

*Nepal: From Two Armies to One*, Asia Report N°211, 18 August 2011 (also available in Nepali).

*Reforming Pakistan s Prison System,* Asia ReportN°212, 12 October 2011.

*Islamic Parties in Pakistan*, Asia Report N°216, 12 December 2011.

*Nepal s Peace Process: The Endgame Nears*, Asia Briefing N°131, 13 December 2011 (also available in Nepali).

*Sri Lanka: Women s Insecurity in the North and East*, Asia Report N°217, 20 December 2011.

*Sri Lanka s North I: The Denial of Minority Rights*, Asia Report N°219, 16 March 2012.

*Sri Lanka s North II: Rebuilding under the Military*, Asia Report N°220, 16 March 2012.

*Talking About Talks: Toward a Political Settlement in Afghanistan*, Asia Report N°221, 26 March 2012.

*Pakistan s Relations with India: Beyond Kashmir?*, Asia Report N°224, 3 May 2012.

*Bangladesh: Back to the Future*, Asia Report N°226, 13 June 2012.

*Aid and Conflict in Pakistan,* Asia Report N°227, 27 June 2012.

*Election Reform in Pakistan*, Asia Briefing N°137, 16 August 2012.

### *South East Asia*

*Local Election Disputes in Indonesia: The Case of North Maluku*, Asia Briefing N°86, 22 January 2009.

*Timor-Leste: No Time for Complacency*, Asia Briefing N°87, 9 February 2009.

*The Philippines: Running in Place in Mindanao*, Asia Briefing N°88, 16 February 2009.

*Indonesia: Deep Distrust in Aceh as Elections Approach*, Asia Briefing N°90, 23 March 2009.

*Indonesia: Radicalisation of the Palembang Groupf*, Asia Briefing N°92, 20 May 2009.

*Recruiting Militants in Southern Thailand*, Asia Report N°170, 22 June 2009 (also available in Thai).

*Indonesia: The Hotel Bombings*, Asia Briefing N°94, 24 July 2009 (also available in Indonesian).

*Myanmar: Towards the Elections*, Asia Report N°174, 20 August 2009.

*Indonesia: Noordin Top s Support Base*, Asia Briefing N°95, 27 August 2009.

*Handing Back Responsibility to Timor-Leste s Police*, Asia Report N°180, 3 December 2009.

*Southern Thailand: Moving towards Political Solutions?*, Asia Report N°181, 8 December 2009 (also available in Thai).

*The Philippines: After the Maguindanao Massacre*, Asia Briefing N°98, 21 December 2009.

*Radicalisation and Dialogue in Papua*,Asia Report N°188, 11 March 2010 (also available in Indonesian).

*Indonesia: Jihadi Surprise in Aceh*,Asia Report N°189, 20 April 2010.

*Philippines: Pre-election Tensions in Central Mindanao*, Asia Briefing N°103, 4 May 2010.

*Timor-Leste: Oecusse and the Indonesian Border*, Asia Briefing N°104, 20 May 2010.

*The Myanmar Elections*, Asia Briefing N°105, 27 May 2010 (also available in Chinese).

*Bridging Thailand s Deep Divide*, Asia Report N°192, 5 July 2010 (also available in Thai).

*Indonesia: The Dark Side of Jama ahAnsharutTauhid (JAT)*,Asia Briefing N°107, 6 July 2010.

*Indonesia: The Deepening Impasse in Papua*,Asia Briefing N°108, 3 August 2010.

*Illicit Arms in Indonesia*, Asia Briefing N°109, 6 September 2010.

*Managing Land Conflict in Timor-Leste*, Asia Briefing N°110, 9 September 2010.

*Stalemate in Southern Thailand*, Asia Briefing N°113, 3 November 2010 (also available in Thai).

*Indonesia: Christianisationf and Intolerance*, Asia Briefing N°114, 24 November 2010.

*Indonesia: Preventing Violence in Local Elections*, Asia Report N°197, 8 December 2010 (also available in Indonesian).

*Timor-Leste: Time for the UN to Step Back*, Asia Briefing N°116, 15 December 2010.

*The Communist Insurgency in the Philippines: Tactics and Talks*, Asia Report N°202, 14 February 2011.

*Myanmar s Post-Election Landscape*, Asia Briefing N°118, 7 March 2011 (also available in Chinese and Burmese).

*The Philippines: Back to the Table, Warily, in Mindanao*, Asia Briefing N°119, 24 March 2011.

*Thailand: The Calm Before Another Storm?,* Asia Briefing N°121, 11 April 2011 (also available in Chinese and Thai).

*Timor-Leste: Reconciliation andReturn from Indonesia,* Asia Briefing N°122, 18April 2011 (also available in Indonesian).

*Indonesian Jihadism: Small Groups, Big Plans,*Asia Report N°204, 19 April 2011 (also available in Chinese).

*Indonesia: Gam vs Gam in the Aceh Elections,* Asia Briefing N°123, 15 June 2011.

*Indonesia: Debate over a New Intelligence Bill,* Asia Briefing N°124, 12 July 2011.

*The Philippines: A New Strategy for Peace in Mindanao?,* Asia Briefing N°125, 3 August 2011.

*Indonesia: Hope and Hard Reality in Papua,* Asia Briefing N°126, 22 August 2011.

*Myanmar: Major Reform Underway*, Asia Briefing N°127, 22 September 2011 (also available in Burmese and Chinese).

*Indonesia: Trouble Again in Ambon*, Asia Briefing N°128, 4 October 2011.

*Timor-Leste s Veterans: An Unfinished Struggle?*,Asia Briefing N°129, 18 November 2011.

*The Philippines:Indigenous Rights and the MILF Peace Process*, Asia Report N°213, 22 November 2011.

*Myanmar: A New Peace Initiative*, Asia Report N°214, 30 November 2011 (also available in Burmese and Chinese).

*Waging Peace: ASEAN and the Thai-Cambodian Border Conflict*, Asia Report N°215, 6 December 2011 (also available in Chinese).

*Indonesia: From Vigilantism to Terrorism in Cirebon,* Asia Briefing N°132, 26 January 2012.

*Indonesia: Cautious Calm in Ambon*, Asia Briefing N°133, 13 February 2012.

*Indonesia: The Deadly Cost of Poor Policing*, Asia Report N°218, 16 February 2012.

*Timor-Leste s Elections: Leaving Behind a Violent Past?*, Asia Briefing N°134, 21 February 2012.

*Indonesia: Averting Election Violence in Aceh*, Asia Briefing N°135, 29 February 2012.

*Reform in Myanmar: One Year On*, Asia Briefing N°136, 11 April 2012 (also available in Burmese).

*The Philippines: Local Politics in the Sulu Archipelago and the Peace Process,* Asia Report N°225, 15 May 2012.

*How Indonesian Extremists Regroup*, Asia Report N°228, 16 July 2012.

*Myanmar: The Politics of Economic Reform*, Asia Report N°231, 27 July 2012.

*Indonesia: Dynamics of Violence in Papua*, Asia Report N°232, 9 August 2012.

# अनुसूची घ

# इन्टरन्यासनल क्राइसिस ग्रुपका कार्यकारी बोर्डका सदस्यहरू

## CHAIR

**Thomas R Pickering**
Former U.S. Undersecretary of State; Ambassador to the UN, Russia, India, Israel, Jordan, El Salvador and Nigeria

## PRESIDENT & CEO

**Louise Arbour**
Former UN High Commissioner for Human Rights and Chief Prosecutor for the International Criminal Tribunals for the former Yugoslavia and Rwanda

## VICE-CHAIRS

**Ayo Obe**
Legal Practitioner, Lagos, Nigeria

**Ghassan Salamé**
Dean, Paris School of International Affairs, Sciences Po

## EXECUTIVE COMMITTEE

**Morton Abramowitz**
Former U.S. Assistant Secretary of State and Ambassador to Turkey

**Cheryl Carolus**
Former South African High Commissioner to the UK and Secretary General of the ANC

**Maria LivanosCattaui**
Former Secretary-General of the International Chamber of Commerce

**Yoichi Funabashi**
Chairman of the Rebuild Japan Initiative; Former Editor-in-Chief, *The Asahi Shimbun*

**Frank Giustra**
President & CEO, Fiore Financial Corporation

**Lord (Mark) Malloch-Brown**
Former UN Deputy Secretary-General and Administrator of the United Nations Development Programme (UNDP)

**MoisésNaím**
Senior Associate, International Economics Program, Carnegie Endowment for International Peace; Former Editor in Chief, *Foreign Policy*

**George Soros**
Chairman, Open Society Institute

**PärStenbäck**
Former Foreign Minister of Finland

## OTHER BOARD MEMBERS

**Nahum Barnea**
Chief Columnist for *YediothAhronoth*, Israel

**Samuel Berger**
Chair, Albright Stonebridge Group LLC; Former U.S. National Security Adviser

**Emma Bonino**
Vice President of the Italian Senate; Former Minister of International Trade and European Affairs of Italy and European Commissioner for Humanitarian Aid

**MichelineCalmy-Rey**
Former President of the Swiss Confederation and Foreign Affairs Minister

**Wesley Clark**
Former NATO Supreme Allied Commander

**Sheila Coronel**
Toni Stabile Professor of Practice in Investigative Journalism; Director, Toni Stabile Center for Investigative Journalism, Columbia University, U.S.

**Mark Eyskens**
Former Prime Minister of Belgium

**Nabil Fahmy**
Former Ambassador of Egypt to the U.S. and Japan; Founding Dean, School of Public Affairs, American University in Cairo

**Joshua Fink**
CEO & Chief Investment Officer, Enso Capital Management LLC

**Joschka Fischer**
Former Foreign Minister of Germany

**LykkeFriis**
Former Climate & Energy Minister and Minister of Gender Equality of Denmark; Former Prorector at the University of Copenhagen

**Jean-Marie Guéhenno**
Arnold Saltzman Professor of War and Peace Studies, Columbia University; Former UN Under-Secretary-General for Peacekeeping Operations

**Carla Hills**
Former U.S. Secretary of Housing and U.S. Trade Representative

**Lena Hjelm-Wallén**
Former Deputy Prime Minister and Foreign Minister of Sweden

**Mo Ibrahim**
Founder and Chair, Mo Ibrahim Foundation; Founder, Celtel International

**Igor Ivanov**
Former Foreign Minister of the Russian Federation

**Asma Jahangir**
President of the Supreme Court Bar Association of Pakistan, Former UN Special Rapporteur on the Freedom of Religion or Belief

**WadahKhanfar**
Co-Founder, Al Sharq Forum; Former Director General, Al Jazeera Network

**WimKok**
Former Prime Minister of the Netherlands

**Ricardo Lagos**
Former President of Chile

**Joanne Leedom-Ackerman**
Former International Secretary of PEN International; Novelist and journalist, U.S.

**Lalit Mansingh**
Former Foreign Secretary of India, Ambassador to the U.S. and High Commissioner to the UK

**Benjamin Mkapa**
Former President of Tanzania

**Laurence Parisot**
President, French Business Confederation (MEDEF)

**KarimRaslan**
Founder, Managing Director and Chief Executive Officer of KRA Group

**Paul Reynolds**
President & Chief Executive Officer, Canaccord Financial Inc.

**Javier Solana**
Former EU High Representative for the Common Foreign and Security Policy, NATO Secretary-General and Foreign Minister of Spain

**Liv Monica Stubholt**
Senior Vice President for Strategy and Communication, Kvaerner ASA; Former State Secretary for the Norwegian Ministry of Foreign Affairs

**Lawrence Summers**
Former Director of the US National Economic Council and Secretary of the U.S. Treasury; President Emeritus of Harvard University

**Wang Jisi**
Dean, School of International Studies, Peking University; Member, Foreign Policy Advisory Committee of the Chinese Foreign Ministry

**Wu Jianmin**
Executive Vice Chairman, China Institute for Innovation and Development Strategy; Member, Foreign Policy Advisory Committee of the Chinese Foreign Ministry;Former Ambassador of China to the UN (Geneva) and France

**Lionel Zinsou**
CEO, PAI Partners

PRESIDENT'S COUNCIL

A distinguished group of individual and corporate donors providing essential support and expertise to Crisis Group.

**Mala Gaonkar**
**Frank Holmes**
**Steve Killelea**
**George Landegger**
**McKinsey & Company**
**Ford Nicholson & Lisa Wolverton**
**Harry Pokrandt**
**Shearman & Sterling LLP**
**Ian Telfer**
**White & Case LLP**
**Neil Woodyer**

INTERNATIONAL ADVISORY COUNCIL

Individual and corporate supporters who play a key role in Crisis Group's efforts to prevent deadly conflict.

**Anglo American PLC**
**APCO Worldwide Inc.**
**Ryan Beedie**
**Stanley Bergman & Edward Bergman**
**Harry Bookey & Pamela Bass-Bookey**
**BP**
**Chevron**
**Neil & Sandra DeFeo Family Foundation**
**Equinox Partners**
**Fares I. Fares**
**Neemat Frem**
**FTI Consulting**
**Seth & Jane Ginns**
**Alan Griffiths**
**Rita E. Hauser**
**Sir Joseph Hotung**
**Iara Lee & George Gund III Foundation**
**George Kellner**
**Amed Khan**
**Faisel Khan**
**Zelmira Koch Polk**
**Elliott Kulick**
**Liquidnet**
**Jean Manas & Rebecca Haile**
**Harriet Mouchly-Weiss**
**Näringslivets Internationella Råd (NIR) – International Council of Swedish Industry**
**Griff Norquist**
**Ana Luisa Ponti & Geoffrey R. Hoguet**
**Kerry Propper**
**Michael L. Riordan**
**Shell**
**Nina Solarz**
**Statoil**
**Belinda Stronach**
**Talisman Energy**
**Tilleke & Gibbins**
**Kevin Torudag**
**VIVA Trust**
**Yapı Merkezi Construction and Industry Inc.**
**Stelios S. Zavvos**

SENIOR ADVISERS

Former Board Members who maintain an association with Crisis Group, and whose advice and support are called on (to the extent consistent with any other office they may be holding at the time).

**Martti Ahtisaari**
Chairman Emeritus
**George Mitchell**
Chairman Emeritus
**Gareth Evans**
President Emeritus
**Kenneth Adelman**
**Adnan Abu Odeh**
**HRH Prince Turki al-Faisal**
**HushangAnsary**
**Óscar Arias**
**ErsinArıoğlu**
**Richard Armitage**
**Diego Arria**
**ZainabBangura**
**Shlomo Ben-Ami**
**Christoph Bertram**
**Alan Blinken**
**LakhdarBrahimi**
**Zbigniew Brzezinski**
**Kim Campbell**
**Jorge Castañeda**
**NareshChandra**
**Eugene Chien**
**Joaquim Alberto Chissano**
**Victor Chu**
**MongJoon Chung**
**Pat Cox**
**Gianfranco Dell'Alba**
**Jacques Delors**
**Alain Destexhe**
**Mou-Shih Ding**
**Uffe Ellemann-Jensen**
**Gernot Erler**
**Marika Fahlén**
**Stanley Fischer**
**Malcolm Fraser**
**I.K. Gujral**
**Swanee Hunt**
**Max Jakobson**
**James V. Kimsey**
**Aleksander Kwasniewski**
**Todung Mulya Lubis**
**Allan J. MacEachen**
**Graça Machel**
**Jessica T. Mathews**
**NobuoMatsunaga**
**Barbara McDougall**
**MatthewMcHugh**
**MiklósNémeth**
**Christine Ockrent**
**Timothy Ong**
**OlaraOtunnu**
**Lord (Christopher) Patten**
**Shimon Peres**
**Victor Pinchuk**
**SurinPitsuwan**
**Cyril Ramaphosa**
**Fidel V. Ramos**
**George Robertson**
**Michel Rocard**
**Volker Rühe**
**Güler Sabancı**
**Mohamed Sahnoun**
**Salim A. Salim**
**Douglas Schoen**
**Christian Schwarz-Schilling**
**Michael Sohlman**
**Thorvald Stoltenberg**
**Leo Tindemans**
**Ed van Thijn**
**Simone Veil**
**Shirley Williams**
**Grigory Yavlinski**
**Uta Zapf**
**Ernesto Zedillo**